


● वर्ष १३ ● अंक १८ ● काठमाडौं, शुक्रबार, भदौ २८, २०६४ ● SAPTAHIK ● Nepali National Weekly ● Friday, Sep. 14, 2007 ● पृष्ठ २४ ● मूल्य रु. ८/-

# नयाँ मिस टिन छानिइन्






फोटा : महेश प्रधान



कान्तिपुर टेलिभिजनको पर्दामा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको सगरमाथा प्रेक्षालयमा मिस टिन नेपालको प्रतिस्पर्धाका लागि सजाइएको मञ्चमा सांगीतिक समूह सुरसूधा प्रत्यक्ष प्रसारणमार्फत देखियो । त्यसको केही समयलगत्तै २० जना युवती आकर्षक हाउभाउका साथमा मञ्चमा प्रवेश गरे । ए एन्ड ए फेसन बुटिकद्वारा तयार पारिएका कलरफुल, स्लिभलेस, फुललेन्थ वन पिस पहिरनमा सजिएका सुन्दरीहरूको स्वागत नृत्य प्रस्तुतिपछि मञ्चमा देखा परिन्– द पवनकली शोकी पवनकली अर्थात् माम्पी घोष । पवनकलीकै वेशभूषामा सजिएकी माम्पीले पवनकलीकै शैलीमा रमाइलो परामा कार्यक्रमलाई अघि बढाइन् । सहभागी सुन्दरीहरूको परिचयात्मक चरणपछि पालो आयो ट्यालेन्ट राउन्डको । ट्यालेन्ट राउन्डमा मकवाना मिस ट्यालेन्ट उपाधिका लागि मनोनयनमा परेका पाँच जना सुन्दरीले मात्र आ-आफ्नो प्रतिभा प्रस्तुत गरेका थिए ।

टचालेन्ट राउन्डको मुख्य कार्यक्रम अन्तिम प्रतिस्पर्धाको एक दिनअगावै सम्पन्न गरिएको थियो । टचालेन्ट उपाधिका लागि मनोनयनमा परेका सुन्दरीहरूमध्ये अनिता सिलवालले एकल अभिनय प्रस्तुत गरेकी थिइन् भने आज्ञा मैनाली, प्रेक्षा अधिकारी, आयुशा कार्की र अनिशा थापाले नृत्य प्रस्तुत गरे । आयुशाले सकिरा शैलीको नृत्यमा बारुले कम्मर मर्काउँदा दर्शकदीर्घा पनि निकै रमाएको देखिन्थ्यो भने 'चियाबारी' रिमिक्स गीतमा नृत्य गरेकी आज्ञाको प्रस्तुति जमेको थियो, तर बाजी मार्न सफल भयो अनिशाको आकर्षक भोजपुरी नृत्य । जसले दिलायो अनिशा थापालाई मकवाना मिस टचालेन्टको उपाधि ।

सांस्कृतिक सचेतता, व्यक्तित्व विकास, आत्मविश्वास अभिवृद्धि, विभिन्न स्थान र क्षेत्रको जानकारी तथा प्रभा अमात्यको प्रशिक्षणबाट निखारिएका २० जना सुन्दरीले कार्यक्रमको अर्को चरणमा प्रतिस्पर्धा

बाँकी पृष्ठ २४ मा

## आयुषा कार्की मिस टिन नेपाल- २००७

हाल गोल्डेन गेट इन्टरनेसनल कलेजमा ११ कक्षामा अध्ययनरत मैतीदेवीनिवासी १७ वर्षीया आयुशालाई चित्रकला, नृत्य, गायन तथा भ्रमणमा रुचि छ । चञ्चले स्वभावकी आयुषा आफूलाई फेसनेबल एवं महत्वाकांक्षी भन्न रुचाउँछिन् । आज्ञाकारी छोरीका रूपमा अघि बढ्न चाहने आयुशा आफू संलग्न भएको जुनसुकै काममा पनि सफलता हात पार्न जस्तोसुकै बाधा-व्यवधान सामना गर्न पछि नपर्ने बताउँछिन् । ५ फिट ४ इन्च अग्ली तथा गोरो वर्णकी आयुशा स-साना अवसर नै ठूल्ठूला उपलब्धिको परिचायक भएको बताउँछिन् । आफूमा जे-जस्तो खुबी छ त्यसै अनुसार आफूलाई समाजमा चिनाउनुपर्छ भन्ने मान्यता उनको छ ।

कसैले पनि कसैलाई उत्तरका आधारमा सही मूल्यांकन गर्न सक्दैन, तर उसले गरेको प्रश्नका आधारमा भने उसको मूल्यांकन गर्न सकिन्छ । नेपालको विकासका लागि तपाईंको योगदान के हुन सक्छ ? उल्लेखित प्रश्न गत शुक्रबार सम्पन्न क्लिन एन्ड क्लियर मिस टिन नेपाल-२००७ प्रतिस्पर्धाको निर्णायक प्रश्न नभै प्रतियोगितामा १६ नम्बरको ट्याग भिरेकी मैतीदेवीनिवासी १७ वर्षीया आयुशा कार्कीको थियो ।

अन्तिम चरणमा पुगेका आयुशा कार्की, कल्पना श्रेष्ठ, आरती आचार्य, सृष्टि खड्का, अपेक्षा अधिकारी, अनिता सिलवाल र सदिना श्रेष्ठलाई कार्यक्रमका प्रमुख निर्णायक काठमाडौं जेसिसका पूर्वअध्यक्ष प्रदीपमान वैद्यले आफूहरूलाई नै प्रश्न सोध्नुपरे के प्रश्न सोध्नुहुन्छ भन्ने प्रश्न राखेका थिए । सोही अनुसार अन्तिम चररणमा पुगेका सुन्दरीहरूले आ-आफ्नो प्रश्न अघि सारेका थिए । जसअन्तर्गत आयुशाले राखेको प्रश्न नै उत्कृष्ट ठहरियो र सोही प्रश्नले उनलाई दिलायो– 'क्लिन एन्ड क्लियर मिस टिन नेपाल-२००७' को उपाधि ।

गत शुक्रबार साँझ घडीको सुईले ४:३० बजेको संकेत गरेलगत्तै

## श्रीती अनिलकी श्रीमती



पप गायक अनिल सिंहको प्रेमको गत शुक्रबार 'ह्याप्पी इन्डिङ' भयो । अनिलले पाँच वर्षदेखिकी आफ्नी प्रेमिका श्रीतीलाई जन्ती र बाजागाजाका साथ डिल्लीबजारस्थित आफ्नो घरमा भित्र्याए । भदौ महिनामा विवाहको साइत नहुने भए पनि उनी श्रीतीलाई लिन एकादशीको तिथि पारेर जन्ती अनि बाजागाजाका साथ भद्रकाली मन्दिर पुगेका थिए । हजुरबुबाको निधनका कारण श्रीतीको घरमा जुठो परेकाले अनिल उनलाई लिन स्वयम्भूस्थित ससुराली नगै भद्रकाली मन्दिर गएका थिए ।

ढाकाको लबेदा-सुरुवालमा पटुका कसी खुकुरी भिरेका, पाल्पाली ढाका टोपीमा ठाँटिएका, लामो कपाल छ ठाउँमा बाटेका अनील आँखामा लगाइएको गाजलका कारण लाजले रुमालले मुख छोप्दै थिए । भद्रकाली परिसरमा पारिवारिक सदस्यहरूका साथ दुलहीको पहिरनमा सिंगारिएर बसेकी श्रीती कंसाकारलाई लिन उनी त्यहाँ १ बजे पुगे । ब्यान्डटोलीले भद्रकाली मन्दिर पुग्नेबित्तिकै राम थापाको लोकगीत बजायो- 'तिम्रो झिल्के ज्वाइँ आयो मोटरमा' । अनिलका आफन्त तथा दिदीबहिनीहरू गीतको तालमा नाच्न थाले ।

फूलैफूलले सजाइएको सेतो बेन्च कारबाट झर्दा अनिल साँच्चै झिल्के देखिएका थिए । हिन्दू संस्कारबमोजिम अनिल र श्रीतीले औंठी र माला साटासाट गरे । अनिलले श्रीतीको सिउँदो सिंदूरले भरिदिए । लगनको पोते लगाइदिएपछि जग्गेको साटो उनीहरूले एक-अर्काको हात समातेर भद्रकाली भवानीको मन्दिर परिक्रमा गरे ।

पुरोहितको निर्देशनबमोजिम त्यसपछि अनिलले श्रीतीलाई अँगालो मारेर भने- 'म कहिल्यै तिम्रो साथ नछोड्ने वाचा गर्छु ।' श्रीतीले पनि साथ नछोड्ने वाचा गरिन् । उपस्थित नातेदार तथा नजिकका साथीभाइहरू ताली पिट्न व्यस्त भए ।

शुक्रबार श्रीतीलाई घरमा भित्र्याएपछि आइतबार अनिलको परिवारले डिल्लीबजारस्थित देवकोटा सदनमा एक भोजको आयोजना गऱ्यो । गायकको विवाह भोज भएकाले होला, त्यहाँको वातावरण पनि कुनै कन्सर्टजस्तै थियो । स्टेजमा लाइभ ब्यान्डसहित दुलाहा अनिललगायत उनका नजिकका गायक साथीभाइहरू खाँदै-पिउँदै गीत प्रस्तुत गरिरहेका थिए ।

बाँकी पृष्ठ १५ मा



साइबर गर्ल
माया



मध्यपृष्ठमा
दिपिका

## क्यासेट

### फार अवे




गायक सुमन श्रेष्ठको पहिलो एकल गीतिसंग्रह 'फार अवे' श्रोतामाझ आएको छ। रियाज म्युजिकले बजारमा ल्याएको यो संग्रहमा ८ वटा गीत समावेश छन्। संग्रहको एउटा गीतमा ओम एच थापाको पनि स्वर सुन्न सकिन्छ। संग्रहमा रहेका गीतको शब्द पुष्पा लिम्बू, सुमन श्रेष्ठ, सुरेशकुमार कार्की, प्रशान्त श्रेष्ठ तथा ओम एच थापाले लेखेका हुन्।

### जुनेली




गायक किशान गुरुङको पहिलो एकल गीतिसंग्रह 'जुनेली' श्रोतामाझ आएको छ। टाइम्स म्युजिकले बजारमा ल्याएको यो गीतिसंग्रहमा आठवटा गीत समावेश छन्, जसमध्ये शीर्ष गीत जुनेलीको म्युजिक भिडियोसमेत बजारमा आइसकेको छ। उक्त संग्रहमा शब्द किसान, जनार्दन लम्साल तथा इन्द्र राईको छ भने संगीत किशान, जाम्बेरी, हमिद एन्ड किसानको छ।

### मनको ढोका




पेसाले वैज्ञानिक डा. इशान गौतमले लोक आधुनिक गीतिसंग्रह 'मनको ढोका' मार्फत आफ्नो प्रतिभा प्रस्तुत गरेका छन्। यो संग्रहमा गौतमले १० वटा गीतमा स्वर प्रदान गरेका छन्। द बेस्ट टोन म्युजिक प्रा.लि.ले बजारमा ल्याएको यो संग्रहमा समावेश गीतको शब्द कल्पना अधिकारी, डा. ध्रुवचन्द्र गौतम तथा एस्पी कोइरालाले लेखेका छन् भने संगीत बुलु मुकारुङ, झुलेन्द्रबहादुर श्रेष्ठ एवं डा. ध्रुवचन्द्र गौतमले भरेका छन्।

## रंगमञ्च

**सोमबार** इलाका बालविकास केन्द्र मुर्कुचीले गाईघाटको ट्राफिक चोकमा एच.आई.भी. तथा बालविकासको विषयमा सडक नाटक प्रदर्शन गर्‍यो। एच.आई.भी. एड्सबाट कसरी बच्ने, एड्स रोगका लक्षणहरू के-के हुन्, एड्स रोग लागेकाहरूलाई कस्तो व्यवहार गर्नुपर्छ तथा बालबालिकाहरूलाई आइपर्ने जोखिमबाट कसरी बचाउने जस्ता विषयलाई नाटकमा समावेश गरिएको थियो। यो चेतनामूलक नाटक उदयपुरका प्रत्येक गाविसका कुना काप्चासम्म पुर्‍याइने इलाका बालविकासका प्रतिनिधि तीला खड्काले बताए।

**–विमल खतिवडा**

## ग्यालरी

**कलाकार** सविन प्रकाश सैंजूको एकल चित्रकला प्रदर्शनी नेपाल आर्ट काउन्सिलमा मंगलबार सम्पन्न भएको छ। विद्यार्थी नेता गगन थापाले उद्घाटन गरेको उक्त प्रदर्शनीको शीर्षक 'नयाँ नेपाल' थियो। मुलुक नयाँ बाटोतर्फ अग्रसर भैरहेको वर्तमान परिप्रेक्ष्यमा कलाकार सैंजूले त्यसलाई प्रतिविम्बित गर्ने खालका विम्ब प्रयोग गरेका छन्। बालुवा, कंक्रिट, कपडा, धागो, टायर, ढुंगा आदि आन्दोलनमा प्रयोग हुने बस्तुहरूको प्रयोग गरेका सैंजुका चित्रहरूमा रंगको प्रस्तुति पनि आकर्षक थियो। प्रदर्शनीमा २४ थान चित्र राखिएका थिए।

**अमेरिकन** आर्किटेक्ट जोन मार्गोलिजले खिचेका अमेरिकी पुरातात्त्विक महत्त्वका स्थलको तस्बिर प्रदर्शनी सम्पन्न भएको छ। सन् ५० देखि ७० को दशकभित्र खिचिएका अमेरिकाका मूल सडक किनारमा रहेका ऐतिहासिक महत्त्वका ग्याँस स्टेसन, होटल तथा रेस्टुरेन्ट, वनस्पती एवं जनावरहरूको चित्रको प्रदर्शनी नेपालस्थित अमेरिकी दूतावासमा प्रदर्शन गरिएका थिए। २५ वर्षयताको दैनिक जीवनयापनका क्रममा जोनले खिचेका ती तस्बिरले पुरानो अमेरिका र अहिलेको अमेरिकाको भिन्नता प्रस्ट्याएका थिए।

**कलाकार** जगदीश शर्माको एकल चित्रकला प्रदर्शनी गत साता अमेरिकास्थित म्यासाचुएट्स राज्यको मेडफोर्डमा सम्पन्न भयो। 'रक्ताम्य नेपालको पीडा' शीर्षकको उक्त प्रदर्शनीमा नेपालमा एक दशकभन्दा बढी समय चलेको जनयुद्धमा आधारित तैलचित्रहरू प्रदर्शन गरिएका थिए।

**नयाँ** समाज रिलेक कोटेश्वरको आयोजनामा गत शनिबार विद्यालय स्तरीय खुला चित्रकला प्रदर्शनी सम्पन्न भएको छ। १३ विद्यालयका २३ जना विद्यार्थीले सहभागिता जनाएको उक्त प्रतियोगितामा विद्यार्थीले वर्तमान अवस्थालाई प्रतिविम्बित गर्ने चित्रहरू कोरेका थिए। प्रतियोगितामा हेब्रोन पब्लिक स्कुलका सामुएल बीके प्रथम, हेब्रोनकै यमकुमारी सुनुवार दोस्रो तथा माउन्ट सेभ स्कुलकी एन्जिला श्रेष्ठ तृतीय भएका थिए।

**सेभ** दि चिल्ड्रेन, नर्वेको सहयोगमा अपाङ्ग बालबालिकाहरूको चित्रकला कार्यशाला गत शुक्रबारदेखि प्रारम्भ भएको छ। सिंह आर्ट ग्यालरी पाटन औद्योगिक क्षेत्रमा सञ्चालन भैरहेको उक्त कार्यशालामा शिक्षासम्बन्धी विषयवस्तुमा अपाङ्ग बालबालिकाले चित्र कोर्नेछन्। शिक्षामा अपाङ्गहरूले पनि समान अवसर पाउनुपर्छ भन्ने अभिप्रायमा उनीहरूले चित्र तयार पार्ने कलाकार पृथ्वी श्रेष्ठले बताए। बालबालिकाहरूले तयार पारेका चित्र मुलुकका प्रबुद्ध व्यक्ति तथा योजनाकारहरूको कार्यकक्षमा राखिनेछ, जसले गर्दा योजनाकारहरूलाई अपाङ्गहरूको हितमा काम गर्न प्रेरणा मिल्ने विश्वास लिइएको छ। गत शुक्रबार प्रारम्भ भएको उक्त कार्यशाला भोलि शनिबारसम्म चल्नेछ।

**ललितकला** इन्स्टिच्युट रेनेसामा अध्ययनरत विद्यार्थीहरूको सातौं श्रृङ्खलाको चित्रकला प्रदर्शनी नेपाल आर्ट काउन्सिल बबरमहलमा प्रारम्भ भएको छ। 'रंगको सौन्दर्य मनको सौन्दर्य' शीर्षकको उक्त प्रदर्शनीमा २० कलाकारका १ सय ३० वटा चित्र राखिएका छन्। प्रदर्शनीमा जोन महर्जनको गोल्डेन टेम्पल शीर्षकको चित्रको मूल्य १ लाख २५ हजार छ।

**अमेरिकी** दूतावासको सहयोग तथा राष्ट्रिय फोटो पत्रकार समूहको आयोजनामा विरगन्जमा तेस्रो राष्ट्रिय प्रेस फोटो प्रदर्शनी सम्पन्न भएको छ। गत आइतबार र सोमबार आयोजित उक्त प्रदर्शनीमा ६० फोटोपत्रकारका ८० तस्बिर समावेश थिए। करिब ५ हजार दर्शकले अवलोकन गरेको उक्त प्रदर्शनी आदर्शनगरस्थित रानीसती धर्मशालामा आयोजित गरिएको थियो।

**कलाकार** प्रदीप बज्राचार्यको एकल चित्रकला प्रदर्शनी गत बुधबार सम्पन्न भएको छ। 'हेरिटेज पनोरोमा' शीर्षकको उक्त प्रदर्शनीमा कलाकार बज्राचार्यद्वारा सृजना गरिएका एक्रेलिक पेन्टिङ राखिएका थिए।



## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

साताको पूर्वार्द्ध अनुकूल रहनेछ। परिश्रम गर्नुपरे पनि धन आर्जन गर्ने अवसर जुट्नेछ। व्यवसाय एवं सोच्ने शक्ति बढ्नुका साथै यात्रा पनि हुनसक्छ। धार्मिक कार्यमा मन जानेछ। सोमबार तथा मंगलबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने एवं चिन्ताले सताउने योग छ। शत्रुले खेदो खन्नेछन्। बोल्दा विचार पुर्‍याउनुहोला।

### वृष

साता मध्यम रहनेछ। सुरुमा चिन्ता बढ्न सक्छ। सफलता पाउन धैर्य गर्नुपर्ला। शनिबारदेखि परिश्रम गर्दा धन आर्जन गर्न सकिनेछ। काममा सफलता मिल्नेछ। सोच्ने शक्ति एवं व्यवसाय बढ्नुका साथै यात्रा गर्ने अवसर जुट्नेछ। बिहीबार स्वास्थ्य गडबड रहने एवं घरेलु समस्या तथा चिन्ताले सताउने योग छ।

### मिथुन

साताको पूर्वार्द्ध प्रतिकूल भए पनि उत्तरार्द्धमा सुधार आउनेछ। सुरुमा घरेलु समस्याले सताउनेछ। गलत विचार बढ्नसक्छ। समयमा निर्णय गर्न नसक्दा हात परेको काम फुत्कन सक्छ। खर्च एवं विवादका साथै चिन्ता बढ्नेछ। विश्वास गरेकाहरूले धोका दिनेछन्। सोमबार, मंगलबार, बुधबार तथा बिहीबार काममा सफलता मिल्ने एवं धन आर्जन हुने अवसर जुट्नेछ। यात्रा हुनसक्छ।

### कर्कट

साता त्यति राम्रो छैन। सुरुमा पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग भए पनि शनिबारदेखि घरेलु समस्याले सताउने, काममा अवरोध आउने एवं चिन्ता बढ्ने देखिन्छ। गलत विचारले सताउनुका साथै अरूबाट आलोचना पनि हुनसक्छ। स्वास्थ्य गडबड रहनेछ। शत्रुले दुःख दिनेछन्।

### सिंह

विवाद एवं शरीरमा आलस्यता बढ्नेछ। घरेलु समस्याले सताउन सक्छ। खर्च एवं विवाद बढ्ने हुँदा चिन्तित हुनुपर्नेछ। पतिपत्नीबीच मतभेद देखा पर्नसक्छ। विश्वास गरेकाहरूले धोका दिनेछन्। शनिबार, आइतबार तथा बिहीबार पराक्रम बढ्ने, काममा सफलता मिल्ने एवं मन प्रसन्न रहने योग छ। अध्ययनमा सुधार आउनेछ।

### कन्या

समष्टिमा साता राम्रो छ। सुरुमा मानसम्मान बढ्नुका साथै भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धन आर्जन हुनसक्छ। व्यवसायमा राम्रो लाभ मिल्नेछ। अध्ययनमा खासै सफलता मिल्ने देखिँदैन। बोल्दा विचार पुर्‍याउनुहोला। झूटा आरोप लगाउने प्रयास हुनसक्छ।

### तुला

खर्चका साथै बिनाकारण बढ्ने विवादले चिन्ता बढाउन सक्छ। स्वास्थ्य गडबड रहनाले मन खिन्न होला। कुरा काट्नेहरू सक्रिय रहनेछन्। झूटा आरोप लगाउने प्रयास हुनसक्छ। बिहीबार पराक्रम बढ्ने एवं काममा सफलता मिल्ने योग छ। धन आर्जन गर्ने अवसर जुट्नेछ। बोलीको प्रभाव बढ्नेछ भने अरूको विश्वास सजिलै जित्न सकिनेछ।

### वृश्चिक

सोच्ने शक्ति बढ्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। भोजभतेरमा सामेल हुने अवसर मिल्नेछ। यात्रा हुनसक्छ। शनिबार र आइतबार खर्च, विवाद एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने देखिन्छ।

### धनु

सुरुमा मानसम्मान मिल्नेछ। अरूको विश्वास जित्न सकिनेछ। धन आर्जन गर्ने अवसर प्राप्त हुनेछ। व्यवसाय एवं सोच्ने शक्ति बढ्नुका साथै यात्रा गर्ने अवसर जुट्नेछ। खर्च एवं विवादले सताउने तथा काममा अवरोध आउने योग छ। स्वास्थ्य गडबड रहनेछ। घरेलु समस्याले सताउन सक्छ। विवादमा अघि नबढ्नु नै उचित हुन्छ।

### मकर

भाग्यले साथ दिने देखिँदैन। काममा अवरोध आउनाले मनोबल घट्न सक्छ। स्वास्थ्य गडबड रहनेछ। समयमा निर्णय नहुँदा हात परेको काम फुत्कन सक्छ। शनिबारदेखि बुधबारसम्म मानसम्मान मिल्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। व्यवसायका साथै यात्रा गर्ने अवसर प्राप्त हुनेछ। भेटघाटले मन प्रसन्न गराउला।

### कुम्भ

गर्न लागेको काम बिग्रन सक्छ। मनमा उदासीनता एवं शरीरमा आलस्यता बढ्नेछ। घरेलु समस्याले सताउनेछ। गलत विचार एवं शत्रुले दुःख दिन सक्छन्। शरीरमा चोटपटक लाग्न सक्छ। सोमबारदेखि मानसम्मान एवं काममा सफलता मिल्ने तथा धन आर्जन हुने देखिन्छ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ।

### मीन

सुरुमा प्रसन्नता बढ्नेछ भने यात्रा पनि हुन सक्छ। शनिबार र आइतबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता एवं खर्च बढ्ने योग छ। भाग्यले सहयोग गर्नेछ भने मानसम्मान पनि पाउनुहोला। अध्ययनमा सुधार आउनुका साथै व्यवसायमा लाभ हुने देखिन्छ।

## यो साताको पञ्चाङ्ग

भदौ २८ गते : हरितालिका (तीज), २९ गते : राष्ट्रिय बाल दिवस, अन्तर्राष्ट्रिय सफ्टवेयर स्वतन्त्रता दिवस, गणेश चतुर्थी, ३१ गते : ऋषिपञ्चमी।

## माओवादीको नयाँ अडान सार्वजनिक

# निर्वाचन नसारे सरकारबाट हट्ने चेतावनी

**साप्ताहिक समाचार**

काठमाडौं- सात राजनैतिक दल संविधानसभाको निर्वाचनमा जोडतोडका साथ लागिरहेका बेला नेकपा (माओवादी) ले सरकारबाट बाहिरिएर संघर्ष गर्ने कार्यक्रम सार्वजनिक गरेको छ। आफूले प्रस्तुत गरेका २२ बुँदे मागलाई प्रमुख दलले वास्ता नगरेको भन्दै माओवादीले सककारबाट हट्ने चेतावनी दिएको हो। यसका लागि माओवादीले उपत्यकाभित्रै डाँछीमा करिब १ हजार २ सय कार्यकर्ता भेला गरेर असोज एक गतेदेखि आन्दोलन गर्ने रणनीति सार्वजनिक गरेको छ। सार्वजनिक गरिएको आन्दोलनको कार्यक्रममा उपत्यका बन्द, नेपाल बन्द, यातायात बन्द, सार्वजनिक सम्पत्ति जफत, सरकारबाट बाहिरिने तथा तत्कालीन शाही सरकारलाई सहयोग गर्नेहरूमाथि भौतिक कारबाही गर्ने नीति अघि सारिएको छ।

संविधानसभा निर्वाचनपछि पनि पहिलेकै अवस्था रहने हो भने हामीले संविधानसभामा भाग लिनुको कुनै औचित्य छैन भन्दै कडा सुरक्षाबीच भएको कार्यकर्ता भेलामा प्रचण्डको भाषण उद्धृत गर्दै स्रोतले भन्यो, 'त्यसैले हामी यो संविधानसभामा भाग लिन चाँहदैनौं।' प्रचण्डको यो अभिव्यक्तिपछि नेकपा (माओवादी) का कार्यकर्ताहरू निर्वाचनको रणनीति त्यागेर आन्दोलनको रणनीति लिएर बैठकबाट बाहिरिएको स्रोतको दाबी छ।

माओवादी कार्यकर्ताका अनुसार प्रचण्डले जनतामा निर्वाचनको कुराचाहिँ छाड्न नहुने निर्देशन दिएका छन्। संविधानसभाको नारा छाड्दा जनताले विस्वास नगर्ने भएकाले यही अवस्थामा निर्वाचन हुन नसक्ने कुरा प्रचार गर्ने पार्टी लाइन सार्वजनिक भएको छ। यसबाट वातावरण बन्दै गएको संविधानसभामा माओवादीका कारण अवरोध आउने स्पष्ट छ। यसअघि राजावादीले संविधानसभाको निर्वाचनमा बाधा पुऱ्याउन सक्ने अनुमान गरिदै आएको थियो।

माओवादीले निर्वाचनको मिति सरेको अवस्थामा भने यसलाई सदुपयोग गर्ने रणनीति बनाएको छ। यसका लागि उसले संविधानसभाको निर्वाचन सार्न आठ दलको बैठकमा प्रस्ताव लाने तयारी गरिरहको छ। 'यथास्थितिमा हुने निर्वाचनले सार्थक परिणाम ल्याउन सक्तैन।' कार्यकर्ताको भेलालगत्तै नेकपा माओवादीका नेता सीपी गजुरेलले रिपोर्टर्स क्लबको एक कार्यक्रममा बताए। गजुरेल भन्छन्- 'हामी सार्थक निर्वाचनका लागि थप समयको आवश्यकता देख्छौं। यसका लागि निर्वाचनको मिति सार्न आठ दलको बैठकमा प्रस्ताव राख्ने योजनामा छौं।' उक्त अवसरमा गजुरेलले नेकपा (माओवादी) ले उठाएका विषयलाई नेपाली कांग्रेसले तथा नेकपा (एमाले) ले महत्त्व नदिएकाले निर्वाचन सार्नुपर्ने अवस्थामा पुगेको दाबी समेत गरेका थिए।

माओवादीले सार्वजनिक गरेको रणनीतिबाट आश्चर्यमा परेका अन्य दलहरू भने आन्दोलनको कार्यक्रम फिर्ता गराउने कसरतमा जुटेका छन्। नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालले माओवादी अध्यक्ष प्रचण्डसँग टेलिफोन संवाद गरेको बताइएको छ। प्रचण्डले माधव नेपाललाई टेलिफोनमा आफूहरूलाई संविधानसभामार्फत् घेराबन्दी गरेर अप्ठ्यारोमा पारिएकाले आन्दोलनको घोषणा गर्न बाध्य भएको बताएको स्रोतको दाबी छ। जवाफमा नेपालले अहिलेको अवस्थामा माओवादीहरू संविधानसभाको अवसरबाट चुके अन्तर्राष्ट्रिय रूपमा नेकपा (माओवादी) को मात्र नभएर नेपालका कम्युनिस्टहरूको विस्वासमै संकट आउनेतर्फ सचेत गराएको बताइन्छ। माधव नेपाललाई प्रचण्डले संसदबाटै गणतन्त्र घोषणा गर्न तथा बेपत्ता नागरिकका परिवारलाई क्षतिपूर्ति दिन सरकारलाई दबाब दिन आग्रह गरेको बताइन्छ। अर्कातर्फ गृहमन्त्री कृष्णप्रसाद सिटौला एवं सूचना तथा सञ्चारमन्त्री कृष्णबहादुर महराबीच पनि संविधानसभा निर्वाचनको मितिका बारेमा लामो छलफल भएको छ।

महराले गृहमन्त्री सिटौलामार्फत प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई संसदबाटै गणतन्त्र घोषणा गर्न सघाउन आग्रह गरेका छन्। सिटौलाले माओवादीको प्रस्ताव प्रधानमन्त्री समक्ष पुऱ्याइसकिएको बताएका छन्। कांग्रेस स्रोतका अनुसार प्रधानमन्त्रीले नेपाली कांग्रेसको घोषणापत्रमा गणतन्त्रको लाइन राख्दा माओवादीले आन्दोलनको कार्यक्रम फिर्ता लिने आशा गरेका थिए। कांग्रेस गणतन्त्रमा जाने सार्वजनिक भएपछि पनि माओवादीले कार्यकर्ता भेला गराएर आन्दोलनका कार्यक्रम सार्वजनिक गरेपछि भने प्रधानमन्त्री चिन्तित भएको बताइएको छ।

प्रधानमन्त्रीले गृहमन्त्री सिटौलासँग अन्तिम समयसम्म आन्दोलनका कार्यक्रम फिर्ता गर्न प्रयासमा रहन निर्देशन दिएका छन्। बुधबार बिहान गृहमन्त्री सिटौला एवं सूचना तथा सञ्चारमन्त्री महराबीच दोस्रोपटक यही विषयमा वार्ता भएको छ। वार्तामा महराले संसदबाटै गणतन्त्र घोषणा भएको खण्डमा बाहेक अन्य कुनै पनि प्रस्तावमा माओवादीको आन्दोलनका कार्यक्रम फिर्ता नहुने बताएका छन्। यो वार्तापछि भने मंसिर ६ मा हुने संविधानसभाको निर्वाचनमा माओवादीले भाग नलिने बरु सरकार छाड्ने सम्भावना बढेर गएको छ। संसदबाट गणतन्त्रको घोषणा गर्न नेपाली कांग्रेस मात्र होइन, नेकपा (माओवादी) बाहेक अन्य कुनै पनि दल तयार नभएपछि यस्तो अवस्था आएको हो।

नेकपा (माओवादी) को आन्दोलन कार्यक्रम सार्वजनिक भएपछि अमेरिकी राजदूत नान्सी जे पावेलले नेकपा ( माओवादी) लाई शान्तिपूर्ण राजनैतिक निर्वाचनमा भाग लिन आग्रह गरेकी छिन्। अमेरिकामा आतंकवादी हमला भएको सातौं वार्षिकीको कार्यक्रममा उपस्थित भएकी पावेलले उक्त टिप्पणी गरेकी हुन्। पावेल राजदूत भएपछि माओवादीका विषयमा उनले गरेको यो पहिलो टिप्पणी हो। यता माओवादीले असोज एक गतेदेखि आन्दोलन गर्ने विषयमा भारतीय राजदूत शिवशंकर मुखर्जीसँग प्रधानमन्त्री कोइरालाको वार्ता भएको छ। माओवादी नेतृत्वले भने आफ्नो राजनैतिक मिसनमा भारतले भन्दा चीनले सहयोग गर्ने दाबी गर्दै आएको छ।

## संविधानसभा व्यक्ति-अभिव्यक्ति

हामी संवैधानिक संघीय गणतन्त्रात्मक राज्य संरचना र बहुदलीय लोकतान्त्रिक शासन-प्रणालीमा गैरहेका छौं। हामी गणतन्त्रमा नगएको भए यही नीति लिँदा पनि कम्युनिस्टहरूले राजासँग मिलेको आरोप लगाउँथे। हामीले पटक-पटक राजासँग संघर्ष गर्नुपरेको छ, पटक-पटक धोका खानुपरेको छ। यस्तै कुराले हामीलाई गणतन्त्रमा जान बाध्य पारेको हो। अब संविधानसभाको निर्वाचनले यसलाई संस्थागत गर्छ। फेरि पनि संघर्ष टुंगिएको छैन। संविधानसभापछि कम्युनिस्टहरूसँग संघर्ष गर्नुपर्छ।

**डा. रामवरण यादव, नेता, नेपाली कांग्रेस**

संविधानसभामा नेपाली राजनीतिको ध्रुवीकरण लोकतान्त्रिक गणतन्त्र पक्षधर र अधिनायकवादी शैलीको शासनपद्धति चाहने कम्युनिस्टहरूबीच हुनेछ। अहिलेको ध्रुवीकरणको दिशा गणतन्त्र र राजतन्त्र बीचमा मात्र हुँदैन, यो बहुपक्षीय हुन्छ। अब गणतन्त्रको नेतृत्व लोकतान्त्रिक शक्तिहरूले लिनुपर्छ। यदि बामपन्थी दलहरूले पनि लोकतान्त्रिक शक्ति तथा पार्टीहरूसरह गणतन्त्रको नेतृत्व लिन नेपाली कांग्रेससँग प्रतिस्पर्धा गर्छन् भने त्यो राम्रो कुरा हो।

**निलाम्बर आचार्य, बुद्धिजीवी**

संविधानसभाको निर्वाचनमा दुई धार देखिएको छ। एउटा धार शान्तिपूर्ण आन्दोलनका रूपमा प्रकट भएको छ। जुन शान्तिपूर्ण आन्दोलनबाट मुलुकलाई परिवर्तन गर्न आफ्ना अधिकारलाई सुरक्षा गर्न अगाडि आएको छ भने अर्कोथरी धारले सशक्त आन्दोलनका नाममा पाउन लागेको अधिकार पनि खोस्न सक्ने वा थोरै मात्र पाउने खालको अवस्था देखिएको छ।

**रामचन्द्र यादव, सामान्य प्रशासन राज्यमन्त्री**

माओवादीसँग सहमत हुनु वा नहुनु आ-आफ्नो अधिकारको कुरा हो, तर इतिहासदेखि थन्किँदै आएको संविधानसभा र गणतन्त्रका कुरा माओवादीले नै सतहमा ल्याएका हुन् भनेर स्वीकार गर्नैपर्छ। यद्यपि उनीहरू अहिले संविधानसभाकै निर्वाचनबाट तर्सिएको जस्तो लाग्छ। उनीहरूले बुझ्नुपर्छ, निर्वाचनको राजनीति बन्दुकको राजनीतिभन्दा फरक हुन्छ। उसले २० वटै सिट ल्याएर आफूले उठाएका संविधानसभा तथा गणतन्त्रको एजेण्डामा चुकेन भने त्यो उसको राजनैतिक सफलता मान्नुपर्छ।

**डा. लोकराज बराल, राजनीतिशास्त्री**

संविधानसभाअघि गणतन्त्र घोषणा गरे माओवादीहरूको निरंकुशता आउने सम्भावना हुन्छ। त्यसैले संविधानसभासम्म कसैले गणतन्त्रको कुरा उठाउन पाउँदैन। जहाँसम्म नेपाली कांग्रेसले गणतन्त्रको लाइन लियो भन्ने कुरा छ, त्यसमा म बेबी किङको पक्षमा छु। म व्यक्तिगत रूपमा संविधानसभा निर्वाचनमा पनि बेबी किङको कुरा उठाउँछु। नेपाली कांग्रेसले कम्युनिस्टहरूको लाइनमा हिंड्न सुहाउँदैन। यसको इतिहासले पनि त्यसो गर्न दिँदैन।

**सुजाता कोइराला, नेतृ, नेपाली कांग्रेस**

ज्वाला सिंह, गोइतजस्ता हतियार बोक्ने तत्त्व मात्रै संविधानसभा मधेसका लागि धोका हो भन्दैछन्। जाने बुझेका, देशप्रेमी मधेसी जनता संविधानसभालाई अघि बढ्ने मौकाका रूपमा हेरिरहेका छन्। संविधानसभाले नै मधेसीहरूले कति स्वायत्तता पाउने, अधिकार कति पाउने भन्ने निर्णय गर्दछ। त्यसकारण गोइत, ज्वालाजस्ता तत्त्वहरू कहाँबाट सञ्चालित छन् भन्ने कुरा उनीहरूको अभिव्यक्तिबाट थाहा हुन्छ। उनीहरू कुनै न कुनै रूपमा राजतन्त्र राख्न दरबार, भारतका अतिवादी हिन्दू तथा केही भारतीय शासकबाट सञ्चालित छन्। ज्वाला, गोइतहरूसँग मधेसको कुनै एजेन्डा छैन। त्यसैले उनीहरू संविधानसभाको विरोध गरिरहेका छन्।

**स्मृतिनारायण चौधरी, सांसद, नेपाली कांग्रेस**

विदेश गएपछि नेपालका बारेमा धेरैचासो हुँदो रहेछ। पहिले जति जानकारी राख्थें, अमेरिका आएपछि मैले राजनीतिप्रति बढी चासो राख्न थालेकी छु। विशेषगरी संविधानसभाका बारेमा मेरो अध्ययन बढेको छ। सर्लाहीको हरिऔनको भोटरलिस्टमा मेरो नाम छ। म गणतन्त्र र राजतन्त्रका पक्षमा भन्दा पनि उमेद्वारको विगतको क्रियाकलापका आधारमा मत दिनुपर्छ भन्ने मान्यतामा छु। म संविधानसभा निर्वाचनका लागि नै दसैं र तिहारमा नेपाल नआएर मंसिरमा आउँदैछु।

**सारंगा श्रेष्ठ, नायिका**

## साता संक्षेप

**भदौ २१** युवराज पारसलाई हृदयाघात, स्वास्थ्यमा क्रमिक सुधार, चुरोट-रक्सी नपिउन तथा तनावमुक्त रहन चिकित्सकहरूको सल्लाह।

- प्रधानन्यायधीशमा सिफारिस गरिएका केदारप्रसाद गिरीका विरुद्ध १६ सार्वजनिक उजुरी, गम्भीर प्रकृतिका उजुरीका सम्बन्धमा छानबिन गर्न नौ सदस्यीय समिति गठन।
- बर्दियाको खैरापुरस्थित परमानन्द प्राथमिक विद्यालयमा अध्ययनरत २ सय विद्यार्थी एकैसाथ बिरामी, बाढीका कारण बिरामी फैलिएको आशंका।
- राजधानीको विस्फोटका दोषी पत्ता लागेनन्, विस्फोटमा टाइम डिभाइस तथा ३३ नम्बरको इलेक्ट्रोनिक डिटोनेटरको प्रयोग भएको खुलासा।
- मधेसी जनअधिकार फोरमद्वारा पार्टी नीति विपरीत गएको भन्दै चार नेतालाई निष्कासन, निष्कासित हुनेमा किशोरकुमार विश्वास, भाग्यनाथ गुप्ता, रामकुमार शर्मा तथा जितेन्द्र सोनल।
- बाढी-पहिरोको त्रास कायमै, दाङ, नवलपरासी, कास्की आदि जिल्लामा तीनको मृत्यु, एक हजारभन्दा बढी घर डुवानमा।

**भदौ २२** सशस्त्र द्वन्द्वबाट विस्थापितलाई २५ करोड निकासा।

- नेपाल सद्भावना पार्टी (आनन्ददेवी) का तर्फबाट सरकारमा सहभागी भएका उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री राजेन्द्र महतोलाई फिर्ता बोलाउन आनन्ददेवीद्वारा प्रधानमन्त्रीलाई पत्राचार।
- नेकपा (एमाले) का महासचिव माधवकुमार नेपाल तथा नेकपा (माओवादी) का अध्यक्ष प्रचण्डबीच चिसिएको सम्बन्ध सुधार्न भेटवार्ता, एमालेका कार्यकर्तामाथि वाइसीएलले गरेको कारबाही गलत भएको भन्दै त्यसलाई सच्याउन प्रचण्डद्वारा निर्देशन।
- बाजुरामा फैलिएको अज्ञात रोगबाट ५ को मृत्यु, ५० भन्दा बढी अस्पताल भर्ना।

**भदौ २३** नेपाल सद्भावना पार्टी विभाजनको सँघारमा, संस्थापन पक्षबाट महाधिवेशन स्थगित, महतो पक्षले महाधिवेसन गराइछाड्ने।

- कास्कीको पर्यटकीय गाउँ सारङकोटमा भीषण पहिरो, ४ को मृत्यु, ११ घाइते, १ सय २० परिवार विस्थापित।
- विश्व बैंकद्वारा नेपाल राष्ट्र बैंकका गर्भनरविरुद्धको मुद्दा नलम्ब्याउन चेतावनी।
- विद्याभूषण वितरण समारोहमा स्वास्थ्यका कारण प्रधानमन्त्री अनुपस्थित, प्राज्ञिकहरूद्वारा शिक्षामन्त्रीको हातबाट पदक लिन अस्वीकार।

**भदौ २४** धनकुटाबाट बेहुली लिएर काठमाडौं हिँडेको माइक्रोबस बारामा दुर्घटना ग्रस्त, पाँच जन्तीको मृत्यु, बेहुला-बेहुली सकुशल।

- फेरि पनि मधेस बन्द, एक साता लामो बन्दमा मधेसी जनअधिकार फोरम (विश्वास समूह), मधेसी मुक्ति टाइगर तथा तराई जनतान्त्रिक मुक्ति मोर्चा (ज्वाला समूह) संलग्न।

**भदौ २५** राजदूत सुनुवाई प्रक्रिया जटिल हुँदै गयो, छानबिन गर्न छुट्टै उपसमिति तयार, भारतका लागि सिफारिस गरिएकी नेपाली कांग्रेसकी नेतृविरुद्ध १३ उजुरी।

- नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) मा चर्किएको विवाद पार्टी कार्यालय कब्जा तथा तोडफोडसम्म पुग्यो, मन्त्री महतो महाधिवेशन गराउन वीरगन्ज प्रस्थान।
- पेट्रोलियम पदार्थमा दुई थरी मूल्य कायम गर्न नेपाल आयल निगमको प्रस्ताव, पेट्रोलियम एसोसिएसनद्वारा निगमको प्रस्ताव अव्यावहारिक भएको भन्दै भन्सार तथा कर छुट दिनुपर्ने माग।

**भदौ २६** प्रस्तावित प्रधानन्याधीश केदारप्रसाद गिरीका सम्बन्धमा संसदीय सुनवाई विशेष समिति अनिर्णित, निर्णयका लागि संवैधानिक परिषद्लाई जिम्मा।

- सिन्धुलीमा कमला खोलामा आएको बाढीले बगाएर ४ को मृत्यु।
- जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला समूह) द्वारा सिराहा विद्यालयलका प्रधानाध्यापक अरुण श्रेष्ठको घाँटी रेटेर हत्या, विरोधमा जिल्लाभरका विद्यालय बन्द।
- युवराज पारसको स्वास्थ्यस्थिति सुध्रियो, अस्पतालबाट डिस्चार्ज।

## सम्पादकीय

# मर्यादाको उलंघन

आगामी संविधानसभा निर्वाचनका लागि नेपाली सेना सरकारलाई जस्तोसुकै सहयोग गर्न तयार छ भन्ने अभिव्यक्ति सार्वजनिक गरेर नेपाली सेनाका प्रधानसेनापति रुक्मांगत कटुवालले सैनिक मर्यादाको उल्लंघन गरेका छन् । संसारमा कतै पनि सेना सरकारबाहिरको अंग हुन सक्दैन । सेना निजामती कर्मचारीजस्तै सरकारको एउटा अंग हो । उसले अरू स्वतन्त्र संवैधानिक निकाय वा कूटनैतिक नियोगले जस्तो गरी सरकारलाई सहयोग गर्छु भन्ने अभिव्यक्ति दिनु सैनिक अनुशासनको उल्लंघन हो । सेना जहिले पनि सरकारको मातहतमा रहन्छ र उसले जहिले पनि सरकारले गर्ने खटनपटनलाई शिरोधार्य गर्दै आफ्नो कर्तव्य निर्वाह गर्नुपर्छ, तर हामीकहाँ सदैव दरबारनजिक रहेको, जनताको तुलनामा राजाप्रति वफादार मानिएको आरोप लाग्दै आएको सेनाले अहिले आफूलाई एउटा बेग्लै शक्तिका रूपमा प्रस्तुत हुने छनक दिएर सरकारलाई सहयोग गर्छु भन्ने अभिव्यक्ति दिनुले विगतमा सेनामाथि लाग्दै आएका कतिपय आरोपलाई समेत पुष्टि गरेको छ। यस्तो अवस्थामा सेनाप्रति जनताले केका आधारमा विश्वास गर्ने ? यो प्रश्न अहिले आमनेपाली जनताले सरकारसँग मात्र होइन, सेनासँग पनि गरिरहेका छन्।

कुनै पनि मुलुकको सेना राष्ट्रिय सुरक्षाका लागि गठन गरिएको हुन्छ । सेनाको आफ्नै आदर्श र गन्तव्य हुन्छ । सेनाको आदर्श भनेको अनुशासन र गन्तव्य भनेको राष्ट्र र जनताको स्वतन्त्रताको सुरक्षा हो । सेना मर्यादाको यस्तो रेखाभन्दा बाहिर जानु भनेको उसमा अनुशासनहीनताको वृद्धि हुनु हो । यस्तो अनुशासनहीनताले सेनालाई अराजकताको खाडलमा पुऱ्याउँछ । हाम्रो परिप्रेक्ष्यमा प्रत्यक्ष रूपमा कहिले पनि राजनीतिमा हस्तक्षेप नगरेको भनिएको सेनाको आफ्नै लामो इतिहास छ । वि.सं. २००७ सम्म मुलुकको प्रधानमन्त्री सेनाको प्रधानसेनापति हुने परम्परा थियो । यो पृष्ठभूमिमा नेपाली सेनाले आफूलाई राजनीतिबाट पृथक् राखेको धेरै भएको छैन । अझ राजालाई आफ्नो परमाधिपति मान्दै आएको सेनाको राजनैतिक संलग्नता ०४६ सालको जनआन्दोलनले मात्र समाप्त भएको हो । जनआन्दोलन भाग–२ पछि संवैधानिक रूपमा सेनालाई उसको परम्पराबाट अलग गरेर उसलाई व्यावसायिक सेनामा रूपान्तरण गर्ने प्रयास हुँदै आएको छ, तर अहिले अचानक सेनाले राज्यद्वारा नमागिएको सुझाव प्रस्तुत गरेर आफ्नो राजनैतिक महत्त्वाकांक्षाको धङधडी सार्वजनिक गरेको छ ।

सेनाको यस्तो राजनैतिक धङधडी जतिसक्दो चाँडो नियन्त्रण हुनुपर्छ। सेनाको पछिल्लो वक्तव्यका आधारहरू र त्यसका पछाडि कारण बनेका सेनाका वरिष्ठ अधिकारीहरूका बारेमा सरकारले यथाशक्य चाँडोभन्दा चाडो छानबिन गरेर तथ्य कुरालाई सार्वजनिक गर्नुपर्छ। त्यसो गर्न ढिलाइ गरियो भने सेनाको राजनैतिक महत्त्वाकांक्षाले थप बल पाउन सक्नेछ । यो विषयमा रक्षामन्त्रीको हैसियतले स्वयं प्रधानमन्त्रीले हस्तक्षेप गर्नुपर्ने आवश्यकता अहिले सबै नेपालीले महसुस गरेका छन् ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पत्रिकाहरू पढ्न।
सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

## चिठीपत्र

### प्रकोपको पूर्वतयारी

प्राकृतिक प्रकोपले नेपालका विभिन्न स्थानमा बर्सेनि धनजनको क्षति हुँदै आएको छ। प्राकृतिक प्रकोपले व्यापक जनधनको क्षति, असुरक्षा, हाहाकार, पीडा एवं अस्तव्यस्तताको चित्र प्रस्तुत गर्दै खाना, उपचार, वस्त्र तथा आवासको अभावतर्फ संकेत गर्छ। प्राकृतिक वा आधुनिक कारणबाट सिर्जित परिस्थितिले मानिसमाथि पार्ने यस खालका विपत्तिलाई प्रकोप भनिन्छ ।

कुनै पनि प्रकोप पूर्वसूचना दिएर आउँदैन । सूचना दिएर प्रकोप हुने भए यतिविधि जनधनको क्षति पक्कै हुने थिएन । केही समयअघि एक बाबाले भूकम्प आउने भविष्यवाणी गरेका थिए, तर उनको भविष्यवाणी मिलेन । त्यसैले प्रकोपको पूर्वानुमान गर्न सकिंदैन भनिएको हो । हामीले गर्न सक्ने भनेको प्रकोपको न्यूनीकरण मात्र हो, जसका लागि पूर्वतयारी गर्नुपर्छ। पूर्वतयारी नगरे धनजनको ठूलो क्षति हुन सक्छ।

प्रकोपको पूर्वतयारी नभए धनजनको ठूलो क्षति हुन सक्छ। त्यस्तैयस्ता प्राकृतिक प्रकोपको न्यूनीकरण एवं व्यवस्थापनका लागि अब हामी सबैले सोच्नेपर्ने स्थिति आएको छ । प्रकोपका दृष्टिले असुरक्षित मानिएका क्षेत्रमा किन बसोबास गर्ने ? त्यस्तै प्रकोप आउनुअघि नै किन पूर्वतयारी नगर्ने ?

'एक थुकी सुकी, हजार थुकी नदी' भनेझैं समाजका बुज्रुक, भुक्तभोगी व्यक्तिहरूको सहभागितामा प्रभावकारी प्रकोप व्यवस्थापन कार्यक्रम सञ्चालन गर्न सकिन्छ। प्रकोप आउनुअघिको अवस्थामा रोकथाम, न्यूनीकरण, पूर्वतयारी वा प्रकोपपछिको चरणमा उद्धार तथा राहत, पुनर्स्थापन, पुनर्निर्माणजस्ता गतिविधि सञ्चालन गर्नुपर्ने हुन्छ । यस्ता गतिविधिहरू एक-दुई जनाले गर्न सकिने कुरा पनि होइन तथा यो सरकारको मात्रै दायित्व हो भनेर पन्छिन सकिने स्थिति पनि रहँदैन ।

–सागर शर्मा

### नेताहरू वाचा पूरा गर

लामो समयको पर्खाइपछि संविधानसभाको मिति तोकिएको छ। लोकतन्त्र प्राप्तिपछि चारैतिरबाट संविधानसभाको तिथि तोक्न चर्को आवाज उठ्यो तर मुलुकमा व्याप्त राजनैतिक अन्यौल तथा नेताहरूबीचको असमझदारीले संविधानसभाको तिथि तोक्ने काम सफल हुन सकेको थिएन । अन्ततः जनताको तीव्र दबाबले गर्दा नेताहरू तिथि तोक्न बाध्य भएका छन् ।

नेपाली राजनीतिको इतिहासमा संविधानसभाको मुद्दा २००७ सालदेखि उठ्दै आए पनि अहिले आएर मात्र सम्भव भएको छ । विभिन्न षडयन्त्र र जालझेलले गर्दा त्यो बेला संविधानसभाको निर्वाचन सफल हुन सकेन । त्यो बेला जनतामा चेतनाको कमी थियो । त्यसैले नेपालीहरूले संविधानसभाको निर्वाचनका लागि लामो समय प्रतीक्षा गर्नुपऱ्यो । केबल समयको प्रतीक्षा गरेर मात्र यो अवस्था सिर्जना भएको होइन ।

सम्पूर्ण नेपाली जनताको त्याग, समर्पण एवं प्रयासले मुलुकमा सहज परिस्थितको निर्माण भएको हो । नेपाली जनताको चाहना भनेकै गणतन्त्र हो । नेताहरू अब होसियार बन्ने बेला आएको छ। जनताको बीचमा गरेका सार्वजनिक प्रतिबद्धताहरूलाई तिनले आत्मसात गरून, तिनले जनादेशलाई बुझून् ।

आठ राजनैतिक दलले मंसिर ६ गते संविधानसभाको चुनाव गर्ने निर्णय गरेका छन् । यो प्रतिबद्धताको अक्षरशः पालना हुनुपर्छ । नेपाली जनता तोकिएको समयमा संविधानसभाको चुनाव सम्पन्न भएको हेर्न चाहन्छन् । होसियार नेताहरू आफूले गरेका वाचाहरू पूरा गर, नेपाली जनतालाई फेरि पनि धोका नदेऊ । ऐतिहासिक जनआन्दोलनको भावना विपरीत गएर कसैले संविधानसभाको चुनाव भाँड्ने प्रयास गर्छ भने त्यो इतिहासको कलंक हुनेछ । मुलुक पूर्णतया अँध्यारोतर्फ धकेलिनेछ ।

जनताले आ-आफ्नो ठाउँबाट खबरदारी जारी राख्नुपर्छ । नेताहरूले अहिले विश्वासको वातावरण बनाउने काम गर्नुपर्छ । एक-आपसमा अविश्वासको खाडल सिर्जना गर्ने होइन, जनतालाई विश्वासको बाटोमा डोऱ्याउन सक्नुपर्छ ।

**anupam.raule@gmail.com**
**(पुरस्कृत पत्र)**

### सरकार के हेरेर बसेको छ ?

जनताको त्याग एवं बलिदानबाट जनआन्दोलन भाग-२ सफल भएको छ । देशमा लोकतन्त्र बहाली भएको छ । अहिले आठ दलसहितको मिलीजुली सरकार बनेको छ तर जनताका समस्या ज्युँका त्युँ छन् । एकातिर प्रतिगामी तत्त्व सक्रिय भएको छ भने संविधानसभाको निर्वाचन जेठमा भन्दाभन्दै मंसिरमा हुने भएको छ । यस्तै चाला हो भने देशमा शान्ति-सुरक्षा पनि सम्भव छैन र संविधानसभाको निर्वाचन पनि हुँदैन । स्थानीय निकाय जनप्रतिनिधिविहीन भएको ५ वर्षभन्दा बढी भैसकेको छ । सचिवले सबै काम हेरिरहेका बेला सचिवको समेत हत्या हुनाले जनताका सबै काम ठप्प छन् । वर्षायाममा समेत जनताले लोडसेडिङको मार खेपिरहनुपरेको छ । यसपालीको बजेटले बहालवाला कर्मचारी र पेन्सनवालालाई निकै राहत पुऱ्यायो तर गरिब जनताका लागि के दियो ? एसएलसी परीक्षाको नतिजा आयो । कति पढ्न चाहन्छन्, कतिपय रोजगारीमूलक कार्यमा लाग्न चाहन्छन् । उनीहरू नागरिकता बनाउन जाँदा सम्बन्धित निकाय बन्द देखिन्छ। तुरुन्त आठ दलको सहमतिमा जनप्रतिनिधि चयन नगरेर तथा जनताका काम सुचारु रूपले सञ्चालन हुन नदिएर अहिलेको सरकार के हेरेर बसेको छ ?

**– विजय भुजेल, चाँगु, भक्तपुर**

## तीतो सत्य

- मानिस ठूलो माडले हुन्छ, जाँडले हुँदैन ।
- मानिस ठूलो कामले हुन्छ नामले हुँदैन ।
- मानिस ठूलो श्रमले हुन्छ, भ्रमले हुँदैन ।
- साहस नै सफलता हो ।
- अर्काको देख्नु र आफूले भोग्नुमा नितान्त फरक भए पनि अवस्था त एउटै हो ।

**देवराज न्यौपाने**

- जीवनको मूल्य मृत्युको एक पलअघि बुझिन्छ ।
- निष्पट्ट अन्धकार नजिकै झिसमिसे उज्यालो हुन्छ ।
- मृत्युको प्रतीक्षा नै जीवन हो ।
- मानिस जन्मँदा आफू रुन्छ, मर्दा अरूलाई रुवाउँछ ।

**सुशील गौतम**

- गल्ती गर्ने मानिसको शिर जहिले पनि निहुरिएको हुन्छ ।

**– सागर बि.सी., इटहरा, मोरङ**

- प्रेममा कि त स्वार्थ कि त बाध्यताले धोका हुन्छ ।
- मानिसलाई विश्वासघात तथा आर्थिक पक्षले कमजोर बनाउँछ ।
- जिउने क्रममा धेरै चुनौतीहरूसँग मुकाबिला गर्न सक्नुपर्छ ।

**अशोक स्मिथ, बैदाम, पोखरा**

- नामलाई होइन कामलाई महत्त्व दिनुपर्छ अनि म होइन हामी भन्न सक्नुपर्छ ।
- मानिसले दुःखमा मात्र भगवान्लाई सम्झन्छ ।

**एम.सी. बाङ्गदेल**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

*–सम्पादक*

## मुखाले

प्रजातान्त्रिक कांग्रेस पहिलैदेखि गणतान्त्रिक पार्टी हो । बरु कांग्रेसले गणतन्त्र भन्न ढिला गऱ्यो ।

**विमलेन्द्र निधि**
**नेता, प्रजातान्त्रिक कांग्रेस**

कांग्रेसको गणतन्त्र विहारी गणतन्त्रभन्दा फरक हुन्छ भन्ने लाग्दैन ।

**डा. बाबुराम भट्टराई**
**नेता, नेकपा (माओवादी)**

राजाविरुद्धको लडाइँमा नेपाली जनता विजय नजिक पुगेका छन् ।

**कृष्णप्रसाद सिटौला, गृहमन्त्री**

मंसिर ६ को निर्वाचन सार्ने प्रयास भयो भने हामी आन्दोलनमा जान्छौं।

**पशुपतिशमशेर राणा**
**अध्यक्ष, राष्ट्रिय प्रजातन्त्र पार्टी**

लोकतन्त्रमा राजतन्त्रको भविष्य हुँदैन ।

**महेश आचार्य, नेता, नेपाली कांग्रेस**

संविधानसभा निर्वाचनले जातीय स्वायत्तता सुनिश्चित गर्छ ।

**सुवासचन्द्र नेम्वाङ, सभामुख**

गणतन्त्र घोषणा नगरी निर्वाचन भए त्यो आत्मघाती हुन्छ ।

**देव गुरुङ, स्थानीय विकासमन्त्री**

प्रचण्डले चुनाव सार्ने कुरा गरेर आफ्नो दिवालियापन र मुर्खता प्रस्ट पारेका छन् ।

**रवीन्द्र श्रेष्ठ**
**माओवादीबाट निष्कासित नेता**

म नेपालको सबैभन्दा ठूलो बैंक स्थापनाको तयारीमा छु ।

**महेशप्रकाश श्रेष्ठ**
**नायव महाप्रबन्धक इन्भेष्टमेन्ट बैंक**

म अब राजावादी भएर कुनै पनि राजनीति गर्दिन ।

**रामप्रसाद खनाल**
**पत्रकार, गायक**

मलाई लिपिस्टिक लगाउन लाज लाग्छ ।

**रेखा थापा, नायिका**

## नीति-नियम

चुक्ली लगाउनेहरू त्यस्तो काम बन्द गर्छन्, आतंक मच्चाउनेहरू डराउन थाल्छन्, कर नदिनेहरू कर दिन थाल्छन् र जो डराउँदैनथे ती डराउन थाल्छन् । त्यसैले सामाजिक धर्म रक्षाका लागि भए पनि दण्ड दिनुपर्छ ।

जसले आफ्नो कामलाई सिद्ध गर्न सक्दैन र अरूले गरेको राम्रो कामको पनि उपेक्षा गर्छ उसले जति मिलापत्र गर्न खोजे पनि ऊ शत्रु नै हुन्छ ।

घमन्डी, आफ्नो कर्तव्य थाहा नपाउने र कुमार्गमा चल्ने गुरुजनलाई दण्ड दिनु राजाको कर्तव्य हो।

दण्ड सहित नीतिलाई व्यवहारमा प्रयोगमा ल्याउने राज्यको सबै कार्य सही हुन्छ किनकि धर्मको परम रक्षक नै दण्डलाई मानिएको छ ।

दण्ड दिनुपर्नेलाई नदिएर नदिनुपर्नेलाई दिंदा, अपराधभन्दा बढी दण्ड दिंदा बुद्धिमान् मानिसहरूले त्यस्ता कार्यलाई स्वीकार गर्दैनन् । त्यस्तो काम पातकी ठहरिन्छ ।

जुन राज्यका शासक अत्यन्त धर्मात्मा छन् यो राज्यका नागरिक पनि धर्मात्मा हुन्छन्। जहाँका शासक अत्यन्त पापी छन् त्यहाँका नागरिक पनि अधर्मतिर नै लागेका हुन्छन्।

-शुक्रनीति

अनुवाद : रामहरि बन्जारा

## सहर चर्चा

### ब्युटी अफ द वर्ल्डमा विभा



गत चैत महिनामा द हिडेन ट्रेजरको आयोजनामा सम्पन्न 'डाबर वाटिका मिस नेपाल- २००७' प्रतियोगिताको अन्तिम चरणमा पुगेकी प्रतियोगी नम्बर ८ हुन्– विभा प्रजापति । उनले उक्त प्रतिस्पर्धामा चौथो स्थान हासिल गरेकी थिइन् । ५ फिट ५ दशमलव ५ इन्च अग्ली २३ वर्षीया विभा काठमाडौं निवासी हुन । बी.ए. अध्ययनरत विभाको रुचि उपन्यास पढ्ने, चित्रकला एवं ड्रमसेट बजाउनेमा छ । विभालाई बास्केटबल, पौडीलगायत रोलर बल्डिङ, भलिबल आदि पनि उत्तिकै मनपर्छन् । आफूले सहभागिता जनाएका जुनसुकै कार्यमा पनि सफलता हासिल गर्न विभा सदैव तत्पर रहन्छिन् ।

मिस नेपाल प्रतियोगितामार्फत अन्तर्राष्ट्रिय मञ्चमा नेपालको प्रतिनिधित्व गराउने क्रममा मिस नेपाल शीर्षक उपाधि विजेता, फस्ट रनरअप तथा सेकेन्ड रनरअपले क्रमशः मिस वर्ल्ड, मिस एसिया प्यासेफिक इन्टरनेसनल र मिस अर्थ इन्टरनेसनलमा प्रतिनिधित्व गरिरहेका छन् । त्यसै क्रममा यही वर्षदेखि थर्ड रनरअप विजेताले 'ब्युटी अफ द वर्ल्ड- २००७' प्रतियोगितामा नेपालको प्रतिनिधित्व गर्नेछिन् । यही सिलसिलामा मिस नेपाल-२००७, थर्ड रनरअप विभा प्रजापति चीन प्रथान गरेकी छिन् । बेइजिङ, मोयोङमेइ इन्टरनेसनल कल्चर कम्युनिकेसन कम्पनीको सहभागितामा वर्ल्ड ब्युटी कंग्रेसले आयोजना गर्ने उक्त प्रतियोगिता आगामी सेप्टेम्बर २१ तारिकमा सम्पन्न हुँदैछ । चीनको यिनछाङ सहरको ह्युबेई प्रोभिन्समा सञ्चालन हुने यो प्रतियोगितामा नेपाललगायत विश्वका ६० मुलुकका सुन्दरीको सहभागिता रहनेछ ।

## साइबर गर्ल

### मायाको उचाइ

मिस पश्चिमाञ्चल-२००७ मा सेकेन्ड रनर अप तथा मिस पर्सनालिटीको उपाधि जितेपछि १९ वर्षीया माया गुरुङ अहिले धेरैको नजरमा परेकी छिन् । तनहुँ, बेलचौतारा स्थायी घर भएकी माया यो क्षेत्रमा लाग्नेहरूका बारेमा अनर्गल प्रचार गर्दै हिंड्नेहरू देखेर दिक्क पनि हुन्छिन्, उनी परिवारको सपोर्टकै कारण यो क्षेत्रमा होमिएकी हुन् । पहिलो पटक एक वर्षअघि आईईसी फेसन सेन्टरले पोखरामा आयोजना गरेको फेसन सोमा क्याटवाक गरेपछि उनको मोडलिङ करिअर अगाडि बढेको हो। यसअघि उनले ठिकठाक डटकमका लागि फोटोसेसन गराएकी थिइन्। त्यसो त माया आधुनिक नृत्यमा पनि अब्बल छिन्।

निडर र फरासिली स्वभावकी मायाको लक्ष्य भने एयरहोस्टेज बन्नु हो । त्यसैले तअहिले उनी एयर होस्टेजको अध्ययनको तयारीमा छिन् । प्लस टु सकेकी ५ फिट ४ इन्च अग्ली माया घरपरिवारको साथ पाए मोडलिङलाई निरन्तर दिने बताउँछिन् । पहिलेको तुलनामा अहिले यो क्षेत्र केही व्यावसायिक हुँदै गएको उनको अनुभव छ। फुर्सदमा परिवारसँग गफिन मन पराउने माया साथीहरूसँग घुम्न र पत्रपत्रिका पढ्न पनि उत्तिकै चाख राख्छिन् । प्रेम र विवाहका बारेमा उनी अझै पनि अनभिज्ञ छिन् । माया भन्छिन्-'यी दुई कुराका बारेमा करिअर बनाएपछि मात्र सोच्नुपर्ला ।' मिस पश्चिमाञ्चलका क्रममा खिचिएका उनका केही तस्बिर सारासंसार डटकममा क्लिक गरेर हेर्न सकिन्छ ।



**– शिव शर्मा**

## हट हेडलाइन

### राजाको बैंक खाता बन्द

नेपाल बैंक लिमिटेडले सरकारको आदेशअनुसार राजा ज्ञानेन्द्रका चारवटा खाता गत सोमबारदेखि बन्द गरेको समाचार अक्षय साप्ताहिकले प्रकाशित गरेको छ। समाचारअनुसार हनुमानढोका दरबारको खर्च राखिने ती खातामा अब रकम राख्न र झिक्न नपाइने भएको छ। हनुमानढोकालाई सरकारीकरण गरिसकिए पनि त्यहाँका तत्कालीन प्रमुख तेजरत्न ताम्राकारले ती खाता प्रयोग गर्दै आएका थिए। नेपाल बैंक लिमिटेडको धर्मपथ शाखामा राजा ज्ञानेन्द्रका नाममा रहेको खाता नम्बर २-१०-१२२५३९, २-१०-२३२८८५, २-११-१३२ तथा २-११५-१९९७ सरकारको निर्णयपछि बन्द भएका हुन्।

### प्रचण्डको पनि मुटु परीक्षण

युवराज पारसलाई मुटु रोगले च्यापेको समाचार सेलाउन नपाउँदै नेकपा (माओवादी)का अध्यक्ष पनि मुटु रोगबाटबाट पीडित भएको समाचार जनआस्था साप्ताहिकले प्रकाशित गरेको छ। समाचारअनुसार प्रचण्डले शारीरिक अस्वस्थता र असजिलोपन महसुस गरेपछि चिकित्सकलाई माओवादी मुख्यालयमै बोलाइएको थियो। प्रचण्डको मुटु परीक्षणपछि चिकित्सकले उनलाई नियमित शारीरिक व्यायाम गर्ने सल्लाह दिएका छन्।

### राजकुमारीहरुबीच मध्यराति भुल्लाभुल्ली

युवराज पारस मुटु रोगका कारण अस्पताल भर्ना हुनुभन्दा दुई दिनअघि स्वर्गीय अधिराजकुमार धीरेन्द्रकी जेठी छोरी पूजा र कान्छी छोरी दिलासाबीच झगडा भएको समाचार जनआस्था साप्ताहिकले प्रकाशित गरेको छ। समाचारअनुसार सम्पत्तिसँग सम्बन्धित यो झगडा युवराज पारसद्वारा गोर्कणस्थित ला मेरिडियन होटलमा निम्त्याएका बेला मध्यराति भएको बताइन्छ। होटलको स्वीमिङ पुलछेउमा भएको उक्त झगडामा पूजाका पति राजीव शाही तथा दिलासाका पति आदर्शविक्रम राणा पनि सँगै रहेको बताइन्छ। बाबुआमाको सम्पत्ति पूजा र उनका पति राजीव शाहीले एकलौटी पारेको आरोप बहिनी दिलासाले लगाएपछि दिदी पूजाले बहिनीलाई भुत्ल्याएको प्रत्यक्षदर्शीले बताएका छन्। उक्त झगडा स्वर्गीय अधिराजकुमारी शान्ति सिंहका छोरा विनोद र धीरेन्द्रकै माहिली छोरी शीताष्माले हस्तक्षेप गरेपछि टुंगिएको कुरा समाचारमा उल्लेख छ।

### मन्त्री सुब्बा निगमको अस्तु खाने तयारीमा

लाउडा एयर भाडामा लिँदा अनियमितता भयो भनेर ५७ दिनसम्म संसद् बहिष्कार गरी तत्कालीन नेपाली कांग्रेसको सरकार गिराउन मुख्य भूमिका निर्वाह गर्ने नेकपा एमाले अहिले आफैंले मन्त्रालय सम्हालेको बेला नेपाल वायु सेवा निगमलाई टाट पल्टाएर लिलाम गराउने षड्यन्त्रमा फसेको समाचार साप्ताहिक विमर्शले प्रकाशित गरेको छ। समाचारअनुसार एमालेका तर्फबाट मन्त्री बनेका पृथ्वी सुब्बा गुरुङलाई पर्यटन माफियाहरूले उम्किनै नसक्ने गरी जालमा पारेका छन्। निगमको अन्तर्राष्ट्रिय साखलाई समाप्त पारेर मन्त्री गुरुङ अहिले निगमको अस्थिपञ्जर लिलाम गर्ने अभियानमा जुटेको आरोप छ। समाचारअनुसार मन्त्री गुरुङ अहिले यति एयरलाइन्स समूहको चक्रव्यूहमा फसेका छन्। अहिले अन्तर्राष्ट्रिय उडान गर्ने तयारीमा रहेको यति एयरलाइन्स निगमलाई मैदानबाट हटाएर निगमले उडान गर्दै आएको रुटमा आफ्ना विमानहरू उडाउने बृहत् योजनामा रहेको उक्त साप्ताहिकले उल्लेख गरेको छ।

### माओवादी लाग्यो एमालेलाई फकाउन

अत्यन्तै कमजोर जनाधारका कारण संविधानसभाको निर्वाचनमा जान डराइरहेको नेकपा माओवादी यतिबेला नेकपा एमालेलाई फकाउने कार्यमा जुटेको समाचार देशान्तर साप्ताहिकले प्रकाशित गरेको छ। समाचारअनुसार कुनै पनि हालतमा निर्वाचन हुने भएपछि एमालेलाई फकाएर चुनावी तालमेलका लागि तयार पार्न माओवादीहरू लागिपरेका हुन। यसका लागि माओवादी नेताहरू चुनावको परिणामलाई कसरी आफ्नो पक्षमा पार्न सकिन्छ भनी काठमाडौंका कोठे बैठकहरूमा व्यस्त छन् भने उसका कार्यकर्ताहरू ग्रामीण भेगमा अन्य दलका नेता तथा कार्यकर्तालाई थर्काउने अभियानमा छन्। यसै सिलसिलामा माओवादी अध्यक्ष प्रचण्डले एमाले महासचिव माधवकुमार नेपालसँग भेटघाट गरेको कुरासमेत उक्त साप्ताहिकले उल्लेख गरेको छ।

### क-कसले बेचेछन् सुविधाको पजेरो ?

वि.सं. २०५२ माघ २७ गते मन्त्रिपरिषद्ले सांसद र संवैधानिक निकायका प्रमुखलाई भन्सार सुविधा दिएर गाडी किन्न छुट दिने निर्णय गरेपछि नेपालमा झिकाइएका सुविधाका गाडीहरू अहिले धमाधम बिक्री भैरहेको समाचार नयाँ पत्रिका दैनिकले भदौ २४ गतेको अंकमा प्रकाशित गरेको छ। त्यतिबेला सुविधा लिनेले ५ वर्षसम्म त्यस्तो सुविधाको गाडी बेच्न नपाउने प्रावधान राखिए पनि अहिले त्यस्ता गाडीहरू धमाधम बेचिएका छन्। यसरी सुविधामा एकैपटक ४ सय ८७ वटा गाडी नेपाल भित्रिएका थिए। यस्तो सुविधा लिनेमा त्यसबेला २ सय ३६ सांसद, १ सय २ न्यायाधीश र न्यायसेवाका पदाधिकारी, ५४ विशिष्ट श्रेणीका कर्मचारी, ७३ संवैधानिक अंगका पदाधिकारी तथा १४ नेपाली सेनाका विशिष्ट अधिकारी थिए। यसरी सुविधाका गाडी बेच्नेहरू धेरै भए पनि ३२ जनाले गाडीको नामसारीसमेत गरिदिइएको कुरा उक्त दैनिकले उल्लेख गरेका छन्।

### अमेरिकीलाई भारतीय आँखा प्यारो

नेपालका लागि अमेरिकी राजदूत न्यान्सी पावेल अहिले नेपाललाई भारतीय आँखाले हेर्न व्यस्त छिन् भन्ने व्यहोराको समाचार साप्ताहिक साँघुले भदौ २४ गतेको अंकमा प्रकाशित गरेको छ। समाचारअनुसार नेपालमा आफ्नो ओहदाको प्रमाणपत्र प्रस्तुत गरेको केही दिनमै राजदूत पावेल दिल्ली भ्रमणमा गएकी थिइन्। भदौ १८ गतेदेखि २२ गतेसम्म दिल्लीमा रहेकी राजदूत पावेलले त्यहाँ भारतीय विदेश सचिव शिवशंकर मेनन, नेपालका लागि पूर्व भारतीय राजदूत केभी राजन, नेपाल विशेषज्ञ अशोक मेहता र एसडी मुनिसँग नेपालको राजनीतिका बारेमा विचार-विमर्श गरेकी छिन्। आफ्नो कार्यकालको प्रारम्भमै अमेरिकी राजदूतले हतार-हतारमा भारत भ्रमण गरेको यो पहिलो पटक भएकाले अहिले यो भ्रमणका बारेमा कूटनैतिक क्षेत्रमा बढी चर्चा हुने गरेको उक्त साप्ताहिकले उल्लेख गरेको छ।

### निर्वाचनमा नोटको हाहाकार हुने

नेपाल राष्ट्र बैंकका निलम्बित गभर्नर विजयनाथ भट्टराई तथा निलम्बित कार्यकारी निर्देशक सुरेन्द्रमान प्रधानविरुद्ध विशेष अदालतमा मुद्दा चलिरहेकाले आगामी संविधानसभाको निर्वाचनको समयमा नेपालमा नोटको हाहाकार हुने समाचार दृष्टि साप्ताहिकले प्रकाशित गरेको छ। समाचारअनुसार नेपाल राष्ट्र बैंकले संविधानसभा निर्वाचनका निम्ति छपाइको आदेश दिएको १ हजार रुपैयाँ दरका नोट छपाइको अन्य प्रक्रिया पूरा भए पनि गर्भनर निलम्बित भएका कारण त्यसमा उनको हस्ताक्षर हुन सकेको छैन। त्यसैले १ हजार रुपैयाँलगायत अन्य दरका राजाका तस्बिर नभएका नोट आगामी मंसिरअगाडि नेपाल आउन सक्ने कुनै सम्भावना नभएको बताइन्छ।

## मेरो विचार

### संविधानसभाको काम र हाम्रो दायित्व

संविधानसभा निर्वाचनपूर्व जनतालाई संविधानसभाको आवश्यकता, महत्त्व एवं प्रक्रियाका बारेमा सु-सूचित गराउनुपर्छ। संविधानसभाका बारेमा जानकारी दिन राजनैतिक दलहरूसहित संविधानसभा विज्ञहरू सक्रिय हुनुपर्छ। जनता-जनताबीच विभिन्न कार्यक्रम, छलफल गोष्ठी आयोजना गरी आम नागरिकलाई संविधानसभाका बारेमा जानकारी गराउनुपर्छ। संविधानसभा निर्वाचनका लागि सबै जातजाति, भाषाभाषी, पेशा, धर्म, समुदायको समानुपातिक एवं समावेशी प्रतिनिधित्व हुनुपर्छ।

संविधानसभाले जनभावनाको कदर गर्दै समानुपातिक एवं समावेशी राज्य निर्माण गर्नुपर्छ। विगतमा भएका गल्ती कमजोरीलाई नियाल्दै जनतालाई सार्वभौमसत्ता सम्पन्न गराउने काम संविधानसभा निर्वाचनले गर्नुपर्छ।

देशमा यस्ता व्यक्तिहरू पनि छन् जो संविधानसभा चाँहदैनन्। जो पुरातनवादी तथा परम्परागत सोचबाट प्रेरित छन्। उनीहरू जनता सार्वभौम भएको हेर्न चाँहदैनन्। यस्ता व्यक्तिवादी चिन्तनबाट कहिल्यै आफूलाई बाहिर निकाल्न नसकेकाहरूले संविधानसभा निर्वाचनमा बाधा पुऱ्याउन सक्छन्। राज्य पक्षले उनीहरूलाई सम्मानजनक तथा स्वस्थ प्रतिस्पर्धामा ल्याएर संविधानसभा निर्वाचन गराउन सकिन्छ। कुनै पनि देशको इतिहासमा संविधानसभा पटक-पटक नआउने भएकाले यसको सञ्चालन व्यापक रूपमा हुनुपर्छ। राज्यले सबै क्षेत्रबाट समानुपातिक प्रतिनिधित्व गराउँदै जनताले आफ्नो भाग्य तथा भविष्य निर्माण गर्ने कुरामा निर्णायक भूमिका निर्वाह गर्न पाउनैपर्छ। संविधानसभाका लागि व्यापकरूपमा विज्ञहरू परिचालन गर्दै स्वतन्त्र एवं सौहार्द्धपूर्ण वातावरणमा कसैको दबाब अनि होहल्लामा नलागी त्रासमुक्त तथा सहज परिस्थितिमा संविधानसभाको निर्वाचन गराई जनताको भाग्य सुनिश्चित गर्नुपर्छ।

**–तुलसी आचार्य, पाँचथर**

**(पुरस्कृत विचार)**

### संविधानसभाको उद्देश्य

नेपालमा अहिलेसम्म सीमित व्यक्तिहरूको समूहबाट चुनिएर आएका २-४ जना व्यक्तिले संविधान निर्माण गरेका थिए, त्यो संविधानले हरेक वर्ग, लिङ्ग, क्षेत्र, भाषाभाषी, धर्म, आदिवासी, जनजाति, दलित अपांग तथा पिछडिएका वर्गलाई समेट्न सकेन जसले गर्दा हरेक क्षेत्रमा त्यस्ता समूहहरू पछाडि नै रहे, उनीहरूका हक-अधिकारलाई त्यस्तो संविधानले समान रूपमा समेट्न सकेन, आफ्ना हक-अधिकारबाट तिनीहरू वञ्चित रहेको अवस्था थियो, हरेक क्षेत्रमा समानुपातिक सहभागिता थिएन। हरेक क्षेत्र, वर्ग, लिङ्ग, जातजाति, भाषाभाषी, आदिवासी, दलित, अपांग आदि सबैको संविधान निर्माणमा उत्तिकै भूमिका होस् तथा अब बन्ने संविधानमा यिनीहरूका हक-अधिकार पनि सुरक्षित हुन् भन्ने उद्देश्यले संविधानसभाको निर्वाचन गर्ने हो।

संविधानसभाको निर्वाचनका विभिन्न प्रक्रिया छन् तर जुन प्रक्रिया अपनाउँदा माथि उल्लेखित समूहले सजिलै र समानरूपमा भाग लिन पाउँछन् त्यही प्रक्रिया अपनाउनुपर्छ, किनकि अबको संविधानसभा यिनीहरूको पनि समानरूपमा सहभागिता हुनुपर्छ तथा नयाँ बन्ने संविधान यिनीहरूका हक-अधिकार पनि प्रष्ट रूपमा उल्लेख हुनुपर्छ।

**–छत्र विष्ट, कैलाली**

**तपाईंको विचारमा संविधानसभा के हो ? यसले के गर्छ ? यसका बाधा–अड्चनहरू के–के हुन् ? तिनलाई हटाउन के गर्नुपर्छ ? संविधानसभाको निर्वाचन कसरी सफल हुनसक्छ ? संविधानसभाका लागि सरकार तथा नागरिकका दायित्व के–के हुन् ? जस्ता प्रश्नमा केन्द्रित रहँदै आफ्ना धारणा हामीलाई लेखिपठाउनुहोस्। उत्कृष्ट प्रकाशित सामग्रीलाई नगद रु. २ सय प्रदान गरिनेछ।**

## अवसर

• काठमाडौंस्थित एक कम्पनीका लागि एक जना लेडिज इन्टेरियर डिजाइनरको आवश्यकता छ। योग्य महिलाले कम्पनीको फोन नम्बर ४४३३६८० मा सम्पर्क राख्नुहोला।

• काठमाडौंस्थित एक कम्पनीका लागि एक जना लेखापाल र एक जना रिसेप्सनिस्टको आवश्यकता छ। योग्य व्यक्तिले व्यक्तिगत विवरण, पासपोर्ट साइजको फोटो तथा सम्पर्क टेलिफोनसहित पोष्ट बक्स २०००८ मा आवेदन दिनुहोला।

• काठमाडौंस्थित एक कम्पनीलाई न्यूनतम् टेस्ट उत्तीर्ण एघार जना पुरुष तथा एघार जना महिला कर्मचारीको आवश्यकता छ। इच्छुक व्यक्तिले कम्पनीको फोन नम्बर ४७७०३०१ मा आवेदन दिनुहोला।

• काठमाडौंस्थित एक संस्थाका लागि ३ जना म्यानेजर, ३ जना कार्यालय सहायक, २ जना स्टोरकिपर, ५ जना सीएमए अनमी, ३ जना कम्प्युटर डाटा अपरेटर, ४ जना रिसेप्सनिस्ट, ३ जना पियन, २ जना ड्राइभर, ५ जना सिभिल ओभरसियर, ५ जना एकाउन्टेन्ट तथा १५ जना कुक, वेटर र हेल्परको आवश्यकता छ। इच्छुक व्यक्तिले कम्पनीको फोन नम्बर ४१११६६९ मा सम्पर्क राख्नुहोला।

• ललितपुरस्थित एक कम्पनीका लागि ८ जना महिला तथा पुरुष कर्मचारीको आवश्यकता छ। इच्छुक व्यक्तिले कम्पनीको फोन नम्बर २०७४०८४ मा सम्पर्क राख्नुहोला।

• कतारको दोहास्थित एक वैदेशिक रोजगारदाता कम्पनीका लागि ४० जना जनरल मासोन, २० जना कन्स्ट्रक्सन लेबर तथा ४० जना सटरिङ कार्पेन्टरको आवश्यकता छ। इच्छुक व्यक्तिले कम्पनीको नेपाल स्थित प्रतिनिधिलाई फोन नम्बर ४४७६११४ मा सम्पर्क राख्नुहोला।

• निकट भविष्यमा इटहरी र पोखरामा विस्तार हुन गैरहेको एक कम्पनीको शाखा कार्यालयका निम्ति स्नातक तह उत्तीर्ण गरेका दुई जना ब्रान्च म्यानेजर तथा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण दुई जना रिसेप्सनिस्टको आवश्यकता छ। योग्य व्यक्तिले आफ्नो सम्पूर्ण व्यक्तिगत विवरणसहित पोस्ट बक्स नम्बर १२६०४ मा आवेदन दिनुहोला।

## हाम्रो नेपालमा

### यौनसम्बन्धको मूल्य

नारी अस्मिताको मूल्य कति होला ? सभ्य तथा सुसंस्कृत मानिसका लागि अनमोल तर डडेलधुराका एक शिक्षकका लागि नारी अस्मिताको मूल्य ३० रुपैयाँ मात्र रहेछ। त्यसैले उनले आफूद्वारा यौन शोषणमा परेकी एक विधवा महिलालाई ३० रुपैयाँ क्षतिपूर्ति दिएर उनले समस्याबाट मुक्ति पाएका छन्। प्राप्त समाचारअनुसार विगत १२ वर्षदेखि आफ्नै गाउँकी विधवा महिलामाथि यौन शोषण गर्दै आएका डडेलधुराको विकट रूपाल गाविसको नारायण प्राथमिक विद्यालय, बलकाडेका निमित्त प्राधानाध्यापक तारासिंह ठगुराठीले आफ्नो कुकर्मको पोल खुलेपछि स्थानीय दलित विधवालाई ३० रुपैयाँ र एक हलको जमिन क्षतिपूर्ति बापत दिएका छन्। ठगुराठीले ती महिलाको यौन शोषण गरेको खुलासा ठगुराठीकै श्रीमतीले गरेकी थिइन्।

### अनौठो चक्काजाम

हामीकहाँ अनेक विषयमा अनेक थरीका राजनैतिक दलदेखि संघ-संस्थाहरूले आफ्नो माग पूरा गराउन चक्काजाम गर्ने गरेका छन्। यस्तो चक्काजामका पछाडि धेरैजसो राजनैतिक माग हुन्छन्, तर चन्द्रनिगाहपुरका बासिन्दाहरूले स्थानीय विद्यालयमा शिक्षकको माग गर्दै राजमार्गमा साढे तीन घन्टा चक्काजाम गरेर आफ्नो आक्रोश व्यक्त गरे। चक्काजामले चन्द्रनिगाहपुरमा पाँच दर्जन सवारी अलपत्रमा परेका थिए। जिल्ला प्रशासन कार्यालयको पहलमा शिक्षा कार्यालयले विद्यालयमा रिक्त शिक्षक भर्ना गर्न विद्यालयलाई अधिकार दिएपछि उक्त चक्काजाम खुलेको थियो। प्राप्त समाचारअनुसार चार महिनादेखि दुईवटा विषयको पढाइ नभएपछि उनीहरूले सम्बन्धित शिक्षकको माग राखेका हुन्।

### काजक्रिया गरेको मान्छे फर्किए

लास गाडेर क्रियाकर्म गरेको मानिस २२ दिनपछि फर्कंदा कसको मन नआत्तिएला ? यस्तै एउटा घटना मोरङ जिल्लाको शनिश्चरे गाउँमा घटेको छ। प्राप्त समाचारअनुसार शनिश्चरे गाविस वडा नम्बर १ ऐयाबारीका ४४ वर्षीय टेकबहादुर दर्जीको मृत्यु भएपछि विधिपूर्वक दाहसंस्कार गरिएको थियो तर उनी दाहसंस्कार गरिएको २२ दिनपछि घर फर्किएपछि उनका परिवार मात्र होइन, सबै गाउँले अचम्ममा परेका छन्। घटना विवरणअनुसार काजक्रिया गरिएका टेकबहादुर दर्जी अचानक घर फर्किएपछि उनको सनाखत गराउने प्रहरीसमेत जिल्ल परेका छन्। प्राप्त समाचारअनुसार जंगलमा भेटिएको लास टेकबहादुरको हो भनेर श्रीमती, छोराछोरी र बहिनीले सनाखत गरेपछि प्रहरीले सतगदका लागि २२ दिनअघि लास परिवारलाई बुझाएको थियो। लास बुझेपछि घरपरिवारले काजक्रियासमेत गरेको थियो। इलाका प्रहरी कार्यालय उर्लाबारीका अनुसार टेकबहादुर दर्जी झन्डै एक महिनाअघि उत्तरी मोरङतिर लुगा सिउने कामका लागि गएका थिए। त्यसपछि दर्जीको घरपरिवारले उक्त लास दर्जीकै भएको किटानी गरेपछि प्रहरीले परिवारलाई लास बुझाएको थियो।

### ससुरालाई दागबत्ती

हिन्दू परिवारले आफ्ना मृतकलाई निधनपछि अग्निसंस्कार गरेर क्रियाकर्म गर्ने परम्परा छ। मृतकलाई भएसम्म छोराले नभए भतिजा वा अन्य नजिकका पुरुष नातेदारले दागबत्ती दिने परम्परा छ, तर यस्तो परम्परालाई तोड्दै नवलपरासी दाउन्नेदेवी गाविस वडा नम्बर-२ सूर्यनगरकी एक महिलाले आफ्ना ससुरालाई दागबत्ती दिएकी छिन्। समाचारअनुसार मृतकका छोरा डेढ वर्षअघि रोजगारीका लागि कतारमा गएकाले ससुरा भीमबहादुर रानाको अचानक मृत्यु भएपछि बुहारी रिमा रानाले नवलपरासीको त्रिवेणीघाटमा दागबत्ती दिएकी हुन्।

### भूतले घाँटी अँठ्यायो

भूतप्रेत, पिशाच तथा बोक्सीजस्ता सामाजिक अन्धविश्वासलाई विज्ञानले भ्रम एवं गलत सावित गरे पनि नुवाकोटको एक गाउँमा विज्ञानलाई चुनौती दिँदै लगातार एउटा अदृश्य घटना भैरहेको छ। प्राप्त समाचारअनुसार सदरमुकाम विदुरदेखि १४ किलोमिटर उत्तर-पश्चिममा पर्ने सामरी गाविस वडा नम्बर १ सामरी भञ्ज्याङस्थित प्रहरीचौकीमा हरेक दिन त्यस्तो अचम्मको घटना घटिरहेको छ। उक्त चौकीमा प्रत्येक रात अज्ञात वस्तुको चलखेल हुने गरेको छ। रातको ठीक १२ बजे कुनै अदृश्य वस्तुले त्यहाँ कार्यरत प्रहरीलाई कहिले पालैपालो त कहिले एक जनालाई वा कहिले सबैलाई घाँटी अँठ्याउने गरेको छ। प्रहरी हवल्दार टीकाराम थापाका अनुसार त्यसरी घाँटी अँठ्याएपछि उक्त प्रहरी कम्तीमा पाँचदेखि सात मिनेटसम्म अर्धबेहोस हुन्छ। अर्धबेहोसीको अवस्थामा प्रहरीले देख्न त सबै देख्छ तर कुनै प्रतिक्रिया दिन सक्दैन र बोल्न खोजे पनि मुख खुल्दैन। तीन महिनाअघि मात्रै पुनःस्थापित उक्त प्रहरीचौकी यसअघि माओवादीको कब्जामा थियो। उक्त प्रहरी चौकीमाथि माओवादीले २०५६ साल पुस २६ गते आक्रमण गरेका थिए। त्यति बेला १० जनाको दरबन्दी रहेको उक्त चौकीमा प्रहरी निरीक्षक तुलबहादुर गुरुङ, प्रहरी जवानद्वय कुन्दनकुमार राजपूत र रामईश्वर तथा माओवादी प्लाटुन कमान्डर प्रेम ढकालको मृत्यु भएको थियो। अहिले कार्यरत प्रहरीहरूका अनुसार त्यहाँ तिनै मृतक प्रहरीको प्रेतात्माले दुःख दिइरहेको छ।

### र, अन्तमा

केही साताअघि हामीले नुवाकोटमा पीपलको पातबाट मोबाइल रिचार्ज भएको समाचार पढेका थियौं। यो साता कागजको नोटबाट आधा मिनेटमै मोबाइल चार्ज भएको समाचार आएको छ। समाचारअनुसार पोखरा नुडल्स प्रालिका घोराहीस्थित प्रतिनिधि डुनाराम न्यौपानेले घोराहीमा १ हजारको कागजी नोटबाट नोकिया मोबाइलको ब्याट्री आधा मिनेटमै चार्ज गरेर देखाएका छन्। न्यौपानेका अनुसार १ सयदेखि १ हजारसम्मका नयाँ नोटबाट मोबाइल ब्याट्री चार्ज गर्न सकिन्छ। भारतबाट नोटले मोबाइलको ब्याट्री चार्ज गर्न सिकेर आएको बताउँदै न्यौपानेले मोबाइलको ढक्कन खोलेर ब्याट्री चार्ज गरेर देखाएका थिए। कागजको नोटमा राखिने मसिनो तारमा विद्युतीय क्षमता हुने भएकाले सूर्यको प्रकाश तारमार्फत् ब्याट्रीमा प्रसारण हुँदा ब्याट्री चार्ज हुने दाबी न्यौपानेको छ। नोटबाट मोबाइलको ब्याट्री कसरी चार्ज हुन्छ भन्ने कुराको वैज्ञानिक आधार नभेटिए पनि रातको समयमा नोटबाट मोबाइलको ब्याट्री चार्ज नहुने भएकाले रुपैयाँको तारमा विद्युतीय क्षमता भएका कारण मोबाइल चार्ज हुन सक्ने अनुमान गरिएको छ।

### चियाबारीमा स्पेनी



कन्याम (इलाम)- चियाबारीको हरियाली सौन्दर्यले ढाकेको कन्याम गाउँबाट बिदा हुनैलाग्दा तीन दिनअघि एक हूल स्पेनी पर्यटकको अनुहारमा निकै गम्भीर, हर्षित एवं उत्साहको भाव झल्किएको थियो। स्थानीय चिया किसान डम्बर कटुवालको निम्तोमा नेपाली परिकार कपाकप खाएपछि उनीहरू बिदाइ थाप्न कुर्सीमा लहरै बसे। उनीहरूलाई कटुवाल दम्पतीले अबिर र फूलमाला पहिर्‍याई हार्दिकतापूर्वक बिदाइ गर्न लाग्दा फेरि खासखुस चल्यो।

मातृभाषामा गफ गरेकाले स्पेनीहरूको पूरै कुराकानी भने बुझ्न सकिएन तर त्यसको सारचाहिं नजिकैको भाग्योदय प्राथमिक विद्यालयलाई आर्थिक सहयोग गर्ने भन्ने रहेछ। 'हामीलाई यस्तो भव्य स्वागत र बिदाइ गर्ने विद्यार्थी पढ्ने स्कुललाई यथाशक्य केही सहयोग गर्ने भयौं,' चार सदस्यीय भ्रमण टोलीकी अगुवा पर्यटक मारिया एलिनाले भनिन्– 'हाम्रो गोजीखर्च कटाएर दिइएको यो पैसा स्कुलको पूर्वाधार विकासमा खर्चिनुहोला।' त्यसपछि उनले दसवटा हजारका नोट गोजीबाट निकालेर कटुवाललाई दिइन्। विद्यालयको सबै चाँजोपाँजो मिलाउने व्यवस्थापन समिति अध्यक्ष कटुवालले स्पेनी पर्यटकबाट पाएको पैसा गोजीमा हालेपछि नमस्ते गर्दै 'थ्याङ्क्यु, फर योर सपोर्ट।'

प्राकृतिक विविधताले भरिपूर्ण कन्याम बसाइ उनीहरूका लागि त पक्कै अविस्मरणीय रह्यो नै, गाउँलेलाई पनि त्यस्तै महसुस भयो। 'घमाइलो ठाउँ जस्तै मानिस पनि रमाइला,' समग्र कन्यामको चित्रण गर्दै दूरदेशबाट आइपुगेका पर्यटक जोस मारियाले भने– 'ठाउँजस्तै नौलो अनुभव बटुल्न पाइयो।' चोयाले बुनेको बाँसको टोकरी बोकेर मजदुरसँग चियापत्ती टिपेको, वरका पातको दुना-टपरी गाँसेको र गाउँले महिलासँग मागेर सारी लगाएको क्षण जिन्दगीभर नबिर्सने बताउँदै थिए स्पेनीहरू। 'काठमाडौंदेखि टाढा भए पनि सुविधा र सौन्दर्यले ढपक्क ढाकेको रहेछ,' इलामको महिमा गाउँदै पेसाले वकिल रहेकी एलिनाले थपिन्- 'यो ठाउँ त जोकोहीले घुम्नैपर्ने रहेछ।'

–बेनुपराज भट्टराई

## कान्तिपुर समाचार डायरी

### नेपालमा १ सय २६ भाषा

अहिले नेपालमा प्रचलित कुसुन्डा र सांकेतिक भाषाबाहेक १ सय २६ भाषा प्रचलनमा छन्। प्रचलित भाषाहरू भारोपेली, चीन-तिब्बती, आग्नेसियाली तथा द्रविड परिवारका भाषा हुन्। यसअघि केन्द्रीय तथ्यांक विभागले नेपालमा ९२ भाषा मात्र प्रचलनमा रहेको जनाएको थियो।

### नेपालीको आम्दानी बढ्यो

नेपालीहरूको प्रतिव्यक्ति वार्षिक आम्दानी ३ सय ८३ डलर पुगेको छ। केन्द्रीय तथ्यांक विभागले राष्ट्रिय लेखा प्रणाली गणनामा नयाँ पद्धति अवलम्बन गरेपछि यो तथ्य सार्वजनिक भएको हो। यसअघि नेपालीहरूको प्रतिव्यक्ति वार्षिक आम्दानी ३ सय ११ डलर थियो।

### बीस वाणिज्य बैंकको मुनाफा साढे ६ अर्ब

आर्थिक वर्ष ०६३/०६४ मा नेपालका २० वटा वाणिज्य बैंकले साढे ६ अर्ब रुपैयाँ मुनाफा कमाएका छन्। जबकि यस अवधिमा नेपालको अर्थतन्त्र जम्मा साढे २ प्रतिशतले वृद्धि भएको थियो। वाणिज्य बैंकहरूले यस्तो नाफा कमाउने क्रममा अघिल्लो वर्ष खुद नोक्सानीमा गएका नेपाल बंगलादेश बैंक र लुम्बिनी बैंकले समेत नाफा कमाएका छन्। यसरी नाफा कमाउने बैंकहरूमध्ये निजी क्षेत्रको स्ट्यान्डर्ड चार्टर्ड बैंक अग्रस्थानमा छ।

### अझै हजारभन्दा बढी बेपत्ता

दस वर्षे सशस्त्र द्वन्द्वका क्रममा वेपता पारिएका मानिसहरूको संख्या १ हजारभन्दा बढी रहेको देखिएको छ। यसरी बेपत्ता पारिनेहरूको संख्या रेडक्रसको अन्तर्राष्ट्रिय समितिको सूचिमा १ हजार ४२ छ भने राष्ट्रिय मानवअधिकार आयोगको सूचिमा ९ सय २५ छ। मानवअधिकार आयोगको सूचि अनुसार वेपत्ता पारिनेहरूमध्ये ६ सय ४५ जनालाई राज्य पक्षले तथा २ सय ६० जनालाई माओवादी पक्षले वेपत्ता पारेका हुन।

### १ सय २० मुलुकमा नेपाली उत्पादन निकासी

नेपालबाट अहिले विश्वका १ सय २० मुलुकमा नेपालमा उत्पादित १ सय ४० प्रकारका उत्पादन निर्यात भैरहेका छन्। आर्थिक वर्ष ०६३/०६४ को तथ्यांकअनुसार नेपालबाट १५ अर्ब २९ करोड रुपैया बराबरको नेपाली उत्पादन निर्यात भएको छ। अघिल्लो वर्षको तुलनामा यो निर्यात ६ दशमलव ८ प्रतिशतले कम हो।

### हिउँदमा दैनिक एघार घन्टा लोडसेडिङ

आगामी हिउँददेखि नेपाल विद्युत प्राधिकरणले मुलुकभर दैनिक ११ घन्टा लोडसेडिङ गर्ने भएको छ। यसका लागि मुलुकमा बढ्दो विद्युत माग र कमजोर आपूर्ति व्यवस्थालाई जिम्मेवार ठहर्‍याइएको छ। हाल नेपालमा विद्युतको माग ६ सय ७० मेगावाट छ भने उत्पादन जम्मा ५ सय ७० मेगावाट छ।

# आयुर्वेदको अध्ययन कहाँ र कसरी ?




विश्वमा आदिमकालदेखि नै जडिबुटीमा आधारित आयुर्वेद चिकित्सा-पद्धतिबाट विभिन्न रोगको उपचार हुँदै आए पनि आयुर्वेद चिकित्सा पद्धतिसम्बन्धी अध्ययन-अध्यापन धेरैपछि मात्र सुरु भएको हो । नेपालमा त्रिभुवन विश्वविद्यालय अन्तर्गत २०२९ सालमा आयुर्वेदको अध्ययन गर्न थालिए पनि नियमित रूपमा यो विषयको अध्ययन-अध्यापन २०५३ सालपछि मात्रै हुन थालेको हो । हाल स्नातक तहमा बर्सेनि १५ जनाको कोटामा विद्यार्थी भर्ना गरी परम्परागत जडीबुटी प्रयोग, औषधि उत्पादन विधि, आयुर्वेदीय ज्ञान एवं चिकित्सकीय सीपहरूहरूका बारेमा अध्यापन भैरहेको छ ।

महेन्द्र संस्कृत विश्वविद्यालय अन्तर्गतका विभिन्न क्याम्पसमा पनि प्रमाणपत्र तहमा आयुर्वेदको कक्षा सञ्चालन भैरहेको छ । महेन्द्र संस्कृत विश्वविद्यालयसँग सम्बद्ध दाङ, पोखरा, जनकपुर, गौर तथा कपिलवस्तु गरी सातवटा ठाउँका क्याम्पसले प्रमाणपत्र तहस्तरमा आयुर्वेदको कक्षा सञ्चालन गरिरहेका छन् । स्नातक तहको अध्यापन भने त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थानअन्तर्गत कीर्तिपुरस्थित आयुर्वेद क्याम्पसमा मात्र हुन्छ ।

बायोलोजी मुख्य विषय लिई आईएस्सी वा +२ सकेपछि सबै विषयमा न्यूनतम् ५० प्रतिशत अङ्क ल्याउनेले आयुर्वेद क्याम्पसमा भर्ना हुन पाउँछन् । स्नातक तहको आयुर्वेदलाई बीएएमएस (ब्याचलर इन आयुर्वेदिक मेडिसिन एन्ड सर्जरी) पनि भनिन्छ । स्नातक तहको अध्ययनका लागि ५ हजार २ सय ५० अंकको कोर्स डिजाइन गरिएको छ, जसमा २ सय अङ्कको संस्कृत भाषा तथा विशेष शब्दावली पनि अध्ययन गर्नुपर्छ । आयुर्वेदको अध्ययनलाई तीन चरणमा विभाजन गरिएको छ ।

पहिलो चरणमा २ सय पूर्णाङ्कको संस्कृत, शरीर रचना विज्ञान, आयुर्वेदको इतिहास, अस्टाङ संग्रह, पदार्थ विज्ञान (मन, शरीर र आत्मासम्बन्धी) विषय आदि अध्ययन गर्नुपर्छ । त्यस्तै दोस्रो चरणमा सर शास्त्र (खनिज, जडिबुटी र प्राविधिक कुरा), भैसज्य कल्पना (औषधी बनाउने विधि) र द्रव्य गुण विज्ञान, रोग तथा विकृति विज्ञान, चरक संहिता (प्रथम भाग) आदि विषय पढ्नुपर्छ । तेस्रो चरणको अध्ययनमा काया चिकित्सा, चरक संहिता, कौमार भृत्य (बाल तथा स्त्री र प्रसूति रोगसम्बन्धी सैद्धान्तिक र व्यवहारिक दुवै), शल्य तन्त्र, सालक्य विज्ञान (घाँटीभन्दा माथिका अङ्गहरूका बारेमा) जस्ता विषय अध्ययन गर्नुपर्छ ।

आयुर्वेदको अध्ययन कसैलाई गाह्रो त कसैलाई सजिलो लाग्ने गरेको स्नातक तहका विद्यार्थी वंशवदा आचार्य बताउँछन् । रुचि राख्ने तथा संस्कृतको आधारभूत ज्ञान हुनेलाई आयुर्वेदको अध्ययन सजिलै भएको आचार्यले बताए ।

यो विषय पढ्न भर्ना हुँदा रु. ३६ हजार खर्च लाग्ने भए पनि साढे पाँच वर्षको तीन चरणको अवधिभित्र अनुमानित १ लाख खर्च लाग्छ । रु. १ लाखले साढे पाँच वर्षको फि तिर्न र किताब किन्न पुग्छ । आयुर्वेद क्याम्पसले छात्राहरूका लागि आवासको व्यवस्था गर्न नसके पनि छात्रहरूका लागि भने पूर्ण रूपमा आवासीय अध्ययन को व्यवस्था गरेको छ ।

आयुर्वेदको अध्ययनका लागि बर्सेनि विद्यार्थी भर्ना लिइन्छ । आयुर्वेदको अध्ययन सम्पन्न गर्न साढे पाँच वर्ष लाग्छ । ४ वर्ष ६ महिना ऐकेडेमिक कोर्स र एक वर्ष इन्टर्नसिप गरेपछि आयुर्वेदिक चिकित्सकको उपाधि प्राप्त हुन्छ । यस्ता चिकित्सकले एमबीबीएससरह बीएएमएस पद लेख्न र नेपाल सरकारको कर्मचारीको सातौं, आठौं तहमा रोजगारी पाउँछन् । अर्कातिर आयुर्वेदमा महेन्द्र संस्कृत विश्वविद्यालयअन्तर्गत प्रमाणपत्र तह उत्तीर्ण गरेकाहरूले स्वास्थ्य सहायकसरहको रोजगारी पाउँछन् ।

स्नातक तहमा आयुर्वेदको अध्ययन गर्ने विद्यार्थीहरू आयुर्वेद शिक्षाको अध्ययनसँगै एलोप्याथिक मेडिसिन र पोस्टमार्टम तथा सर्जरी (चिरफार) को पनि सैद्धान्तिक एवं प्रयोगात्मक अध्ययन र अभ्यास गर्न पाउँछन् । यस क्रममा एक्सरे (रेडियोलोजी), गायनोक्लोजी (स्त्री र प्रसूति) सम्बन्धी पनि अध्ययन गर्ने हुनाले इमर्जेन्सी बिरामीका लागि एलोप्याथिक औषधि सिफारिस गर्न, उपचार गर्न र पोस्टमार्टम गर्न पाउँछन् । हालसम्म आयुर्वेद क्याम्पसबाट ६० जना आयुर्वेदिक चिकित्सक उत्पादन भएका छन् भने ती सबैले रोजगारी पनि पाइसकेका छन् ।

एक तथ्यांकअनुसार नेपालमा ६० प्रतिशतभन्दा बढी जनसंख्या प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा यो चिकित्सामा आश्रित छन् । विश्वभर यो पद्धतिको लोकप्रियता व्यापक हुँदै गएको (२००० -२००५ रणनीति) विश्व स्वास्थ्य संगठनले स्वीकार गरेकाले आयुर्वेद शिक्षाको अध्ययन एवं चिकित्साको राम्रो सम्भावना छ ।

हाल आयुर्वेद विभागअन्तर्गत नेपालभरका ६७ जिल्लामा एक आयुर्वेद स्वास्थ्य केन्द्र तथा ती केन्द्रको मातहतमा कुल २ सय १६ आयुर्वेद औषधालय छन् । प्रत्येक स्वास्थ्यकेन्द्रमा एक जना चिकित्सकको दरबन्दी छ । पचहत्तर जिल्लामा यसका सेवा दिने संस्थाहरूको उपस्थिति छ । जसअन्तर्गत सय शैयाको केन्द्रीय अस्पताल र तीस शैयाको क्षेत्रीय अस्पताल छन् । यी संस्थाहरूमा उच्च, मध्यम र निम्नस्तरीय आयुर्वेद स्वास्थ्यकर्मीहरू कार्यरत रहे पनि यस्तो जनशक्तिको माग दिन-प्रतिदिन बढ्दो छ ।

आयुर्वेद विभागअन्तर्गत जिल्ला स्वास्थ्य केन्द्र एवं अञ्चल औषधालयको मातहतमा परम्परागत स्वास्थ्य सेवाकर्मीहरूको तालिमबाहेक अरू कुनै कार्यक्रम छैन । ३ सय ६१ वर्ष पुरानो औषधी निर्माण कम्पनी शिंहदरबार वैद्यखाना, ९१ वर्ष पुरानो आयुर्वेद चिकित्सालय तथा ७८ वर्ष पुरानो आयुर्वेद क्याम्पस बिना योजना, बिना प्रतिस्पर्धा चलिरहेका छन् । राज्य सञ्चालकदेखि लिएर नीति-निर्माणकर्ताहरू हुँदै आयुर्वेद पेसाकर्मीहरू सम्ममा यसको विकास गर्ने सोच एवं प्रतिबद्धताको कमी देखिन्छ ।

-भोला

# विद्यार्थीमा हुनुपर्ने पाँच गुण



विद्यार्थी अवस्था नै जीवनको सबैभन्दा महत्त्वपूर्ण क्षण हो जहाँ मानिसको सम्पूर्ण समय विद्या आर्जनका लागि खर्च हुन्छ । यस्तो महत्त्वपूर्ण समयको सदुपयोग हुन नसक्दा जीवन अल्मलिन वा लक्ष्य प्राप्तिबाट वञ्चित हुन सक्छ । अतः कुनै पनि विद्यार्थीले सावधानीका साथ सही मार्गमा अग्रसर हुनुपर्छ । परीक्षामा राम्रो नतिजा ल्याउन तथा शिक्षाकै खुट्किलो टेकेर आफ्नो जीवनको लक्ष्यमा पुग्नका लागि विद्यार्थीमा पाँचवटा गुण आवश्यक छ ।

**काग जस्तो चनाखो बन्नु** : विद्यार्थीका लागि आवश्यक पहिलो र प्रमुख गुण हो- चतुरता अर्थात् चनाखोपन । अध्ययनमा सफलता हासिल गर्न कुनै पनि विद्यार्थीमा चनाखो रहने स्वभाव एवं गुण अत्यावश्यक छ । अध्ययन, मनन र पठनपाठनमा चनाखो नहुने विद्यार्थी सक्षम तथा जान्ने भएर पनि पछाडि परेका उदाहरण प्रशस्तै छन् । आफ्नो अनुकूल वा प्रतिकूल, गाह्रो वा सजिलो विषय अनुसार अध्ययनको समय विचार गरेर पठनपाठनमा चतुर विद्यार्थी सबै विषयमा सफल हुन्छ । कागलाई सदैव सचेत एवं चनाखो रहने गुण प्रदान गरेकाले विद्यार्थी पनि काग जस्तै चतुर र चलाख बन्नुपर्छ भनिएको हो ।

**बकुल्लाको जस्तो ध्यान** : कुनै पनि कार्यसिद्धि एवं सफलताका लागि ध्यान वा एकाग्रताको भूमिका महत्त्वपूर्ण छ । त्यसमा पनि विद्या आर्जनमा एकाग्रताको महत्त्व सर्वाधिक छ । विषयवस्तुमा मन एकाग्र नबनाई गरिएको अध्ययन व्यर्थ हुन्छ । जसरी बगिरहेको पानीमा आफ्नो रूपको प्रतिबिम्ब देखिँदैन तर स्थिर तलाउमा स्पष्ट देख्न सकिन्छ त्यसैगरी आफ्नो चञ्चल चित्तलाई स्थिर राखेर गरिएको अध्ययनबाट असम्भव पनि सम्भव हुन्छ । विद्या आर्जनमा सफल हुन बकुल्लाको जस्तो ध्यान एवं एकाग्रता हुनुपर्छ । बकुल्ला त्यस्तो पक्षी हो जो खोलाको किनार वा खेतबारी (पानी जमेको स्थान) मा तबसम्म ध्यानपूर्वक स्थिर र एकाग्र भएर बस्छ जबसम्म उसको अघिल्तिर कुनै आहार (माछा वा अन्य त्यस्तै जीव) फेला पर्दैन ।

**कुकुरको जस्तो निद्रा** : कुनै पनि विषयमा पारङ्गत भएर लक्षित उद्देश्य प्राप्त गर्ने कार्यमा मुख्य बाधक वा बैरी निद्रा (अतिनिद्रा) हानिकारक छ । विद्या आर्जनमा संलग्न विद्यार्थीका लागि त यो सबैभन्दा ठूलो शत्रु हो । धेरै सुत्नाले मन र बुद्धिमा प्रतिकूल प्रभाव पर्छ यसको प्रत्यक्ष असर अध्ययनमा हुन्छ । प्राणी जगतमा नै सबैभन्दा पातलो निद्रा भएको र रातको जुनसुकै समयमा पनि तत्काल जागा बन्न सक्ने विशेषता भएको प्राणी कुकुर भएका कारण विद्यार्थीमा हुनुपर्ने विशेषतामा कुकुरको जस्तो निद्रा हुनुपर्छ भनेर जोड दिइएको छ । पढ्ने समयको ख्याल नगरी सुतिरहने विद्यार्थीको प्रगति सम्भव हुँदैन ।

**अल्पाहार** : विद्यार्थी अवस्था नै जीवनको त्यस्तो अवस्था हो जुनबेला विद्या आर्जन गर्नु एक मात्र उद्देश्य हुन्छ । यो उद्देश्य प्राप्तिका लागि कतिपय कुराहरू त्याग गर्न सक्नुपर्छ । नाता र खानामा भुलिरहनेहरूले लक्ष्य प्राप्त गर्न सक्दैनन् । विद्यार्थी अवस्था खाने, पिउने र भोग विलासलाई महत्त्व दिने समय होइन । विद्यार्थीहरूले ऐस-आराम, सुख सुविधा र अति भोग (बढी खानपान) परित्याग गरेर ध्यान विद्या आर्जनमा केन्द्रित हुनुपर्छ । सधैं उचित मात्रामा आहार गरेर गह्रुँगो, भारी र आलस्ययुक्त शरीरबाट बच्नुपर्छ । उचित र नियमित खानाले शरीर तन्दुरुस्त एवं फुर्तिलो हुन्छ भने बढी खानाले शरीर भद्दा र भारी हुने डर रहन्छ ।

**गृह त्याग (घरपरिवारबाट टाढा रहनु)** : एउटा असल विद्यार्थीमा हुनुपर्ने प्रमुख गुणमध्ये गृह त्याग पनि एक हो । गृह त्याग भन्नाले केवल घर छाड्नु मात्र नभई अति सेवाको त्याग पनि हो । यस्तै विद्यार्थीले घरपरिवार, कामधन्दामा लिप्त (आशक्त) नभएर अध्ययनमा तनमनले समर्पित भएर लागिपर्ने सहज स्थिति वा अनुकूल वातावरण गृह त्यागबाट सम्भव हुने भएकाले पनि विद्यार्थीले गृह त्याग गर्नुपर्छ भनिएको हो । अतः पढाइ वा विद्या अध्ययनका निम्ति अनुकूल मनस्थिति र परिस्थिति सिर्जना गर्न आवश्यक भए घर छोड्न वा घरपरिवारबाट टाढा रहन पनि सक्नुपर्छ ।

-किरण काफ्ले

विज्ञान

## अब डोडो ब्युँतिने



सन् १६८१ तिर मरिससबाट पूर्णरूपमा लोप भैसकेको डोडोलाई अहिले वैज्ञानिकहरू ब्युँताउने प्रयास गरिरहेका छन् । बेलायतको संग्रहालयमा सुरक्षित डोडो चराको टाउको र खुट्टाबाट वैज्ञानिकहरूले डीएनए निकाल्ने प्रयास गरिरहेका छन्, साथै उनीहरूले डोडोको पुर्खा पनि पत्ता लगाइसकेका छन् । हिन्द महासागरमा एक जातको परेवा पाइन्छ जसको पूर्वज डोडो नै थियो भन्ने विश्वास गरिएको छ । अनुसन्धानबाट डोडोको जिन चिन्न सकिए डोडो पुनः ब्युँतिने आशा वैज्ञानिकहरूको छ ।

## उभयचर लोप हुँदैछ

श्रीलंकाका वन्यजन्तु विशेषज्ञले ३५ नयाँ प्रजातिका उभयचर पत्ता लगाएका छन् भने अन्य १९ प्रजातिक उभयचर वातावरणीय सन्तुलन नमिलेका कारण लोप भएको पुष्टि गरेका छन् । एक दशक लामो अध्ययन तथा अनुसन्धानका क्रममा विशेषज्ञहरूले भ्यागुताका लागि विश्वकै सर्वाधिक उपयुक्त बासस्थान मानिएको श्रीलंकामा ३५ नयाँ प्रजातिका उभयचर फेला पारेका थिए ।

श्रीलंका तथा कोस्टारिका विश्वमै सर्वाधिक प्रजातिका जीव रहेका मुलुक मानिन्छन् । त्यहाँ गरिएको अध्ययनका क्रममा पहिले थाहा नभएको जैविक विविधता पाइएको छ, जसअन्तर्गत पाँच थरी नयाँ प्रजातिका सर्प, १६ नयाँ प्रजातिका गँगटा तथा सात नयाँ प्रजातिका माउसुली पाइएको थियो । यस विषयलाई समेटेर तयार गरिएको प्रतिवेदनको शीर्षक 'रेफल्स बुलेटिन अफ जुलोजी' राखिएको छ ।

## शिशुग्रहबाट खतरा

हाम्रो सौर्यमण्डलको मंगल र वृहस्पति ग्रहको बीचमा ठूलो खाली ठाउँ छ । जहाँ असंख्य मात्रामा शिशुग्रह रहेको वैज्ञानिकहरूले पत्ता लगाएका छन् । वैज्ञानिकहरूले हालसम्म १ हजार ८ सय जति शिशुग्रह पत्ता लगाइसकेका छन् । भविष्यमा यसको संख्या १० हजारजति पुग्ने वैज्ञानिकहरूले अनुमान गरेका छन् । पृथ्वीबाट ५ लाख किलोमिटरको दूरीबाट ६ लाख टन बराबर वजन भएका शिशुग्रह ६० हजार किलोमिटर प्रतिसेकेन्डको गतिमा घुमिरहेका छन् । ती शिशुग्रह पृथ्वीमा ठोक्किएमा पृथ्वीका सहरहरू धूलोपिठो हुने वैज्ञानिकहरूले अनुमान गरेका छन् ।

वैज्ञानिक पिटर जेफर्सन भन्छन्- ५ लाख किलोमिटरको दूरी भनेको कुनै लामो होइन । खगोलीय एकाइमा यो रौं जतिको दूरी मानिन्छ । यदि ती शिशुग्रह पृथ्वीमा खसे ४० हजार मेघाटन भएको हाइड्रोजन बम विस्फोटन भए बराबरको क्षति हुनसक्छ । शिशुग्रह ताराजस्तै चम्किने भएकाले यसलाई आकाशीय पिण्ड मान्नुपर्ने वैज्ञानिकहरूको तर्क छ । शिशुग्रहको आकार १ दशमलव ६ किलोमिटरदेखि ८ सय किलोमिटरसम्म लामो हुन्छ ।

# नेपालका स्थानीय धान लोप हुने अवस्थामा

नेपालको मध्यतराईबाट पचासभन्दा बढी धानका स्थानीय प्रजाति लोप हुने अवस्थामा पुगेका छन् । मध्यतराईमा धानको संरक्षण एवं विकासको क्षेत्रमा काम गरिरहेका विभिन्न पाँच संस्थाले हालै गरेको अध्ययनले धानका स्थानीय प्रजाति लोप हुने क्रम बढेको देखाएको हो । कृषि विकास तथा संरक्षण समाज, जैविक विविधता, अनुसन्धान पहल (लिवर्ड), नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) तथा अन्तर्राष्ट्रिय वानस्पतिक आनुवांशिक स्रोत संस्था इफ्रीले बारा, पर्सा एवं रौतहटमा गरेको अध्ययनमा स्थानीय जातका धान लोप हुँदै गएको देखिएको हो ।

उन्नत जातको धानको खेतीमा वृद्धि भएका कारण पनि स्थानीय प्रजातिका धान लोप हुने अवस्थामा पुगेको बताइन्छ । स्थानीय प्रजातिका धानको उत्पादन कम भएका कारण पनि खेती गर्ने क्रम घटेको निष्कर्ष अध्ययनले निकालेको छ । त्यसैगरी स्थानीय प्रजातिको धानको बोट अग्लो भएर ढल्नु तथा नीतिगत तहमा उन्नत जातका धानको प्रचारप्रसार बढी महत्व पाउनुले पनि स्थानीय प्रजातिको धान लोप भएर जाने खतरा बढेको अध्ययन प्रतिवेदनमा उल्लेख छ । एक तथ्यांकअनुसार नेपालमा उन्नत जातका धानको विकास हुनुभन्दा पहिले दुई हजारभन्दा बढी स्थानीय जातका धानको खेती गरिन्थ्यो । हाल यो संख्या घटेर दुई सयमा सीमित भएको छ ।

मध्यतराईबाट भदैया, वासमती तथा मसिनो धान पानी जम्ने जग्गामा लगाइने धानका प्रजाति लोप हुने खतरा देखिएको छ । भदैया धानअन्तर्गत पर्ने नखिसारो, मुट्मुर, सोट्वा, साठी बगरी रांगो, सिकिचन जातका धान लोप हुने अवस्थामा पुगेका छन् । त्यसैगरी गजरगौल, दुधिसारो, भेलासारो, झर्लाझी, कटौंस जातका धान पनि लोप हुने खतरामा रहेको अध्ययनको निष्कर्ष छ ।

मध्यतराईमा पाइने वासमती तथा मसिनो धानका लल्का वासमती, करिया, कमोद, चेंगउल, रमनी, बरमभुसी, उजर्का वासमती (एक), उजर्का वासमती (दुई) पनि लोप हुन लागेको सूचीमा परेका छन् । बहार्नी, मालभोग, रामजवाइन, घिउकुमार, लाझी, बलमसार, महाजोगनी तथा मतीसर जस्ता रैथाने धान पनि लोप हुने अवस्थामा पुगेका छन् । प्रसस्त पानी हुने ठाउँमा लगाइने भठी, जगरनथिया, सिलहट, लालटेंगर, रजला, मधुमाला, कर्मा, दुधराज पनि लोप हुने सूचीमा छन् । त्यसैगरी छतराज, हरिणकेर, मन्सरा, आमाघौंज, परेवापाँख, करिया केहा, मरिया केहा, आँगा, पाखर, रातागोला, लल्का जेसरिया, उजर्का जेसरिया, बत्सर, बुढिया डाइन, बंगलिया, भाँडसर, अनदी तथा जलमर्दन पनि लोप हुने धानको सूचीमा रहेको अध्ययनको निष्कर्ष छ ।



### खाद्यवस्तु उत्पादनमा कमी

नेपालमा कृषि उत्पादनमा भूमण्डलीय उत्सर्जनले ३० प्रतिशतभन्दा बढीले ह्रास हुने देखिएको छ । नेपालका प्रमुख बालीहरूलाई ग्लोबल वार्मिङसँग जोडेर गरिएको अध्ययन प्रतिवेदनअनुसार विश्वव्यापी समस्या बन्दै गएको तापक्रम वृद्धिबाट नेपालका प्रमुख बालीमा प्रत्यक्ष असर परी उत्पादन घटेको छ । तापक्रम वृद्धिको असर नेपालमा सबैभन्दा बढी मकैबालीमा परेको छ त्यसैगरी कोदो, उखु, धान, गहुँ र आलुमा पनि त्यस्तो असर परेको छ । तापक्रम वृद्धिका कारण नेपालमा मकैको उत्पादन ३० देखि ४० प्रतिशतसम्म घटेको बताइन्छ ।

नेपालका प्रमुख कृषिबालीलाई ग्लोबल वार्मिङको असरबाट बचाउन प्राकृतिक स्रोतको रक्षा गर्नु नै प्रमुख उपाय भएको बताइन्छ । विश्वमा हाल प्रदूषण बढेका कारण तथा प्राकृतिक स्रोतहरू दिनहुँ विनाश भैरहेकाले ग्लोबल वार्मिङ समस्याका रूपमा देखिएको छ । यसअघि नै विश्व वन्यजन्तु कोषले अन्तर्राष्ट्रिय रूपमा ग्लोबल वार्मिङका कारण पानीका साथै कृषिलगायत मानवीय आवश्यकताका महत्त्वपूर्ण वस्तुहरूको उत्पादनमा ह्रास आउने निष्कर्ष आफ्नो प्रतिवेदनमा उल्लेख गरिसकेको छ ।

## जिज्ञासा

•सुदन झा, कम्प्युटर कन्सल्टेन्ट

**प्रश्न : Bios “eature को सेटअपमा गएर सेक्युरिटी अप्सनमा पासवर्ड राख्न बिर्सिए सि-मोस ब्याट्री निकालेर कति बेरसम्म पर्खनुपर्छ ? के यो पर्खाइ कम्प्युटर अनुसार फरक-फरक हुन्छ ? यदि फरक हुन्छ भने केका आधारमा हुन्छ ? त्यसैगरी कम्प्युटर सि.पि.यु. लाई खोल्दा कम्प्युटरबाट बिपिङको आवाज पटक-पटक आउँछ तर मोनिटर डिस्प्ले गर्दैन, किन ? यो के कारणले हुन्छ र यसको समाधान कसरी गर्न सकिन्छ ?**

**दिनेश श्रेष्ठ, इमेलबाट**

**उत्तर** : यदि सेटअप पासवर्ड बिर्सिएको खण्डमा हामीले कम्प्युटर खोलेर सि-मोस ब्याट्री निकाल्दा द्यष्यक मा भएका डाटाहरू रिफ्रेस हुन्छ । सि-मोस ब्याट्री निकालिसकेपछि एकछिन् पर्खनुपर्छ । यसमा टाइमिङ भने कम्प्युटरको सर्किटअनुसार फरक पर्छ ।

कम्प्युटर सि.पि.यु. लाई खोल्दा अर्थात् अन गर्दा बिपिङको आवाज आउनुको मुख्य कारण मेमोरी हुनसक्छ । त्यसकारण मेमोरीलाई टाइप गरेर राख्नुपर्छ । यसका साथै अरू कार्डहरू राम्रोसँग टाइप नभएको खण्डमा पनि समस्या उत्पन्न हुनसक्छ । सि.पि.यु. मा मेमोरीको मुख्य भूमिका हुन्छ । त्यसकारण मेमोरीलाई टाइप गरेर राख्नुपर्छ । यसका साथै अरू कार्डहरू राम्रोसँग टाइप नभएको खण्डमा पनि यस्तो हुनसक्छ । सि.पि.यु. मा मेमोरीको मुख्य भूमिका हुन्छ । त्यसकारण यदि मेमोरिको समस्या भए मोनिटर डिस्प्ले हुँदैन ।

## स्वास्थ्य जाँच्ने कपडा

युरोपेली वैज्ञानिकहरूले मानवशरीरको स्वास्थ्य जाँच गर्ने कपडा विकसित गरेका छन् । यसको नाम इन्टेलिजेन्ट टेक्स्टाइल राखिएको छ । यसमा विभिन्न प्रकारका सेन्सर राखिएका छन् । ती सेन्सरले शरीरबाट निस्कने रगत, पसिनाजस्ता तरल पदार्थको निगरानी गर्छन् । यसबाट सेन्सरले शरीरमा तिनको अवस्था पत्ता लगाउँछन् । अस्पतालमा भर्ना भएका, लामो समयदेखिका बिरामी तथा घाइते खेलाडीहरूको रोगको अवस्था पत्ता लगाउन यसले निकै सहयोग पुग्नेछ । युरोपियन युनियनको एक योजनाअन्तर्गत यस्तो कपडा विकसित गरिएको हो । हाल यो कपडा प्रयोगशालामा तयार भएको छ । अब स्वयंसेवकहरूमा यसको परीक्षण गरिनेछ ।

# बन्दैछ अन्तरिक्षमा होटल

पृथ्वीबाहिर भ्रमण गर्न चाहनेहरूका लागि एउटा नयाँ विकल्प आउँदैछ, त्यो पनि अन्तरिक्षमा । उक्त होटलमा पृथ्वीका होटलमा बसेर, खाएर थाकेकाहरूले एउटा नयाँ अनुभुति गर्नेछन् । पृथ्वीभन्दा बाहिरको संसारमा सन् २०१२ सम्ममा ग्यालेक्टिक सुइट नामक होटल निर्माण भैसक्नेछ । यसका लागि अग्रिम बुकिङको कार्य भने आगामी वर्षदेखि प्रारम्भ हुनेछ । पृथ्वीदेखि ४ सय ५० किलोमिटरको दूरीमा उक्त होटलको निर्माण हुँदैछ । त्यहाँ पुग्नका लागि ८० मिनेट समय लाग्नेछ । यो होटलमा ३ दिन बसेर रोमाञ्चित हुन ४० लाख डलर खर्च गर्नुपर्नेछ । उक्त होटलमा एक दिन बस्दा १५ पटक सूर्य उदाएको देख्न सकिन्छ ।

त्यहाँ पुग्न भने त्यति सजिलो छैन । त्यहाँ गुरुत्वाकर्षण बल नभएका कारण सजिलोसँग बस्न सकिँदैन र नुहाउन पनि समस्या हुन्छ । बाथरुम बनाउन पनि समस्या हुने भएकाले त्यहाँ स्पा बाथको सुविधा उपलब्ध गराइनेछ । यात्रीहरू स्पा रुममा गएर पानीमा तैरिंदै नुहाउनेछन् । यी सबैका लागि यात्रीहरूले त्यहाँ जानुभन्दा अघि कमसेकम ८ साताको तालिम लिनुपर्नेछ । तालिम अवधिमा उनीहरूले शून्य गुरुत्वाकर्षणको क्षेत्रमा कसरी सामञ्जस्य ल्याउन सकिन्छ भन्ने कुरा सिक्नेछन् ।

स्पेनको बार्सिलोनाका आर्किटेक्ट जेभियर क्लेरमोन्टले उक्त योजना कार्यान्वयन प्रारम्भ गरेका छन् । यो होटल निर्माणका लागि करिब ३ अरब डलर खर्च लाग्नेछ । यसमा लगानी गर्नका लागि सउदी अरब, जापान तथा अमेरिकाका लगानीकर्ताहरूसँग सम्झौता पनि भैसकेको छ । 'सामान्य मानिसका लागि ४० लाख डलर धेरै ठूलो रकम हो, तर इच्छुक र धनी मानिसका लागि यो ठूलो रकम होइन । फेरि यो रकममा ४ रात बिताउनुका साथै त्यहाँ अन्तरिक्षसम्बन्धी आवश्यक तालिम पनि उपलब्ध गराइनेछ ।' - क्लेरमोन्ट भन्छन् । संसारमा करिब ४० हजार मानिस यसका लागि तयार भएको अनुमानसमेत उनले गरेका छन् ।

# भियाग्रा मुटु र फोक्सो रोगीका लागि

भियाग्राको आविष्कार मुटु रोगको उपचारका लागि भए पनि यो नपुंसकता हटाउने प्रभावकारी औषधी प्रमाणित भयो तर हालै एक अमेरिकी वैज्ञानिकले गरेको अध्ययनपछि मुटु र फोक्सोको जटिल रोगबाट पीडित बालबालिकाका लागि यो औषधी धेरै उपयोगी हुनसक्ने देखिएको छ । ती वैज्ञानिकले ५ देखि १८ वर्ष उमेरका १४ किशोरीमाथि निरन्तर एक वर्षसम्म अध्ययन गरेर यस्तो निष्कर्ष निकालेका हुन् ।

प्रतिवेदनअनुसार सिल्डेनफिल नामक यौगिकले बनेको उक्त औषधीको सानो अध्ययनपछि उक्त कुरा पत्ता लागेको हो । ती वैज्ञानिकले यो विषयमा व्यापक अध्ययनको खाँचो औंल्याएका छन् तर अनुसन्धानबाट यसको नियमित सेवनले बालबालिकाको फोक्सो र मुटुसम्बन्धी गम्भीर रोगको उपचार गर्न सकिने कुरा प्रमाणित भैसकेको छ । पल्मोनरी आर्टेरियल हाइपरटेन्सनबाट पीडित बालबालिकाको उपचार नभए एक वर्षभित्रै रोगीको मृत्यु हुन सक्छ । वास्तवमा पल्मोनरी (धमनी) मा बढी दबाबले बालबालिका फोक्सो तथा मुटुको समस्याले ग्रस्त हुन्छ । यस्तो दवाब कम गर्न नशाको माध्यमबाट शरीरमा प्रोस्टेसाइक्लिन नामक औषधी पुऱ्याइन्छ । यस्तो उपचारपछि बालबालिका पाँच वर्षसम्म जीवित रहन्छन् ।

ती वैज्ञानिकका अनुसार यस्तो रोगले पीडित बालबालिकाको फोक्सोसम्म रगत पुऱ्याउने धमनीमा रगतको दबाब धेरै हुन्छ । बालबालिकाको फोक्सोसम्म पुग्ने धमनी पातलो हुन्छ जसले गर्दा फोक्सोमा पर्याप्त रगत पुग्न सक्दैन । रगतलाई फोक्सोसम्म पुऱ्याउन मुटुले बढी काम गर्नुपर्छ, जसले गर्दा हृदयघात हुनसक्छ । यो रोगबाट पीडितमा थकाइ, कमजोरी तथा सास फेर्न असजिलो हुन्छ । सिल्डेनफिलले धमनीको मांसपेशीलाई लचिलो बनाउँछ जसले गर्दा त्यसमा नियमित गतिले रक्त सञ्चार हुन थाल्छ ।

# मानिसको वीर्य पनि संकटमा

ब्रिटिस वैज्ञानिकहरूको एक दशक लामो एक अनुसन्धानले कीरा तथा कीटाणुलाई मार्न प्रयोग गरिंदै आएको कीटनाशक डीडीटी तथा क्लोरिनजस्ता औषधिमा रहेका केही घातक रसायनले पुरुषको वीर्यका अणु घटाएको देखाएको छ । कीटनाशक औषधिको प्रयोग बढाउँदै लगिए केही वर्षभित्रै शुक्रकीटको संख्या घटी सन्तान उत्पादनमा समेत बाधा आउने चेतावनी उनीहरूले दिएका छन् ।

कीटनाशक औषधिको प्रयोग ७० वर्षदेखि लगातार भैरहेकाले त्यसको मार मानवजातिले बढी खेप्नुपरेको निष्कर्ष वैज्ञानिक डा. पिटर स्यामुको छ । अनुसन्धानअनुसार सन् १९४० को तुलनामा सन् २००६ सम्ममा पुरुषको शुक्राणुको संख्यामा ४० प्रतिशतले कमी आएको छ । अनुसन्धानमा संलग्न अर्का वैज्ञानिक डा. निल्स स्केकविडका अनुसार प्रत्येक पुरुषको प्रतिमिलिमिटर वीर्यमा शुक्राणुको संख्या विगतमा १२ करोड हुन्थ्यो भने सन् १९९२ मा साढे ६ करोडमा झरेको थियो । अहिले त यो संख्या ५ दशमलव ५ करोडमा झरेको छ । सन् १९३८ तिर पुरुषको वीर्यमा शुक्राणुको संख्या ७ दशमलव ९ करोड थियो ।

वैज्ञानिकहरूका अनुसार यसरी पुरुषको शुक्राणुको संख्या घट्दै जानुमा डीडीटी तथा क्लोरिनकै प्रमुख हात छ जसले बालीनालीमा प्रयोग गरिंदा खाद्य पदार्थमार्फत् मानवशरीर हुँदै वीर्यमा सीधै असर गरेका छन् । वैज्ञानिकहरूका अनुसार यसरी पुरुषको शुक्राणुको संख्या घट्नुको अर्को कारण रक्सी, बढी तनाव, कफी तथा लागू औषध सेवन पनि हो ।

## कामोत्तेजक औषधी र अन्धोपनको खतरा

भियाग्रा र अन्य कामोत्तेजक औषधीहरूको प्रयोग गर्ने दर्जनौं पुरुषमा अन्धोपनाको समस्या देखा परेको घटना सार्वजनिक भएपछि अमेरिकी स्वास्थ्य अधिकारीहरूले थप अनुसन्धान सुरु गरेका छन् । यौनउत्तेजक औषधीहरू मानव स्वास्थ्यका लागि हानिरहित तथा सुरक्षित छन् भन्ने प्रमाणित गर्न स्वास्थ्य अधिकारी तथा औषधी उत्पादन कम्पनीहरूमाथि दबाब बढ्दै गएको छ । यस्ता रोगबाट वार्षिक १ देखि ६ हजार अमेरिकी प्रभावित भैरहेको बताइन्छ ।




यस्ता औषधीहरूको प्रयोगबाट हुने अन्धोपनलाई 'नन् आर्टेरिटिक एन्टेरिओर इस्चेमिक अप्टिक न्युरोप्याथी' (नाइओन) नामाकरण गरिएको छ । अप्टिक नर्भमा रक्तसञ्चार अवरुद्ध भयो भने आँखाले देख्न छाड्छ । यस्तो अवस्थालाई नाइओन भनिन्छ । विशेष गरेर मधुमेह तथा मुटुको रोग भएकाहरूमा नाइओन हुने खतरा बढी हुन्छ । एक तथ्यांकअनुसार, नाइओनको समस्या भएका ४३ मध्ये ३८ जनाले भियाग्रा, ४ जनाले सियालिस तथा १ जनाले लेभिट्रा नामक औषधी प्रयोग गरेका थिए ।

# पालो वर्ल्ड मिस युनिभर्सिटी नेपालको



सौन्दर्य एवं प्रतिभासम्बन्धी अन्तर्राष्ट्रियप्रतियोगिताहरूमा नेपालको प्रतिनिधित्व मिस नेपाललगायत अन्य विभिन्न प्रतियोगितामार्फत भैरहेको पाइन्छ। यसै क्रममा आगामी नोभेम्बर महिनामा दक्षिण कोरियामा सम्पन्न हुने वर्ल्ड मिस युनिभर्सिटी २००७ मा नेपालका तर्फबाट प्रतिनिधि छनौट गर्ने कार्य प्रारम्भ भएको छ। 'एक्सेल बिजनेस लिंक तथा फेसन लिंक' ले यसका लागि तयारी अघि बढाएको छ। यसपटकको प्रतिस्पर्धा आगामी सेप्टेम्बर महिनाको २७ तारिखमा अन्तर्राष्ट्रिय सम्मेलनकेन्द्रमा सञ्चालन हुने भएको छ।

फिलिपिन्समा एमबीबीएसको अध्ययनका लागि सहकार्य गर्दै आएको संस्था एचसीएमआई एजुकेसनको मुख्य प्रायोजन रहने यस पटकको एचसीएमआई वर्ल्ड मिस युनिभर्सिटी नेपाल-२००७ का लागि ३० जना युवती छनौटमा परेका छन्।

हाल सानेपास्थित इन्टरनेसनल क्लबमा कोरियोग्राफर महेश श्रेष्ठको प्रशिक्षणमा रहेका प्रतिस्पर्धीहरूको पहिरन तयार गर्ने जिम्मेवारी नमुना कलेज अफ फेसन टेक्नोलोजीका डिजाइनरहरूले पाएका छन्। विभिन्न तीन चरणमा सञ्चालन गरिने उक्त प्रतिस्पर्धामा शीर्ष उपाधि विजेताका अतिरिक्त फस्ट रनरअप, सेकेन्ड रनरअप, फोटोजेनिक, ट्यालेन्ट, फ्रेन्डसिप आदि उपाधि विजेताहरूको छनौट गरिनेछ। गत वर्ष हिमालयन ट्रेड प्रमोसन सेन्टरले प्रवर्द्धन गरेको वर्ल्ड मिस युनिभर्सिटी नेपाल प्रतियोगितामा मोडल उषा रजकले उपाधि हात पारेकी थिइन्।

## नगरकोट र चितवनमा नेपाली तारा

**साप्ताहिक समाचार**

काठमाडौं- धूवाँ, धूलो, फोहर त्यसमाथि गर्मीले गर्दा गुम्सिएको काठमाडौं सहरबाट नगरकोटको चिसो एवं खुला वातावरणमा पुग्दा त्यसै पनि मन रमाउँछ। गीतकार कालीप्रसाद रिजाल तथा डा. कृष्णहरि बरालले पनि त्यहाँ पुगेपछि रमाइलो महसुस गरे। गायक दम्पती उदय र मनिला सोताङ भने त्यहाँको रमाइलो वातावरणकै कारण विवाहपछि हनिमुन गएझैं रमाइरहेका थिए। दार्जीलिङका गायक सुरेशकुमार भन्दै थिए- 'काठमाडौं छिरेको अठार वर्षमा पहिलो पटक नगरकोट आइपुगें।' गायक दाजुभाइ सत्यराज र स्वरूपराज आचार्य भने सबैसँग ठट्टा गर्दै रमाइरहेका थिए। अघिल्लो चार दिनदेखि आचार्य दाजुभाइ नेपाली ताराका उत्कृष्ट दस जना प्रतिस्पर्धीका साथ नगरकोटको क्लब हिमालय होटलमा 'क्लोज क्याम्प'मा बसेका थिए। शनिबार उक्त क्याम्पको अन्तिम दिन बिहान गीतकारद्वय रिजाल र बराल, गायक सुरेशकुमार तथा सोताङ दम्पती केही सञ्चारकर्मीका साथ टपटेनलाई शुभकामना दिन नगरकोट पुगेका थिए।

होटलभित्रको मञ्चमा टपटेनमा पुगेका प्रतिस्पर्धी सविना घलान, सन्तोष लामा, सुरज थापा, आरजी कँडेल, युवराज तिवारी, राज सागर, श्वेता गुञ्जारी, सूर्यकिरण लामा, रोजिना गुरुङ तथा तारा लक्समले पालैपालो गीत सुनाए। उनीहरूले त्यहाँ नेपाली तारा टपटेन एल्बमका लागि रेकर्ड गरिएका नयाँ गीतहरू गाएका थिए। आचार्य दाजुभाइले चार दिनको क्लोज क्याम्पमा उनीहरूलाई गीत-संगीतका बारेमा प्रशिक्षण दिनुका साथै उनीहरूका लागि एउटा थिम गीत पनि तयार पारेका थिए। कार्यक्रमका निर्देशक तथा गीतकार शलभले रचना गरेको उक्त गीत दसै जनाले आचार्य दाजुभाइका साथ गाएर सुनाए। यसै साता 'क्लोजअप नेपाली तारा'का टपटेन गायक/गायिकाहरूको देशव्यापी यात्रा आरम्भ भएको छ। गत भदौ २५ गते मंगलबार नारायणघाट र २७ गते बिहीबार धरानमा प्रस्तुत भएका टप टेनमा पर्न सफल कलाकारहरूले भोलि २९ गते बुटवल, ३१ गते नेपालगन्ज, असोज २ गते पोखरा तथा ५ गते काठमाडौंमा आयोजना हुने कन्सर्टमा आफ्ना लागि एसएमएस भोट माग्दै गीत प्रस्तुत गर्नेछन्। आगामी दुई सातापछि टपटेनमा पुगेका प्रतिस्पर्धीहरूमध्येबाट दर्शक एसएमएस मतका आधारमा सातापिच्छे एक-एकजना गर्दै बाहिरिँदै जानेछन्।

### भोट माग्दै प्रतियोगीहरू

चितवन– नेपाली तारा-२ को छनौटअन्तर्गत टप टेनको छनौट प्रक्रिया पूरा भैसकेको छ। अब यी प्रतियोगीहरूले दर्शकको भोटिङबाट छनौट हुँदै अघिल्लो चरणमा प्रवेश पाउनेछन्। त्यसका लागि आयोजकले प्रतियोगीहरूलाई कन्सर्टको माध्यमबाट दर्शकसमक्ष चिनाउन र एसएमएस भोटका लागि अपिल गर्ने काममा लगाएका छन्। कन्सर्टको प्रारम्भ वैकल्पिक राजधानीको उपाधि पाएको जिल्ला चितवनको नारायणगढबाट सुरु भएको छ।

नारायणगढमा सांगीतिक कार्यक्रमका लागि प्रख्यात क्याम्पा चौरको बीचमा स्टेज बनाइएको छ। दिनको १ बजे कन्सर्ट सुरु गर्ने भनिए पनि चर्को घाम र गर्मीका कारण मध्याह्नको ३ बजे कार्यक्रम सुरु



भयो। सुरुमै प्रतियोगीमध्येबाट चितवन जिल्लालाई प्रतिनिधित्व गर्ने सविना घलानले नमस्ते चितवनबाट अभिवादन गर्दै आफ्नो प्रस्तुति दिन्छिन् र अन्तमा भन्छिन्– अब हामीलाई तपाईंहरूले एसएमएसमार्फत भोट दिनुपर्छ।

त्यसपछि क्रमशः टपटेनभित्र पर्न सफल प्रतियोगीहरू प्रस्तुत हुन्छन्। कतिपय गीतमा सबै दर्शक उफ्री-उफ्री स्टेजमै चढ्न खोज्दा कार्यक्रमका स्वयंसेवक एवं प्रहरीलाई हम्मे-हम्मे पर्छ। दर्शकमध्ये अधिकांश स्कुले र क्याम्पसका युवायुवती थिए। कार्यक्रमको बीच-बीचमा होस्ट गरिरहेका गायक दाजुभाइ सत्यराज तथा स्वरूपराज आचार्यको साथमा रीतु रामदामले पनि दर्शकलाई हौंस्याउदै भोटका लागि जोडदार अपिल गरेका थिए। कार्यक्रम रोटरी क्लब अफ नारायणगढको आयोजनामा सम्पन्न भएको थियो।

**–प्रवीण दत्त**

# अध्यक्षलाई दुईवटा माला



चलचित्र विकास बोर्डका नयाँ अध्यक्ष ईश्वरचन्द्र ज्ञवालीले दुईवटा माला लगाए। नवनियुक्त पदाधिकारीको स्वागतार्थ आयोजित कार्यक्रममा ज्ञवालीलाई यो मौका मिलेको हो। बोर्डमा नयाँ नियुक्ति लिएर जाने अध्यक्ष ज्ञवाली तथा सदस्यद्वय शिवजी लामिछाने अनि विपना थापाका निम्ति तीनवटा माला तयार गरिएको थियो तर माला समाएर बसेका कर्मचारीले हेक्कै नराखी अध्यक्षलाई दुईटा माला लगाइदिए। शिवजीले पनि माला लगाउन पाए, तर केही समयपछि विकास बोर्ड छिर्दा बिपना थापाका निम्ति माला बाँकी थिएन।

बोर्डका नवनियुक्त पदाधिकारीलाई स्वागत तथा पदभार ग्रहण समारोहमा अध्यक्षले महिला प्रतिनिधि विपना थापाको भाग खोस्न सुरु गरेको ठट्टा पनि गरियो। बोर्डमा नियुक्त सबै हाँसी-खुसीका साथ कार्यक्रम स्थल पुगे तर त्यहाँ सञ्चारकर्मीहरू भने थिएनन्। जति फोन गरेर बोलाए पनि एनटिभीको एक फिल्मी कार्यक्रम बाहेक कुनै पनि सञ्चारमाध्यमका प्रतिनिधि त्यहाँ पुगेनन्। कार्यक्रमको निर्धारित समयभन्दा डेढ घन्टा पछिसम्म कार्यक्रम रोकेर सञ्चारकर्मी पर्खिंदा पनि केही सीप नचलेपछि कार्यक्रम सुरु गरियो तर उक्त कार्यक्रममा नवनियुक्तहरूले एकै स्वरमा भने केही ठूलो काम गर्न सक्ने अवस्था छैन। नवनियुक्तहरूको यो कुरा सुन्ने एक आमन्त्रितले भने- त्यसो भए दुईवटा मालाको पनि कुनै औचित्य रहेन। उता अध्यक्ष ज्ञवाली भने राजनैतिक भाषणमा मस्त रहे। उनले छलाङ, ऐतिहासिक परिवर्तन, नयाँ नेपाल, संविधानसभा... आदि रटे-रटाए, शब्द उच्चारण गरिरहे।

## सानो पर्दा



**नेपाल** टेलिभिजनबाट प्रसारण भैरहेको हास्यश्रृंखला 'मेरी बास्सै'मा सुन्तुकी आमाको भूमिकामा अभिनय गरेर चर्चामा आएकी कलाकार पल्पसा डंगोल हाल अभिनयका साथै टेलिचलचित्र तथा भिडियो चलचित्र निर्माणमा पनि व्यस्त हुन थालेकी छिन्। उनले 'सत्य धरोधर्म' शीर्षकमा एक भिडियो चलचित्र निर्माण गरेकी छिन् भने अहिले सगरमाथा टेलिभिजनका लागि भनेर हास्यश्रृंखला 'खुब गरिस्' निर्माण गरिरहेकी छिन्। पल्पसाले उक्त श्रृंखलामा अभिनय गर्नुका साथै सहायक निर्देशन पनि गर्दैछिन्।

**"नेपाली** तारा'को निर्माणपछि चर्चामा आएको नीलबाराही फिल्म्सले नेपाल वान टेलिभिजन च्यानलका लागि एकैसाथ पाँचवटा टेलिभिजन कार्यक्रम निर्माण गरिरहेको छ। उक्त च्यानलसँग भएको सम्झौताअनुसार ती कार्यक्रमहरू प्रसारण प्रारम्भ भैसकेको नीलबाराही फिल्म्सका प्रमुख सञ्चालक राजेन्द्र सलभले बताए। नेपाल वान टेलिभिजनमा हाल प्रसारण भैरहेको कार्यक्रम 'उज्जु डार्लिङ'का अतिरिक्त 'घूस पुराण', 'हाँस्न पाइन्न', 'राम्रो' तथा रसरङजस्ता कार्यक्रमहरू नीलबाराहीले फिल्म्सले निर्माण गरिरहेको छ। 'उज्जु डार्लिङ' हास्य कलाकार उज्ज्वल भण्डारीले युवतीको भेषमा सञ्चालन गर्ने हास्यप्रधान कार्यक्रम हो। जसमा उनी विभिन्न क्षेत्रका व्यक्तिहरूलाई कार्यक्रममा बोलाएर रमाइलो गर्छन्। त्यस्तै 'घुस पुराण' एउटा कार्यालयभित्र हुने अनेक किसिमका विकृति-विसंगतिलाई व्यङ्ग्यका रूपमा प्रस्तुत गरिने कार्यक्रम हो, जसलाई कमल मैनालीले निर्देशन गरिरहेका छन्। त्यसैगरी 'हाँस्न पाइन्न' मा विभिन्न सामाजिक तथा राजनैतिक हास्यव्यङ्ग्य प्रस्तुत गरिन्छ। यो कार्यक्रम हास्यकलाकार गोपाल नेपाल 'फिस्टे'ले सञ्चालन गर्छन् अनि 'रसरङ' चाहिँ रङ्गकर्ममा लागेकाहरूको प्रतिभा देखाउने प्रतियोगितात्मक कार्यक्रम हो। यो कार्यक्रमका विजेतालाई १ लाख रुपैयाँ पुरस्कार प्रदान गरिनेछ।

**कान्तिपुर** टेलिभिजनको कार्यक्रम 'हत्तेरी'मा नाम चलेका कलाकार तथा प्राविधिकहरूलाई उनका साथीभाइहरूमार्फत नै मुर्ख बनाउन थालिएको छ। केही समयअघि चलचित्र निर्देशक अनिल संग्रौलाको सहयोगबाट चलचित्र नायिका सुस्मिता कार्कीलाई मुर्ख बनायो। त्यसैगरी गायक जबिकलाई प्रयोग गरेर उनका साथीहरूलाई मुर्ख बनायो। यो कार्यक्रमको रूपरेखा बिस्तारै परिवर्तन हुँदै जाने 'हत्तेरी'का निर्माता एवं प्रस्तोता दिवाकर ज्ञवाली बताउँछन्।

# प्रशान्तलाई दुई लाख रुपैयाँको भोट




**साप्ताहिक समाचार**

धरान- तेस्रो इन्डियन आइडलको फाइनलमा प्रवेश गरेका नेपाली मूलका प्रतिस्पर्धी प्रशान्त तामाङका लागि फाइनलमा धरानवासीहरूका तर्फबाट नेपाल तामाङ घेदुङ सुनसरी शाखाले दुई लाखभन्दा बढी रुपैयाँको एसएमएस भोट हाल्ने भएको छ। यसअघि उत्कृष्ट १३ जनामा प्रवेश गरेदेखि नै प्रशान्तको पक्षमा घेदुङको सक्रियतामा १ लाख २४ हजार ९ सय ६० रुपैयाँको एसएमएसमार्फत् भोट प्रदान गरिसकेको छ।

धरानमा साताभरि संकलन गरेको रकम घेदुङले आफ्ना प्रतिनिधिलाई प्रशान्तको गृह जिल्ला दार्जीलिङ पठाउँदै प्रत्येक शुक्रबार बेलुकीदेखि शनिबार बिहानसम्म एसएमएस भोटिङ गरिरहेको सुनसरी घेदुङका सचिव सुरजकुमार लामाले बताए। बाबुराम योञ्जनको संयोजकत्वमा एक दर्जनभन्दा बढी घेदुङका सदस्य प्रशान्तलाई भोट दिनका निम्ति रकम संकलनमा खटिरहेका छन्।

भारतीय टेलिभिजन च्यानल सोनी इन्टरटेन्मेन्टको सांगीतिक प्रतियोगिता इन्डियन आइडलको फाइनलमा सिलोङका अमित पलसँग प्रशान्तको कडा टक्कर हुने अपेक्षा गरिएको छ। हालसम्म दुवै प्रतिस्पर्धी दुई-दुईपल्ट डेन्जर जोनबाट बचेका थिए। सात महिना लामो प्रतियोगिताका विजेता प्रशान्तलाई बनाउन धरानका स्कुल-स्कुलमा विद्यार्थीहरूले रकम जम्मा गरिरहेका छन्। कोही आफैं त कोही घेदुङलाई रकम हस्तान्तरण गरी प्रशान्तलाई भोट दिइरहेका छन्। उनीहरूले सीमावर्ती भारतीय बजार जोगबनी तथा सिलीगुढी पुगेर भोट दिँदै आएका छन्। दार्जीलिङ पुग्नेलाई भने त्यहींका नेपालीहरूले प्रशान्तलाई भोट दिनका निम्ति भारतीय मोबाइलको सिम-कार्ड उपलब्ध गराउँदै आएका छन्।

धरानका विभिन्न संघसंस्था, क्लबहरू, विद्यालयहरू, घेदुङको कास्की शाखा, उद्योग-व्यवसायी, चिकित्सक तथा लाहुरेवर्गले प्रशान्तलाई इन्डियन आइडल बनाउन सहयोगस्वरूप रकम उपलब्ध गराइरहेको घेदुङले जनाएको छ। हडक्ङ, धनकुटा तथा काठमाण्डौंवासीले समेत घेदुङलाई रकम हस्तान्तरण गरी प्रशान्तको पक्षमा एसएमएस भोट हाल्न सहयोग गरिरहेका छन्। प्रशान्तलाई भोट दिन संस्थागत प्रयास गरिरहेको घेदुङले सबै जाति एवं वर्गबाट भोटका निम्ति सहयोग जुटिरहेको जनाएको छ। घेदुङले घर-घर डुलेर तथा भानुचोकमा स्टल राखेर प्रशान्तले गाएका गीतहरू बजाउँदै सहयोग संकलन गरिरहेको छ। यसैबीच काठमाडौंको कालिमाटीको युवाहरूले प्रशान्तलाई जिताउन संकलन गरेको डेढ लाख रुपैयाँ बिहीबार नील डेबिडले दार्जिलिङ पुर्‍याएका छन्।

## प्रशान्तलाई जिताउन अभियान जारी

बुटवल– इन्डियन आइडलको उपाधिका लागि अन्तिम प्रतिस्पर्धा गरिरहेका नेपाली मूलका दार्जीलिङे युवा प्रशान्त तामाङलाई जिताउन बुटवलका युवाहरूले दुई साताअघि थालेको अभियान तीव्र र व्यापक बनेको छ। नेपाली मूलका भएको नाताले प्रशान्तलाई जिताउन स्थानीय युवा क्षितिज राजभण्डारी, सन्दीप श्रेष्ठ तथा सन्दीप कसौधन आदिले 'बुल्स टिम' नामक समूह गठन गरी प्रशान्त टप फोरमा रहेका बेला सुरु गरेको अभियानलाई अहिले अधिकांश बुटवलवासीले साथ दिएका छन्। प्रशान्तलाई इन्डियन आइडलमा जिताउन भारत गएर धेरैभन्दा धेरै एसएमएस भोटिङ गर्नुपर्ने भएकाले युवाहरूले सुरु गरेको आर्थिक संकलन अभियानलाई बुटवलका हरेक तह र तप्काका व्यक्तिले सक्दो सहयोग गरिरहेका छन् भने प्रशान्तको फोटो अंकित ब्यानर र पम्पलेटहरू बजारभरि छ्याप्छ्याप्ती गरेको छ। पछिल्लो बिहीबार पनि युवाहरूको समूह बुटवलका एक जना सञ्चारकर्मीसँगै गोरखपुर पुगेर रातभर नसुती झन्डै १ हजार ६ सयवटा एसएमएस भोटिङ गरेका थिए। पछिल्लो बिहीबारको प्रतिस्पर्धापछि प्रशान्त टप टुमा परेपछि बुटवलबासीहरू निकै हौसिएका



छन्। उनीहरूले यो जितलाई आफ्नै जित मान्दै थप एसएमएसका लागि रकम संकलन गरिरहेका छन्। पछिल्लो पटक प्रशान्तको पक्षमा युवाहरू मात्र होइन, तीज गीत गाउन व्यस्त महिलाहरू पनि लागेका छन्। उनीहरू आफू सहभागी कार्यक्रममा 'प्रशान्तलाई जिताउन सहयोग गरौं' आग्रह गरिएको प्रशान्तको तस्बिर अंकित ब्याननरसँगै लिएर हिंड्न थालेका छन्। यता रूपन्देहीका चारवटै एफएमका सांगीतिक कार्यक्रम प्रस्तोताहरूले पनि प्रशान्तलाई जिताउन सहयोग गर्न आफ्ना श्रोताहरूलाई अनुरोध गरिरहेका छन्।

**– टोपराज शर्मा**

## पोखरामा समर मेघा ग्रान्डपार्टी



पोखरा- शनिबारको दिनको उत्साह नै बेग्लै। बिदाको दिनमा त्यत्तिकै बस्नुभन्दा रमाइलो गरौं भन्ने चाह हरेकलाई हुन्छ। त्यही चाहनालाई परिपूर्ति गर्न गएको साता पोखराको लेकसाइडस्थित क्लब प्याराडिसोमा डान्सपार्टी आयोजित गरियो। समर मेघा ग्रान्ड पार्टी नामकरण गरिएको उक्त डान्सपार्टीको आयोजना दुई फुर्तिला युवती नितु र पिंकीले गरेका थिए।

दिउँसो तीन बजे प्रारम्भ हुने भनिएको कार्यक्रममा एक घण्टाअगावैदेखि डान्सपारखीहरूको आगमन हुन थालिसकेको थियो। स्कुले देखि कलेज पढ्ने तन्नेरी-तरुनीहरू लस्करै आउने क्रम बढ्यो। लगातारको वर्षापछि खुलेको दिन उस्तै घमाइलो देखिन्थ्यो। त्यसैले पनि वातावरणमा केही गर्मी महसुस हुन्थ्यो।

दिउँसोको ठीक तीन बजे डिस्को थेगको पृष्ठभूमिमा संगीतको धुन बज्न सुरु भयो। डाइनिङ टेबलमा आरामले बसेका डिस्को पारखीहरू बिस्तारै सल्बलाउन थाले। त्यसपछि अंग्रेजी, हिन्दी र नेपाली रिमिक्स गीतहरू बज्न थाले। डिजेहरू थाके पनि डान्समा मस्त हुनेहरू घण्टौंसम्म नाच्दा पनि धीत मरेन भन्दै थिए। डान्सपार्टी राति एघार बजेसम्म चलेको थियो।

**–शिव शर्मा**

## नाङ्लो बेस्टमा जम्यो डान्स पार्टी

बुटवल- बुटवलस्थित नाङलो बेस्ट परिसर गत सोमबार गीतसंगीतले गुन्जायमान भयो। सारा एड्भरटाइजिङ तथा बुटवल सिटी डटकमले आयोजना गरेको डान्सपार्टीका कारण त्यहाँ



साँझपखदेखि नै युवायुवतीको चहलपहल बढेको थियो भने जमिनै थर्किने गरी संगीत घन्किएको थियो। 'स्पिड अल्टिमेट ब्लास्ट' नामकरण गरिएको उक्त डान्स पार्टीलाई डीजे युवाले डिजेइङ गरेका थिए। बुटवलमा पहिलो पटक आएका डीजे युवासँगै झन्डै ४ सय जना थरीथरी गीत-संगीतको तालमा पसिना काढ्दै नाचेका थिए। डीजे सास र रूपेशलाई सँगै लिएर आएका डीजे युवा घरीघरी सहभागीहरूको बीचमा पुगेर नाच्दा पार्टीमा थप रौनक थपिएको देखिन्थ्यो। साँझ ७ बजे सुरु भएको पार्टीमा युवाले आफ्नै एल्बमका ८ वटा नेपाली रिमिक्स गीतसँगै हिन्दी र अंग्रेजी गरी दुई दर्जनजति गीत प्रस्तुत गरेका थिए। मोडल अनु ओझा ओपेनिङ डीजे रहेको पार्टी राति १० बजेसम्म चलेको थियो। पार्टीमा सहभागी रिया थापा र कृष्ण नीराजन भन्दै थिए- 'अरू पार्टीमा होहल्ला र झगडा पनि हुन्थ्यो तर यो निकै शान्त र रमाइलो भयो।' युवाहरूको बाहुल्यता रहे पनि पार्टीमा युवती तथा व्यवसायीहरू पनि उल्लेख्य संख्यामा सहभागी थिए।

## छतमा बाखरी-बाखरी

**साप्ताहिक समाचार**


काठमाडौं- एकताका जतातत्तै डान्सपार्टी हुने काठमाडौं उपत्यकामा अचेल डान्सपार्टी गर्ने ठाउँको अभाव देखिन थालेको छ। हयात् होटलको रक्सबारमा डान्सपार्टीको आयोजना हुन छाडेपछि कान्तिपथको १९०५ ले मूल्यवृद्धि गरेको एक आयोजकले बताए। यद्यपि रमाइलो गर्न र नाच्नका लागि कुनै पनि ठाउँ भए हुन्छ भन्ने कुरा गत शुक्रबार साँझ सुन्धारास्थित काठमाडौं मलको छतमा देखियो। छ तला माथि छतमा उक्त साँझ हालै महेन्द्र पुलिस क्लबमा डान्सपार्टी गरेर चर्चामा आएको स्पिनिज क्लबले 'द काठमाडौं मल-ब्लास्ट द नाइट' शीर्षकमा डान्सपार्टी आयोजित गरेको थियो।

मलको दायाँपट्टिको खुला छतमा साँझ छ बजेदेखि नै पार्टी चराहरूको आगमन हुन थालिसकेको थियो। सात बजेपछि डिजे सूदन डिजे रुममा देखा परे। उनले पार्टीको सुरुवात केही हिपहप नम्बर घन्काएर गरे। बिस्तारै उनले हिन्दी तथा नेपाली रिमिक्सहरू पनि बजाउन थाले। गत वर्ष 'बाखरी-बाखरी' रिमिक्सका कारण चर्चामा आएका डिजे एलेक्सले त्यही गीत बजाए। काठमाडौं मलमै छायाङ्कन गरिएको म्युजिक भिडियोलाई सम्झँदै उपस्थित युवायुवतीहरू नाच्न थाले। मिस टुरिज्म क्विन कुन्छाङ मोक्तानलगायत केही चर्चित मोडल



पार्टीको आकर्षण बनेका थिए। डिजे एलेक्सले आफूले रिमिक्स गरेका अन्य केही गीतका साथै हिन्दी तथा अंग्रेजी गीत पनि घन्काए। पार्टी राति साढे एक बजेसम्म चलेको थियो।

## लोकनृत्यदेखि रिमिक्स नृत्यसम्म



धनकुटा- 'हेलो धनकुटा' भन्दै उद्घोषक मुकुन्द स्टेजमा देखा पर्नासाथ एक-एक गडगडाहट तालीले स्वागत गरे त्रिवेणी प्राङ्गणमा खचाखच भरिएका दर्शकहरूले। अनि सुरु भयो लोकसंस्कृति झल्कने नृत्यदेखि लिएर आधुनिक रिमिक्स गीतमा नृत्यले भरिएको संस्कृतिक कार्यक्रमको रन्को।

यो महिना धनकुटा संगीतमय बन्यो। विभिन्न जातीय झाँकीदेखी लिएर प्रशान्त तामाङलाई भोटिङ गर्ने उद्देश्यले आर्थिक संकलन गर्न लाइभ कन्सर्ट गरेको एक साता नबित्दै त्रिवेणी मा.वि.को हलमा त्रिवेणी सांस्कृतिक समूहको संस्कृतिक कार्यक्रम सम्पन्न भयो। उक्त सांस्कृतिक समूहको सातौं वार्षिक उत्सवको आयोजनमा सम्पन्न संस्कृतिक कार्यक्रम सधैंको वर्षभैं यस वर्ष पनि स-साना बैनीहरूले फूल दर्शकहरूतिर छरेर स्वागत नृत्य प्रस्तुत गर्दै उपस्थित दर्शकलाई स्वागत गरेका थिए। यसअघि करिब आधा घण्टा त्रिवेणी संस्कृतिक समूहका कलाकारहरूले लोकदोहोरी गाएर दर्शकहरूलाई लोकदोहोरीको स्वाद पनि चखाए। कार्यक्रमको अर्को प्रस्तुतिमा 'वनमा फुल्यो फूल' रिमिक्स गीतको नृत्यमा दर्शकहरू पनि उफ्रीउफ्री नाचिरहेका थिए।

दिनभर सिमसिम पानी परे पनि साँझको वेला पानी पर्न रोकिएपछि एकाएक दर्शकहरूको भीड बढ्दै गयो। करिब १ हजार दर्शकले खचाखच भरिएको त्रिवेणी मा.वि.को प्राङ्गणमा बेलुकी ६:३० बजे सुरु भएको सांस्कृतिक कार्यक्रम राति १० बजेसम्म चलेको थियो। राष्ट्रिय लोकनृत्य प्रतियोगितामा चार पटक प्रथम भैसकेको त्रिवेणी सांस्कृतिक समूहको सांस्कृतिक कार्यक्रम हेर्नका लागि जिल्लाका विभिन्न ठाउँ र छिमेकी जिल्ला सुनसरीको धरान, मोरङको उर्लाबारी तथा तेह्रथुम जिल्लाका विभिन्न गाउँका दर्शकहरू उपस्थित थिए।

**–भिषा काफ्ले**

## फिल्मी खबर



**आफूलाई** चर्चामा ल्याइरहन चाहने निर्देशक सोभित बस्नेतले पछिल्लो पटक सत्र दिनमा सुटिङ पूरा गरेका छन् । 'मिसन लभ इन सिक्किम' नामक चलचित्र निर्माण गरेका सोभितले यति छोटो अवधिमा सुटिङ सकेर सबैलाई चकित मात्रै पारेनन्, आशंका समेत पैदा भएको छ । 'त्यसै त रफ कामका लागि परिचित सोभितले । यति छोटो अवधिमा कस्तो चलचित्र बनाउलान् ?' उनकै युनिटमा आबद्ध प्राविधिक भन्दै थिए । छिटो काम सक्ने निर्देशकका रूपमा परिचित सोभितले यति थोरै दिनमा सुटिङ सकेको पहिलो सिनेमा यही नै हो । आफ्नो चलचित्रमा स्टारकास्ट नभएका कारण थोरै समयमा सुटिङ सकिएको बताउने सोभितले अन्य कुरामा भने कम्प्रोमाइज नगरिएको दाबी गरे, तर उनका कुरामा विश्वास गर्ने आधार भने छैन । हल्ला-खल्लामै रमाउने सोभितले मिसन लभ इन सिक्किमलाई पनि चर्चामा ल्याउनका लागि यो प्रपञ्च रचेको हल्ला चलेको छ चलचित्र उद्योगमा ।

**वेस्टन** म्युजिकको प्रस्तुतिमा कुशल पौडेलले निर्माण गरेको नेपाली कथानक चलचित्र 'मार्केट'को शुभमुहूर्त पोखरामा सम्पन्न भएको छ । सामाजिक तथा समसामयिक विषयवस्तु समेटिएको चलचित्र मार्केटमा यौन व्यवसायी महिलाहरू तथा समलिङ्गीहरूमा घट्ने कथालाई जस्ताको समेट्ने प्रयास गरिएको छ । चलचित्र पोखराको रमणीय स्थलहरूमा छायांकन हुँदैछ । श्रीराम पौडेलको निर्देशन, राजेन्द्र अधिकारीको पटकथा संवाद, अमृत गुरुङको संगीत रहेको तथा करिब १५ लाखको लागतमा निर्माण हुन लागेको चलचित्र 'मार्केट' मोफसलमा बनेको अहिलेको सबैभन्दा ठूलो चलचित्र हो ।

**बिन्ध्यवासिनी** मन्दिरको आडैमा नायिका सौजन्य सुब्बा बारुले कम्मर हल्लाउँदै थिइन । नृत्य निर्देशक दिनेश अधिकारी यसो गर भनेर अह्राउँदै थिए । उनकै जोडी नायक विष्णु रिजाल पनि तालमा ताल मिलाउँदै थिए । नायिका उमाबेबी पनि आफ्नो जोडी सन्तोष केसीसँग कुम जोडर नाँच्दै थिइन् । वरिपरि दर्शकहरू ठेलमठेल गर्दै यो दृश्य हेर्न लालायित भैरहेका थिए । रमणीय नगर पोखराबाट छायांकन प्रारम्भ भएको राजुध्वज राणाले निर्देशन गरेको चलचित्र 'माझीमामा' को दृश्य हो यो । चलचित्रको शुभमुहूर्त पनि यहींबाट गरियो । यसअघि चलचित्र 'पाकेटमार' को छायांकनका लागि पोखरालाई नै रोजेका निर्देशक राणाले यस पटक भने चलचित्रको सतप्रतिशत छायांकन पोखरामै गर्ने निर्णय गरेका छन् । मूलतः फेवाताल र पामेवरिपरिको माझीबस्तीमा केन्द्रित रहेर निर्माण हुन लागेको चलचित्र माझीमामाको शीर्ष भूमिकामा नायक सुशील क्षेत्री देखिनेछन् । सौजन्य सुब्बा मुख्य नायिका रहेको यो चलचित्रमा माझीमामाले खोलामा फाल हानेकी नायिका सुब्बालाई बचाउँछन् ।

## लभ गुरु रेखा



**म १८ वर्षकी भएँ । म कक्षा १० मा पढ्छु । म एक जना युवकलाई मन पराउँछु । उसले पनि मलाई असाध्यै माया गर्छ, तर ऊ विवाहित छ । उसको र मेरो प्रेम भएको दुई वर्ष भैसकेको छ । हामी दुई जनाबीच अन्तरंग सम्बन्ध स्थापित भैसकेको छ । अहिले न उसले मलाई छाड्न सक्छ न म नै उसलाई छाड्न सक्छु । उसको र मेरो सम्बन्धका बारेमा हाम्रो घर-परिवारलाई कुनै जानकारी छैन । जे-जस्तो अवस्थामा पनि हामी एक-अर्काको हुन चाहन्छौं, अब हामीले के गर्नुपर्ला ?**

**एस.पी.**

तपाईंको समस्या पढ्दा तपाईंको प्रेमीले तपाईंको शारीरिक शोषण गरिरहेको प्रस्ट हुन्छ । हाम्रो समाजमा बैंसमा पाइला टेकेकी युवतीलाई ललाई-फकाई प्रेमको नाटक गरेर शारीरिक शोषण गर्नेहरूको कुनै कमी छैन । तपाई पनि त्यस्तै शोषणको एउटा उदाहरण हुनुहुन्छ । ऊ पहिलेदेखि नै विवाहित छ भन्ने कुरा जान्दाजान्दै पनि आफ्नो सम्बन्धलाई निरन्तरता दिइरहनु तपाईंको गल्ती हो । अझै पनि समय घर्किसकेको छैन । तपाईंका अगाडि तपाईंको लामो भविष्य छ, तसर्थ आफ्नो भविष्यलाई ख्याल राखेर तपाईंले उक्त व्यक्तिसँगको सबै किसिमका सम्बन्धलाई पूर्णविराम लगाउनु नै उचित हुन्छ । अहिले तपाईं पढ्दै हुनुहुन्छ, तपाईंले आफ्नो सम्पूर्ण ध्यान आफ्नो पढाइ र भविष्यप्रति केन्द्रित गर्नु तपाईंको हितमा हुन्छ ।

पाठकहरुको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं । आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस् । ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ । यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन । आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला ।

# फेरि अर्को बालप्रतियोगिता



हिजोआज बालबालिकासम्बन्धी प्रतियोगितात्मक कार्यक्रमको लहर बढेको देखिन्छ । यसबीच जेनेसिस सेन्टर फर एरोविक्स एन्ड डान्स नामक संस्थाले कमलपोखरीस्थित रसियन कल्चर सेन्टरमा मिस्टर एन्ड मिस जेनेसिस शीर्षकको प्रतियोगिता सम्पन्न गर्‍यो । सहभागी बालबालिकालाई उनीहरूको उमेरका आधारमा सुपर जुनियर, सब-जुनियर र किड्स गरी तीन समूहमा विभाजन गरिएको उक्त प्रतियोगितामा प्रतिस्पर्धी बालबालिकाहरूले ट्रेडिसनल, क्याजुएल, स्पोर्ट्स तथा गाउन राउन्डमा क्याटवाक गरेका थिए ।

सहभागी बालबालिकाबीच नृत्य प्रतिस्पर्धासमेत सञ्चालन गरिएको उक्त कार्यक्रममा किड्स समूहबाट अनन्या बानु मिस जेनेसिस छानिएका थिइन । यसैगरी सब जुनियर समूहबाट प्रिन्स गोयल र नताशा टोडी मिस्टर एन्ड मिस जेनेसिस तथा सुपर जुनियर समूहबाट पुनीत अग्रवाल र सुभासिनी लामा मिस्टर एन्ड मिस जेनेसिसका रूपमा छनौट भए । रोहित साउदको कोरियोग्राफीमा सम्पन्न उक्त कार्यक्रममा नृत्य विधातर्फका विजेताहरू पनि छनौट गरिएको थियो ।



# जम्का भेट

नेपाली मूलका भारतीय नागरिक प्रशान्त तामाङ इन्डियन आइडलको उत्कृष्ट १० भित्र पर्न सफल भएपछिदेखि नै चर्चित हेयर स्टाइलिस्ट नील डेबिडले काठमाडौं, झापा हुँदै दार्जीलिङसम्म पुगेर क्याम्पेनिङ गरिरहेका छन्। प्रशान्त दार्जीलिङ आएको मौका पारेर उनले नर्थप्वाइन्टमा आयोजित समारोहमा दार्जीलिङ र नेपाललाई मेची सीमाले छुट्याएर दुई देश बनाए पनि भावनात्मक सम्बन्ध सुदृढ रहेको बताउन भ्याए। उनकै नेतृत्वमा गायक बाबु बोगटी, प्रकाश पौडेल तथा नायिका नम्रता झाले दार्जीलिङवासीसमक्ष आफ्ना प्रस्तुति दिइसकेका छन्। हेयर स्टाइलिस्ट डेबिडसँग दार्जीलिङमा भएको कुराकानी :



**तपाईं यहाँ आउनुको उद्देश्य ?**

प्रशान्त तामाङलाई सहयोग गर्ने उद्देश्यले म यहाँ आएको हुँ।

**तपाईं पेसाले हेयरस्टाइलिस्ट, संगीत, त्यसमा पनि विशेष गरी इन्डियन आइडलसँग तपाईंको के सम्बन्ध ?**

जसले संगीतलाई वास्ता गर्दैन, ऊ निर्जीव हुन्छ। संगीत मानिसको जीवन हो, तानसेनले बजाएको धुनले पानी पर्‍यो भन्ने उक्ति नै छ, संगीतले हरेक मानिसको जीवनमा आनन्द दिने भएकाले यसका सर्जकहरूको कदर गर्न जान्नुपर्छ भनेर नै म यहाँ आएको हुँ।

**प्रशान्तलाइ इन्डियन आइडल बनाउने यो दौडमा तपाईंले के योगदान गर्नुभयो ?**

अस्ति भर्खरैमात्र १५ हजार रुपैयाँ सहयोग गरें। दार्जीलिङका स्थानीय जनतालाई जागरूक गराउन गायक बाबु बोगटी, राजेश घतानीसहितको टोलीलाई यहाँ ल्याइसकेको छु। गायक प्रकाश पौडेल, नायिका नम्रता झासहितको मेरो पार्लरको टोलीले च्यारिटी कार्यक्रम पनि गरेको छ।

**तपाईं यसरी दार्जीलिङमै रुमल्लिरहँदा तपाईंको पेसालाई कुनै असर गर्दैन ?**

मेरा ग्राहकहरूले पनि यो अभियानका बारेमा बुझ्नुभएको छ। मेरा कतिपय ग्राहकले काठमाडौंस्थित सैलुनमा आएर प्रशान्तका निम्ति सहयोग रकम जम्मा गर्नुले पनि मेरो पेसामा खासै असर परेजस्तो लाग्दैन।

**चर्चामा रहेका अन्य व्यक्तिले पनि तपाईंजस्तो अभियान सञ्चालन गर्न सक्थे, तर उनीहरू त्यसरी नलागी बस्न सक्छन् भने तपाईंको यो चासोलाई कसरी हेर्ने ?**

मैले विदेशमा काम गर्दा हामीलाई नेपाली भनेर हेपिन्थ्यो। नेपालीपन के हो मैले त्यतिबेला मात्र थाहा पाएँ। एउटा नेपालीले अर्को नेपालीलाई साथ दिनुपर्छ भन्ने भावनाका आधारमा मैले यो अभियानमा सहभागिता जनाएको हुँ।

**प्रशान्त इन्डियन आइडल हुन्छन् भन्ने कुरामा कत्तिको विश्वस्त हुनुहुन्छ ?**

पहिले प्रशान्त उत्कृष्ट पाँचभित्र पर्छन् भन्नेमा विश्वस्त थिएँ तर अहिलेको वातावरण हेर्दा उनी इन्डियन आइडल बन्न कुनै गाह्रो छैन जस्तो लाग्छ। जनताले देखाएको मायाकै कारण उनी यसपटकका इन्डियन आइडल हुन्।

# केवल एक प्रश्न

## तपाईंसँग नपढी पास हुने कुनै सजिलो गुरुमन्त्र छ ?



अहिले बजारमा आएका हाइटेक पीडीए मोबाइल बोकेर परीक्षामा चिट गर्न सकिन्छ। यो मोबाइल अफ गरे पनि पीडीए खोलेर मज्जाले सार्न सकिन्छ, तर मैले अहिलेसम्म त्यस्तो गरेको छैन्।

**अभिनव कसजू, डाइरेक्टर, साइबरसंसार डट कम**

नपढी पास हुने ? यो त अचम्मको प्रश्न भयो नि। चिट चोरेर पास हुनेबाहेक अर्को त्यस्तो कुन मन्त्र होला र ? एकदमै मिल्ने साथीलाई पढ् भनेर परीक्षामा उसलाई आफ्नो छेवैमा राखेर उसको सारे पनि भयो होला नि।

**सञ्चिता लुइँटेल, नायिका**

खै, चिट चोर्नुपर्ला। परीक्षा आउनुअघि चलचित्र हेर्न जाने कि ? क्लासमा मात्र पढ्ने तर घरमा नपढ्ने, यो उत्तर भएन ? मलाई त्यस्तो गुरुमन्त्र थाहा भएको भए आफैं प्रयोग गरिहाल्थें नि।

**खुश्बु ओली, मिस टिन–२००६**

नपढी पास हुने त कसरी होला र ......? ए परीक्षामा गाइड लिएर जाने अनि सक्दो सार्ने, त्यसपछि कसरी पास होइँदैन ? हेरौं न, तर मेहनत नगरिएको कामको फल क्षणिक हुन्छ, त्यसैले ध्यान दिनुहोला...... ।

**नील डेविड, हेयर स्टाइलिस्ट**

चिट चोर्नुपर्‍यो, त्यसका लागि पनि 'आइडिया' चाहिन्छ। प्रश्नपत्र लिक गराउने, कपी चेक गर्नेलाई पैसा ख्वाउने, आफूभन्दा जान्ने व्यक्तिलाई लेख्न लगाउने अन्य 'अप्सन' हुन्। त्यस्तै उत्तरकापीमा नोट (रुपैयाँ) नत्थी गरेर पठाउने कि ? नत्र त भगवान् भरोसा ... ।

**भरत सिटौला, गायक**

## चलचित्र



### सिसाम

लिम्बू संस्कृतिको मौलिक विशेषताका साथै रूढिग्रस्त परम्पराले समाजलाई कसरी पछि घचेटेको छ भन्ने जीवन्त दृश्य चलचित्र 'सिसाम' मा हेर्न पाइन्छ। तेन्हथुमका ग्रामीण पहाडी दृश्यहरू, गाउँबस्ती, मेलापात, बजारहरूमा छायांकन गरिएको अनि स्थानीय कलाकारहरूको अभिनय रहेको उक्त चलचित्रले लिम्बू संस्कृतिको जन्मदेखि मरणसम्मका सबै संस्कार समेटेको छ। चार वर्ष लगाएर निर्माण गरिएको यो चलचित्रको छायांकन, पटकथा एवं संवादमा केही कमी-कमजोरी देखिए पनि लिम्बूहरूको सांस्कृतिक पर्याय बनेको धाननाच, अन्य मेलापर्व तथा रीतिरिवाजलाई देखाएर चलचित्रलाई सांस्कृतिक रूपमा समृद्ध बनाउन खोजिएको छ। यो चलचित्रमा स्थानीय कलाकारहरू विमल विधाके (सुकुरे), सरिता लिम्बू, दिलकुमार लिम्बु, केबी लिम्बु तथा गोविन्द इम्सिंग आदिले अभिनय गरेका छन्। सिसाममा यसका निर्माता टेकराज तिगेला तथा निर्देशक गोविन्द इम्सिंगले समेत अभिनय गरेका छन्।

### रक्तिम क्रान्ति




प्रार्थना फिल्म्सको ब्यानरमा निर्मित नेपाली चलचित्र 'रक्तिम क्रान्ति' उपत्यकामा रञ्जनालगायत आधा दर्जन हलमार्फत सार्वजनिक भएको छ। महेन्द्र मैनालीको कथा एवं लगानीमा निर्मित उक्त चलचित्रलाई निर्माण पक्षले स्वतन्त्र क्रान्तिकारी चलचित्र भनेका छन्। चलचित्र 'रक्तिम क्रान्ति' मा संगीत रमेश खड्का, द्वन्द्व राजु-राजेश तथा नृत्य शिव शर्माको छ। दीपक बस्नेतको निर्देशन रहेको यो चलचित्रमा पुन्य ओझा, सनम गुरुङ, सलिन श्रेष्ठ, राजन श्रेष्ठ, अमिरा खड्का, सिरु न्यौपाने तथा रामभक्त श्रेष्ठ आदि कलाकारको मुख्य भूमिका छ।

### प्रेमयुद्ध



झन्डै सात वर्षअघि निर्देशक सुचित्रा श्रेष्ठले चलचित्र 'प्रेमयुद्ध' निर्माण एवं निर्देशन गर्ने घोषणा गरिन्। पहिलो महिला चलचित्र निर्देशकको उपाधि पाएकी सुचित्राको यो चलचित्रले निर्माण सम्पन्न भएको पाँच वर्षपछि चलचित्रघरको मुख देखेको छ। चलचित्रको कथामा प्रेम प्राप्तिका लागि प्रेमी/प्रेमिकाहरूको समाजसँगको संघर्ष देखाइएको छ। चलचित्रमा दुई नायक र दुई नायिकाबीचको प्रेम देखाइएको छ। उनीहरूबीच वर्गाकारको चारवटा कुनाझैं एक-अर्कासँग सम्बन्धित हुन्छ। नायक विक्रान्त बस्नेतको नायिका सज्जा मैनालीसँग प्रेम हुन्छ। अर्की नायिका सञ्चिता लुइँटेल पनि विक्रान्तलाई मन पराउँछिन्। उनीहरूबीचको प्रेमले कुनै लक्ष्य प्राप्त गर्नुअघि चलचित्रमा अर्का प्रेमी नायक श्रीकृष्ण श्रेष्ठ देखा पर्छन्। आजदेखि राजधानीका प्रमुख चलचित्र भवनहरूमा प्रदर्शन हुने यो चलचित्रमा दीपक रमणको संगीत सुन्न पाइन्छ।

## पहिलो विश्व



### पुटिनप्रति समलिङ्गी आकर्षित

रूसका राष्ट्रपति भ्लादिमिर पुटिनले केही दिनअघि मोनाकोका राजकुमार अल्बर्टसँग साइबेरियाको एक पहाडी क्षेत्रमा छुट्टी मनाउँदा खिचिएको तस्बिरले निकै चर्चा पाएको छ। त्यस क्रममा पुटिनले कम्मरभन्दा माथि नाङ्गो भएर माछा मारेको तस्बिर सार्वजनिक भएको थियो। विश्वकै चर्चित राजनेताको उक्त अर्धकदको निर्वस्त्र तस्बिर देखेर रूसी महिला मात्र नभएर अन्य देशका महिलाहरूसमेत भुतुक्कै भए। रूसी महिलाहरूले विभिन्न ब्लगमा राष्ट्रपतिको निर्वस्त्र छातीको खुलेर प्रशंसा पनि गरे। वास्तवमा यी अधबैंसे पुरुषप्रति महिलाहरूको मात्र नभएर युवतीहरूको पनि आकर्षण बढेको थियो, फलस्वरूप रूसका इन्टरनेट च्याट रुममा पुटिनको छातीले राम्रै स्थान पायो।

पुटिनको छाती देखेर युवती र महिलाहरू मात्र होइन– समलिङ्गीहरु पनि आकर्षित भए। समलिङ्गीहरु पुटिनको शरीरप्रति आकर्षित भएपछि कोस्लोमोलस्का प्राभ्दाले त मुखपृष्ठमै 'पुटिन जस्तै होऊ' भन्दै उक्त तस्बिर प्रकाशित गर्‍यो। म्याचो म्यानको छवि बनाएका पुटिन जुडो खेलका ब्ल्याक बेल्ट हुनुका साथै ठूला ट्रक, रेल, सबमरिन तथा फाइटर जेटसमेत उडाउन सक्छन्।



### युवतीहरूको अर्कै चाहना

कमै जोडी एक-अर्कासँग सन्तुष्ट रहने गरेका छन्। यो कुरालाई कतिले व्यक्त गर्छन् भने कतिले गर्दैनन्, तर यस्ता किसिमका समस्या महिला तथा पुरुष दुवैले समान रूपमा सामना गरिरहेका छन्। यौनक्रीडाप्रति निराश भएका यस्तै व्यक्तिहरुलाई लक्षित गरेर बहुचर्चित म्यागजिन 'प्ले ब्वाइ' ले जापानमा एक सर्वेक्षण गरेको थियो। सर्वेक्षणमा सहभागी महिलाहरुलाई उक्त पत्रिकाले योनि कसिलो बनाउने प्रशिक्षण गराएको थियो। उक्त प्रशिक्षणमा अविवाहित युवतीदेखि विवाहित महिलाहरुसम्मले सहभागिता गरेका थिए, जसमा कार्यालयमा काम गर्ने महिलाको संख्या बढी थियो। सहभागी प्रशिक्षार्थीहरुलाई विभिन्न ढंगले अभ्यास गराइएको थियो। एक महिला सहभागी भन्छिन्- यदि तपाईं यौनक्रिडामा राम्रो हुनुहुन्न भने तपाईंले पुरुषको मन पनि जित्न सक्नुहुन्न र तपाईं अघि बढ्न पनि सक्नुहुन्न। तपाईं बाहिरबाट हेर्दा जति राम्री देखिनुहुन्छ ओच्छ्यानमा पनि त्यत्तिकै कुशल हुनुपर्छ। पहिलो चरणको प्रशिक्षणमा सहभागी भएकी एक महिला पत्रकार मासुमी कुराता अहिले उक्त प्रशिक्षण वेबसाइटमार्फत अन्य युवतीहरुलाई दिइरहेकी छिन्। कुराता भन्छिन्- अहिले जापानका युवतीहरु बाहिरी आकर्षणप्रति जति सजग छन् त्यत्तिकै यौनमामिला पनि।

## यस्तो पनि जोडी



### र अन्त्यमा...

मस्कोमा घरभाडा अत्यन्त महँगो छ, फलस्वरूप एक्लै कोठा लिएर बस्छु भन्ने कुरा सोच्न पनि सकिँदैन। यही बाध्यताका कारण करिब तीन वर्षअघि नै पारपाचुके भएका श्रीमान्-श्रीमती सँगै बसेका थिए। पारपाचुके भएका कारण श्रीमान्ले श्रीमतीसँग यौनसम्पर्कको प्रस्ताव राख्न सकेका थिएनन् भने महिलाले पनि त्यस्तै नियति भोगिरहेकी थिइन्, तर श्रीमान् आफ्नो यौन कुन्ठालाई शान्त बनाउन सधैं अश्लील चलचित्र हेर्थे। यस्तो चाला सहन नसकी ती श्रीमतीले आफ्ना भूतपूर्व श्रीमान्को लिङ्ग नै काटिदिइन्।

## श्रीती अनिलकी श्रीमती

पृष्ठ १ बाट जारी

केही समयअघि काठमाडौंको हात्तीसारस्थित जयनेपाल हलनजिकैको घर बेचेर स्वयम्भू बस्न पुगेका श्रीतीको परिवार काठमाडौंका बासिन्दा हुन्। एउटी दिदी र एक भाइबीचकी माहिली श्रीतीका बाबु व्यवसायी हुन्। रहरले फेसन डिजाइनिङको कोर्स गर्दागर्दै अनिलको गायकी र व्यक्तित्वबाट प्रभावित श्रीतीको अनिलसँगको भेट प्रशंसकका रूपमा भएको थियो। कम बोल्ने र हाँसिरहने स्वभावकी श्रीतीलाई पहिलो पटक भेट्दा नै अनिलको मन उनीतर्फ तानियो। मोडलिङमा खासै रुची नभए पनि उनले अनिलको आग्रहमा उनको एउटा गीत 'परी' को म्युजिक भिडियोमा मोडलिङ गरिन्। सयौं प्रशंसकको मनको ढुकढुकी बनिसकेका गायक अनिल सिंहको मन भने श्रीतीलाई भेटेपछि उनका लागि मात्र धड्किन थाल्यो। त्यतिबेला २१ वर्षे ठिटो अनिलले अन्ततः परीको म्युजिक भिडियोको छायाङ्कनकै दौरान श्रीतीसमक्ष प्रेमप्रस्ताव राखे। श्रीतीको मन पनि अनिलतिर ढल्किसकेको थियो। त्यसैले अनिलको प्रस्ताव उनले सहर्ष स्वीकार गरिन्। हजारौं प्रशंसक बटुलिरहेका बेला अनिल नजिकका केही साथीबाहेक कसैसँग पनि आफ्नो प्रेम र प्रेमिकाका बारेमा कुरा गर्दैनथे। उनलाई डर थियो– कतै महिला प्रशंसकहरू घट्ने पो हुन् कि ?

अनिलले वियोगका गीतभन्दा बढी प्रेमभावका गीत गाए। त्यसको कारण पनि श्रीती नै हुन सक्छिन्।



त्यसमा पनि विशेष गरी उनले गाएको गीत 'ओ गर्ल माई लभ विल यु म्यारी मी' भने प्रेमिका श्रीतीका लागि उनले राखेको विवाहको प्रस्ताव थियो। गीतको म्युजिक भिडियोमा उनले श्रीतीलाई पनि अभिनय गराएका छन्। अनिल गत वर्ष नै विवाह गर्ने मुडमा थिए, तर कारणवश त्यतिबेला विवाह हुन सकेन। यो वर्ष पनि वैशाख, जेठ, असारजस्ता विवाहका लगन हुने महिना सकिएको तथा दुई महिनापछि मंसिरमा विवाहको लगन हुँदाहुँदै पनि अनिलको विवाह भदौ महिनामा गरियो। कारण बुझ्न खोज्दा थाहा भयो– मन मिलेपछि लगन भन्ने कुरालाई महत्त्व दिइएन। त्यसमाथि ज्योतिषले यो वर्ष असोजपछि अनिलका लागि लगन नभएको बताए। उनीहरू अर्को वर्षसम्म कुर्न चाहँदैनथे। त्यसैले भदौमा अजा एकादशीको तिथि पारेर उनीहरू विवाह बन्धनमा बाँधिए। दुई दिदीका भाइ र एक बहिनीका दाइ अनिल सिंह 'रेलिमाई-रेलिमाई' गीतबाट एकताका चर्चामा रहेका संगीतकार तथा गायक मदनसिंह नेपालीका भतीजा हुन् भने उनी संगीतकार शुभबहादुर सुनामका नाति पर्छन्। उनको नातामा संगीतकर्मी र गायकहरूको कमी छैन। पपगायक सञ्जीव सिंहलाई उनले दाजु भन्नुपर्छ। उनलाई गायनक्षेत्रमा ल्याउने संगीत संयोजक दीपक सुनामसँग पनि उनको नाता छ। हाल अर्को एल्बम बजारमा ल्याउने तयारी गरिरहँदा अनिलले श्रीतीलाई भित्र्याएका छन्। श्रीती पनि आफ्नो प्रेम सफल भएकोमा निकै खुसी छिन्। सामान्यतः विवाहमा दुलाहा-दुलही नर्भस भएको देखिए पनि अनिल र श्रीती भने एक-अर्कासँग कानेखुसी गर्दै हाँसिरहेका थिए।

## जातीय पहिरनको आकर्षण

**साप्ताहिक समाचार**

धरान- धरानेहरूले मात्र होइन, शुक्रबार धरानमा भेला भएका काठमाडौं, पाटन, बुटवलसहित जनकपुर, सगरमाथा, कोसी तथा मेची अञ्चलका जेसिजका प्रतिनिधिहरूले जातीय पहिरन र आधुनिक गीतबाट पर्याप्त मनोरञ्जन प्राप्त गरे। धरानमै गायन कला सिकेर पहिलो नेपाली तारा बनेका दीपक लिम्बूले एक हजारभन्दा बढी दर्शकलाई गीत गाउँदै लट्ठ पारेका थिए।

धरान जेसिजको आयोजनामा सम्पन्न क्षेत्र 'क'को सम्मेलनको साँझमा दर्शकको ठूलो भीडलाई नेपाली तारा दीपक लिम्बूले एकपछि अर्को गरी सुमधुर गीत सुनाए। नेपाली तारा दीपक लिम्बूका मित्र तथा सहकर्मीद्वय सम्झना राई र रोशन राईले पनि कार्यक्रममा आधुनिक गीतहरू गाए। सम्झना र रोशनले सांगीतिक प्रतियोगिता पूर्वाञ्चल आइडलमा उत्कृष्ट १० स्थानसम्मको यात्रा तय गरेका थिए। नेपाली पप गायनमा दुई दशकअघि निकै ख्याति कमाएका गंगा वरदानले आफ्नो नयाँ एल्बमको गीत प्रस्तुत गरे। बब मार्ली स्टायलको केश हल्लाउँदै वरदानले 'अल्लारे जोवन यस्तै छ...' गाउँदै सबैले सिटबाट उठेर कम्मर मर्काउन बाध्य तुल्याए। धराने गायक सपन श्रेष्ठले रिमिक्स गरेको 'तिमी यसै लजायौ, म उसै लजाएँ..' गाए। युनाइटेड मल्टी आर्ट्सका कलाकारहरूले प्रस्तुत



गरेको हास्यव्यंग्य तथा रिमिक्स गीतमा प्रस्तुत आकर्षक नृत्यले पनि दर्शकहरूको मन जितेको थियो।

धरान जनजातिहरूको सहरका रूपमा परिचित छ। यहाँका जनजातिहरूको झझल्को दिन कार्यक्रममा प्रदर्शन गरिएको जातीय पहिरन सबैको आकर्षण बनेको थियो। दुई दर्जन कलाकारले राई, लिम्बू, तामाङ, गुरुङ, मगर, सुनुवार, नेवार, भुजेल, शेर्पा, याक्खा तथा धिमाल गरी ११ जातिको वेश-भूषासहित जातीय पहिरन प्रदर्शनी गर्दै मञ्चमा क्याटवाक गरेका थिए।

## धरानमा चलचित्र महोत्सव

**साप्ताहिक समाचार**

धरान- नेपाल चलचित्र तथा श्रमिक संगठनले भदौ महिनामा धरानमा आयोजना गर्ने भनिएको राष्ट्रिय चलचित्र महोत्सव-२०६४ असोज १ गतेदेखि सञ्चालन हुने भएको छ। महोत्सव प्राविधिक कारणले एक साता ढिलो सुरु हुन लागेको संगठनका अध्यक्ष मुकेश भाटीले बताए। धरानमा पहिलोपटक आयोजना गरिन लागेको राष्ट्रिय चलचित्र महोत्सव आसोज १० गतेसम्म चल्नेछ। चलचित्र महोत्सवहरू काठमाडौंमा मात्रै सञ्चालन गरिँदै आएकोमा मोफसलका दर्शकहरूलाई पनि महोत्सवको स्वाद चखाउन धरानमा यस्तो कार्यक्रम राखिएको अध्यक्ष भाटीको भनाइ थियो। दस दिनसम्म गणेश टाकिजमा सञ्चालन हुने महोत्सवमा करिब ४० लाख रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको छ। महोत्सवमा अवार्डको मनोनयनमा परेका सबै चलचित्र प्रदर्शन गरिनेछ।

महोत्सवमा दर्शकले दिएको मत तथा निर्णायक मण्डलको निर्णयका आधारमा चलचित्रमा २३ वटा विधामा तथा भिडियो चलचित्रमा ९ विधामा अवार्ड प्रदान गरिनेछ। एक विधामा १० वटा चलचित्र तथा भिडियो चलचित्र मनोनयन गरिनेछ। महोत्सवमा वि.सं. २०६१ देखि २०६३ सालसम्म निर्मित चलचित्र तथा भिडियो चलचित्रले प्रतिस्पर्धा गर्न पाउनेछन्। उक्त अवधिमा नेपाल चलचित्र विकास बोर्डमा ९८ वटा चलचित्र दर्ता भए पनि ४० वटा मात्र निर्माण भएको बताइन्छ। झन्डै ५० वटा भिडियो चलचित्र पछिल्लो तीन वर्षमा निर्माण भएका छन्। 'घुम्न जाऊँ धरान' भन्ने नारासहित सुरु हुने महोत्सवमा प्रथम महिला चलचित्र निर्देशक सुचित्रा श्रेष्ठलाई सम्मान गरिनेछ।

## साताको स्वर



## विधान श्रेष्ठ

**धेरै-धेरै माया .....कस्तो प्रकारको गीत हो ?**
यसमा मेलोडीलाई ऱ्याप शैलीमा गाइएको छ । मेन भोकललाई पिच बढाएर गाइने यो प्रविधि आफैमा नयाँ हो ।

**गीतको भाव कस्तो छ ?**
प्रेमिकालाई धेरै माया गर्छु भन्ने भावमा आधारित छ ।

**दर्शक-श्रोताको कस्तो प्रतिक्रिया पाउनुभएको छ ?**
प्रारम्भिक प्रतिक्रिया हेर्दा राम्रै हुन्छ जस्तो लागेको छ । फ्यानहरूले आगामी दिनमा यस्तै प्रकार गीत गाउनु भनेर सल्लाह दिइरहेका छन् ।

**यो गीतका लक्षित श्रोता को हुन सक्छन् ?**
माया-प्रेमका गीत मन पराउने टिनएजर्सहरू, भाइ विधेयकको संगीत सरल किसिमको भएकाले किशोर-किशोरीले यो गीतलाई मन पराउँछन् भन्ने विश्वास छ ।

**यो गीतको म्युजिक भिडियो कस्तो लागेको छ ?**
राम्रो बनेको छ, नयाँ टेक्नोलोजीमा युवा पुस्ताले मन पराउने किसिमले म्युजिक भिडियो तयार पारिएको छ ।

**हिन्दू** महिलाहरूको चाड तीजको अवसरमा काठमाडौंस्थित कुञ्जन कला केन्द्रले शनिबार राजधानीमा आयोजित तीज कार्यक्रममा गायिकाद्वय कविता आले र उमा गुरुङलाई सम्मानित गरेको छ । तीजसम्बन्धी लोकगीत तथा नृत्य प्रस्तुत गरिएको उक्त कार्यक्रममा चलचित्र कलाकार रमा थपालियालाई मायाको चिनो प्रदान गरिएको थियो ।

**बेलायतस्थित** कोसेली नेपाली संस्कृति परिवारको नेपाल शाखाले शनिबार राजधानीमा 'विदेशमा नेपाली संगीतको स्थिति र चुनौती' विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न गऱ्यो । संस्कृति परिवारका अध्यक्ष मदन थापाको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रम संस्कृतिविद् रामशरण दर्नाल तथा दुर्गालाल श्रेष्ठद्वारा बेलायतबाट प्रकाशित लोकसांस्कृतिक पत्रिका कोसेलीको संयुक्त रूपमा विमोचन गरिएको थियो । कार्यक्रममा पाँचवर्षे गायिका उष्णा केसीले राष्ट्रिय गान सुनाएकी थिइन् भने कलाकार सुशील गौतमले मुर्चुङ्गालगायत परम्परागत नेपाली सांस्कृतिक बाजाहरूको प्रस्तुति दिएका थिए ।

**तबलावादनमा** वर्षौं बिताएका प्रीतम राई पनि गायक भएका छन् । चर्चा पाउन व्यावसायिक एल्बम बजार ल्याउनैपर्ने अवधारणा विकसित भैरहेका कारण आफ्नो स्वरमा एकल एल्बम बजारमा ल्याएको बताउने राईको एल्बम 'नीलो आकाश' गत साता सार्वजनिक भयो । एल्बममा जीवन श्रेष्ठको संगीत तथा अनिता थापाको गीत रचना सुन्न पाइन्छ । एल्बमका केही गीतमा गायिका सपनाश्री तथा भारतीय गायिका साधना सरगमको पनि स्वर समावेश छ ।

**कान्तिपुर** पब्लिकेसन्सको फोटोग्राफी विभागमा कार्यरत सहायक बलराम थामीले आफ्नो भाषामा गीतहरू गाएर एल्बम निकालेका छन् । दोलखावासी गायक बलराम, थामी भाषामा गीति एल्बम निकाल्ने पहिलो गायक भएका छन् । गत आइतबार आयोजित एक कार्यक्रममा उनको उक्त एल्बम 'बोरेको सांस्कृतिक झल्काइसकरी'को विमोचन सम्पन्न भयो । आठ वर्षअघि नै एल्बमका लागि गीतहरू तयार भैसके पनि आर्थिक अभावका कारण रेकर्डिङ गर्न ढिलो भएको थामीले बताए ।

**प्राय:** विरहका गीत गाउने गायक यशकुमारको विचारमा संसारमा एकपटक पनि आँखा नरसाएका एउटै मानिस छैनन् । त्यसैले उनले आगामी साता बजारमा आउन लागेको आफ्नो एल्बमको शीर्षक 'नरुने आँखाहरू' राखेका छन् । उक्त एल्बममा धेरै रोमान्टिक र केही भावुक गीत रहनेछन् । एल्बमको एउटा गीतको म्युजिक भिडियोको निर्देशन अर्का गायक प्रकाश ओझाले गरेका छन् । म्युजिक भिडियो गत साता विभिन्न टेलिभिजन च्यानलबाट सार्वजनिक भैसकेको छ ।

**संगीतको** संसारमा आफ्नै महत्त्व र लोकप्रियता बोकेको 'ब्लुज' संगीत काठमाडौंका केही दर्शकले प्रत्यक्ष सुन्न पाए । ब्लुज रुम र रकमाण्डु डटकमको आयोजनामा गएको साता बुधबारदेखि 'हिमालयन ब्लुज फेस्टिभल'को आयोजना गरिएको थियो । फेस्टिभलको पहिलो दिन राजधानीको ठमेलस्थित नर्थ प्यालेस रेस्टुराँमा विभिन्न देशका संगीतकर्मीले ब्लुज संगीत प्रस्तुत गरेका थिए । बेल्जियमका बार्ट ग्रोइनभिन्कको पियानोवादनबाट आरम्भ भएको उक्त कार्यक्रममा फिनल्यान्डका ब्याक रिभर ब्लुज म्यान एन्ड द क्रोकिङ लिजार्डका साथ नेपालको ब्लुज समूह लुज र जोकोजले विभिन्न किसिमका ब्लुज सुनाएका थिए । पाँच दिन चलेको उक्त फेस्टिभलमा अमेरिका, मेक्सिको, स्पेन, डेनमार्क, बेल्जियम आदि देशका संगीतकर्मीहरू पनि सहभागी थिए । 'एकताका लागि एउटै आवाज' नाराका साथ आयोजित उक्त फेस्टिभलमार्फत नेपालमा ब्लुज संगीतको विकास गर्नु रहेको आयोजकहरूले बताएका छन् ।

**गायक** उदेश श्रेष्ठ 'हाइ रेञ्ज'को स्वर भएका गायक हुन् । उनका गीतहरूमध्ये 'किन मायामा', 'तिमीलाई चाहेर', 'तिम्रै लागि', 'नाटक'का साथै रिमिक्स गीत 'तिमी यसै लजायौ' चर्चामा छन् । उदेशले गाएका अधिकांश गीतका म्युजिक भिडियो पनि गीतझैं चर्चामा रहे । त्यसैले उदेशले गाएका नौवटा गीतको म्युजिक भिडियोको संग्रह भिसिडी कलेक्सन 'सेलेक्टेड उदेश' पनि सार्वजनिक भएको छ । एकल गीति संग्रहका साथै एकल म्युजिक भिडियो संग्रह बजारमा ल्याउने चलन अचेल निकै बढेको छ ।

**गायक** रामचन्द्र काफ्ले निकै समयदेखि आफ्नो एकल एल्बमका लागिभन्दा पनि अन्य गायक-गायिकाको एल्बममा स्वर भर्न व्यस्त भए । गत सातादेखि भने उनी आफ्नो एकल एल्बमको तयारीमा जुटेका छन् । लोकगायकका रूपमा चिनिए पनि आफूलाई सबै किसिमका गीत गाउन सक्षम गायकका रूपमा परिचित गराउन कटिबद्ध काफ्लेको गायन शैली यदाकदा चर्चित गायक उदितनारायण झासँग मिल्ने गरेको छ । त्यसैले आफ्नो आगामी एल्बममा काफ्लेले उदितका चर्चित दुई गीतलाई रिमिक्स गर्दैछन् । गायक काफ्लेले भने- 'यो एल्बममा डान्सिङ गीतहरू रहनेछन् ।'

**गायक** हेमन्त शर्मा पनि आफ्नो नयाँ एल्बम बजारमा ल्याउने तयारीमा छन् । त्यसैको तयारीस्वरूप उनले गत साता आफ्नो नयाँ म्युजिक भिडियो विभिन्न टेलिभिजन च्यानलमार्फत सार्वजनिक गरेका छन् । आलोक नेम्वाङको निर्देशनमा बनेको 'बदनामै हुन्छु' बोलको उक्त म्युजिक भिडियो आधुनिक शैलीमा निर्माण गरिएको छ ।

## लाइभ सो

-सोनी टेलिभिजनको चर्चित कार्यक्रम 'इन्डियन आइडल'को हाल प्रसारित तेस्रो संस्करणको टपटेन राउन्डबाट बाहिरिएका छ जना गायक/गायिका अंकिता मिश्रा, मयांग च्याङ्ग, इमोन चटर्जी, चारु, दिपाली तथा परलिन भोलि शनिबार र पर्सि आइतबार काठमाडौं उपत्यकामा आयोजना हुने कन्सर्टमा प्रस्तुत हुँदैछन् । भोलि शनिबार दिउँसो एक बजे पाटनस्थित पुल्चोक इञ्जिनियरिङ कलेजको फुटबल मैदानमा खुला कन्सर्टमा सहभागी भएपछि उनीहरू आइतबार बेलुकी सात बजे होटल सोल्टी क्राउन प्लाजाको मेघ मल्हार हलमा प्रस्तुत हुँदैछन् । नेपालका चर्चित गायकद्वय निमा रुम्बा र अनिल सिंहको पनि सहभागिता रहने उक्त कन्सर्टको शीर्षक 'आइकन्स एन्ड आइडल' राखिएको छ ।

-भदौ ३० गते आइतबारदेखि असोज ५ गतेसम्म काठमाडौंको नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा 'चीन महोत्सव-२०६४'को आयोजना हुँदैछ । चिनियाँ राजदूतावास तथा वर्ल्ड कल्चरल नेटको संयुक्त आयोजनामा हुन गैरहेको उक्त महोत्सवमा ट्रेड फेयर, चाइनिज एक्रोब्याटिक्स, नृत्य, फेसन सो, चाइनिज कम्फु सो, हस्तकला, चाइनिज फुड फेस्टिभल, फोटो प्रदर्शनी, पुस्तक प्रदर्शनी तथा चाइनिज चंगा प्रदर्शन गरिँदैछ । प्रदर्शनी बिहान ११ बजेदेखि साँझ साढे ६ बजेसम्म खुला रहनेछ ।








चुरोटको सर्को : मोडलिङ मात्र हो कि यथार्थ ? चुरोटले भोकल खराब हुन्छ भन्ने कुरा गायकहरूलाई त पक्कै बताइरहनुपर्दैन ।

## नजिकबाट — मिलन लामा

| | | |
|---|---|---|
| जन्ममिति | : | वैशाख २२ |
| घरमा बोलाउने नाम | : | विष्णु |
| नामको अर्थ | : | मिलाउने, मिलनसार |
| परिचय | : | लोकगायक |
| जन्मस्थान | : | रत्ननगर, चितवन |
| रुचि | : | भ्रमण |
| प्रकाशित एल्बम | : | सातवटा |
| सांगीतिक गुरु | : | साथीभाइ |
| नजिकका साथी | : | श्रीमती |
| मनपर्ने परिकार | : | सिमीको तरकारी |
| मनपर्ने रंग | : | कालो र रातो |
| मनपर्ने पहिरन | : | जिन्स |
| मनपर्ने मौसम | : | हिउँद |
| मनपर्ने खेल | : | फुटबल |
| फुर्सदमा | : | गीत रच्ने |
| मनपर्ने गीत | : | फूलको आँखामा.. |
| रिस उठेको बेला | : | गीत सुन्छु |
| मनपर्ने आफ्नै बानी | : | हाँसिरहन्छु |
| पहिलो गीत | : | कृष्णभीरमा जाम |
| पहिलो एल्बम | : | कृष्णभीरमा जाम |
| पहिलो चर्चित गीत | : | हङकङ आईडीले |
| माया | : | सबैलाई |
| पहिलो बाजा | : | मादल |
| पहिलो प्रेम | : | श्रीमती नै |
| पहिलो फोटोसेसन | : | राम्रोसँग गरेकै छैन |
| राम्रो बानी | : | हाँसेर बोल्ने |
| नराम्रो बानी | : | विश्वास गर्ने |
| गोप्यकुरा | : | चितवनको एक स्कुललाई सहयोग गर्छु |
| अन्य प्रतिभा | : | उद्घोषण र फुटबल |



तस्बिर : नवराज बाग्ले

## जनयात्रामा जेबीले गाए गीत




इलाम– जब जेबी टुहुरे गाउनका लागि मञ्चमा उत्रिए, एक हूल तन्नेरी नाच्न तम्सिहाले । अरूको त कुरै छोडौं, कार्यक्रमका प्रमुख अतिथि बनेका सभामुख सुवास नेम्वाङसमेत हूलमा मिसिएर छमछमी नाचे । गएको आइतबार इलामको चोक बजार संगीतमय बन्यो । जनगायक टुहुरेले मञ्चमा उत्रिएर 'जनता सबै मिली भन्छौं लोकतन्त्र जिन्दावाद, निरंकुशतन्त्र ढालेरै छाड्छौं गणतन्त्र जिन्दावाद' गाउँदा मञ्चको अग्रभाग ढाकेर सभामुख नेम्वाङसहित मञ्चमा बसेका सबैजसो नाच्न तम्सिएका थिए ।

संविधानसभाको निर्वाचनको प्रचार-प्रसार गर्ने उद्देश्यले आयोजना गरिएको जनयात्रा कार्यक्रमको उद्घाटनका क्रममा इलाम बजार संगीतमय बनेको थियो । कार्यक्रममा अर्का गायक महेश बस्नेतले 'पारि पाखा अँधेरो, दुखी जीवन साह्रै अँध्यारो' गाएका थिए ।

गीत प्रस्तुतिका लागि मञ्चमा उक्लिएका बस्नेतले आफ्नो लोकप्रिय गीत काफल गेडी कुटुक्कैको लयमा प्यारोडी सुनाएका थिए ।

संविधानसभाको निर्वाचन नजिकिँदै जाने क्रममा आयोजित उक्त कार्यक्रममा संविधानसभा निर्वाचनको महत्त्वलाई गीत-संगीतको माध्यमबाट अभिव्यक्त गरिएको थियो । उक्त कार्यक्रममा शेर्पा जातिको नृत्य एवं स्थानिय कलाकारहरूले गीत र नृत्य पनि प्रस्तुत भएका थिए । 'सयौं फूलका थुँगा हामी' गीत प्रस्तुत गरेर कलाकारहरूले कार्यक्रमको बिट मारेका थिए ।

कार्यक्रममा विभिन्न संघ-संस्था, विद्यालयलगायत आइतबारे हाट भर्न आएका गाउँलेहरूको बाक्लो उपस्थिाति थियो । नेपालका अन्य दुई जिल्लालगायत इलामबाट प्रारम्भ हुने जनयात्रा-२०६४ का सहभागीहरूलाई शुभकामना दिँदै कार्यक्रम सम्पन्न भएको थियो । १३ दिने जनयात्राका क्रममा सहभागीहरूले विभिन्न प्रस्तुतिमार्फत संविधानसभा निर्वाचनसम्बन्धी जनचेतना फैलाउनेछन् ।

-शिव मुखिया

# तपाईं प्रधानमन्त्री भए के गर्नुहुन्छ ?

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला। प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ। एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ।

१. केटा र केटीका लागि विवाह गर्ने उचित उमेर कुन हो ? किन ?
२. बुद्धि ठूलो कि बल ? किन ?
३. देशभक्ति के हो ?
४. देशबाट हिंसा अन्त्य गर्न के गर्नुपर्छ ?
५. के स्वर्ग-नर्क भन्ने कुरा हुन्छ ? कस्तो हुन्छ वा किन हुँदैन ?
६. अहिलेकी आकर्षक (सेक्सी) नेपाली नायिका को हुन् र किन ?
७. प्रेममा धोका हुने कारण के हो ?
८. तपाईंलाई मन पर्ने खेलाडी को हुन् ? किन ?
९. तपाईं मन्त्री हुनुभयो भने कुन मन्त्रालय रोज्नुहुन्छ, किन ?
१०. दसैं र तिहारको परम्परालाई समय सुहाउँदो बनाउन के गर्नु पर्ला ?
११. प्रेममा किन मर्ने-मार्ने कसम खाइन्छ ?

## यौन जिज्ञासा र समाधान

डा. राजेन्द्र भद्रा





[redacted]

















# आहा !लाहुरेको कमाइ



**शिव शर्मा**

पोखरा- आकर्षक र चिरिच्याट्ट परेको बंगला। पोखरा झरेपछि हरेकको मुखबाट निस्किहाल्छ- 'आहा कति राम्रो लाहुरे घर !' पोखराको सुन्दरतामा यहाँ बनेका चित्ताकर्षक लाहुरे घरहरूले रौनक थपेका छन्। ठूलो गेटभित्र प्रवेश गरेपछि घरअगाडि बगैंचा अनि पार्किङ गरेर राखिएको गाडीसँगै लाहुरे घरको चिनारी झल्कन्छ। झट्ट हेर्दा विदेशी बंगलाजस्ता लाग्ने लाहुरे घरहरू देखेर बाहिरबाट आउनेहरू पनि दंग पर्छन्। विदेशी भूमिमा ज्यानको बाजी लाएर कमाएको अधिंकाश सम्पत्ति लाहुरेहरूले घर निर्माणमै खर्चिएका छन्। पूर्व ब्रिटिस आर्मी ललितबहादुर गुरुङले आफूले कमाएको अधिकांश लगानी घरमै गरे। २० वर्ष सेवा गरेर अवकाश पाएपछि उनी दोस्रो पटक काम गर्न ब्रुनाई पुगे।

बेलायत र ब्रुनाईमा पसिना बगाएर गरेको कमाइ घर-जग्गामै लगानी गरे। अवकाशपछि उनले आफ्ना लागि मात्र होइन, छोरीका लागिसमेत आकर्षक घर बनाइदिए। आफ्ना लागि करिब १ करोड खर्चेर उनले आकर्षक बंगला नै बनाए। ब्रुनाईमा रहँदा उनी त्यहाँका सुल्तानका कान्छा भाइको अंगरक्षक थिए। कान्छा सुल्तानको आकर्षक बंगलाबाट लोभिएका गुरुङले पोखरा आएपछि त्यस्तै शैलीमा घर निर्माण गरे। ब्रुनाईकै इन्जिनियरले उक्त घरको नक्सा बनाइदिएका हुन्। भित्र-बाहिर मार्बल प्रयोग गरेर बनाइएको उक्त घर विदेशी बंगला भन्दा कम देखिँदैन।

पोखराका अधिकांश लाहुरेले आफनो कमाई लोभलाग्दा घर निर्माणमै खर्चिएका छन्। धेरैको घरको स्टाइल विदेशी रंगरूपकै छन्। अझ रानीपौवा नजिकै सिरमोन्ट ल्यान्ड, लालीगुराँस नजिकैको सिंगापुरे टोल, मिलनटोल आदि ठाउँमा पुगेपछि एक पटक जसको पनि आँखा एकटकले त्यतै तानिन्छ। वास्तविक लाहुरे बस्तीको झझल्को यी ठाउँहरूमा पुगेपछि अनुभव गर्न सकिन्छ। बेलायत, ब्रुनाई, सिंगापुर, हङकङ आदि मुलुकमा यहाँका बासिन्दाहरू लाहुरे भएर गएका छन्। विदेशीकै देखासिकीमा रिटायर्ड भएपछि सुविधासम्पन्न घर बनाएर नयाँ जीवनशैली अपनाउने लाहुरेहरूको जमात पोखरामा ठूलो छ।

लाहुरेहरूले कमाइको अधिंकाश भाग घरमै खर्चिए, बंगलामुखी घरका मालिक गुरुङ भन्दै थिए- 'लाहुरेले बिजनेस गर्न जान्दैन, धेरैले सौखका रूपमा घरमै पैसा सिध्याएका छन्।' अवकाशपछि केही लाहुरेले व्यवसाय नगरेका होइनन्, तर उनीहरूले गरेको व्यापार त्यति फस्टाउन नसकेका कारण धेरैजसो लगानी गरेर आफ्नो कमाइ डुबाउन चाहँदैनन्। फौजमा एक्लै लड्ने बानी परेका लाहुरेहरूसँग उद्योग, व्यापार, व्यवसायको अनुभव पनि हुँदैन।


त्यही भएर लगानी खेर जाने डर हुन्छ, यस्तो 'रिक्स' उनीहरू मोल्न चाहँदैनन्, भर्खर अवकाश पाएका एक ब्रिटिस लाहुरेले साप्ताहिकसँग भने– 'बरु लाहुरेहरू घर-घडेरीमै खर्च गरेर आफनो कमाइ सुरक्षित गर्न चाहन्छन्।' तर यो कुरा चार वर्षअघि सिंगापुरबाट अवकाश पाएका किशोर गुरुङ मान्न तयार छैनन्। उनले अवकाशपछि आफ्नो कमाइ बैंकिङ र हाइड्रोपावरमा लगानी गरेका छन्। गुरुङ भन्दै थिए- 'घर खेत नडुबोस् भनेर एक्लैभन्दा पनि धेरैसँग मिलेर लगानी गरेको हुँ, तर यसरी लगानी गर्ने लाहुरेहरूको संख्या औंलामा गन्न सकिन्छ।

लाहुरेहरूको जीवनशैली पनि उस्तै सौखिन हुने गरेको छ। उच्चस्तरीय जीवनशैली पनि उनीहरूको भिन्न पहिचान हो। छोराछोरीहरूलाई महँगा स्कुल-कलेज पढाउनु र उनीहरूको इच्छा पूरा गरिदिनु पनि लाहुरे बाबुहरूको विशेषता नै हो।



नयाँगाउँ पोखराका ६३ वर्षीय पूर्वलाहुरे मानबहादुर गुरुङको पनि हेर्दै लोभलाग्दो बंगला छ। अवकाशपछि व्यापार-व्यवसायमा लगानी गर्नेतर्फ उनको ध्यान पटक्कै गएन। अवकाशपछि आकर्षक घर बनाउने धोको पनि पूरा भयो, लामो सुस्केरा हाल्दै गुरुङले भने- 'दुःख गरेर कमाएको धन घरमा लगानी गर्दा आनन्द लागेको छ।'

## साप्ताहिक रंग भर प्रतियोगिता - ४



**प्रतियोगीको नाम : इभान प्रजापति**

**कक्षा : ६**

**विद्यालयको नाम : विनायक सुधा निकेतन, काठमाडौं**

# पुरुषहरूको आकर्षणको केन्द्रबिन्दु



सुन्दर बन्ने अथवा सुन्दर देखिने चाहना नारीमा मात्र होइन, पुरुषमा पनि त्यत्तिकै हुन्छ भन्ने उदाहरण हिजोआज बजारमा पुरुषहरूलाई लक्षित गरी आएका सौन्दर्य प्रसाधनहरूबाट पनि पुष्टि हुन्छ। वास्तवमा हरेक पुरुष आफूभित्र विद्यमान सौन्दर्य चाहनालाई प्रकट गर्न लालायित रहन्छन्, यदि यसो नहुँदो हो त फेसनका लागि पुरुषहरू किन मरिहत्ते गर्थे ?

समीर, भर्खर बैंसको सँघारमा टेकेका छन्, उनले कलेज लाइफलाई हालैको सेसनबाट अँगालेका छन्, उनको अनुभवमा हरेक पुरुष राम्रो देखिन चाहन्छन् र त्यसका लागि उनीहरू आफ्नो पहिरनमा विशेष ध्यान दिन्छन्। यस्तै अनुभव विकासको पनि छ, उनको भनाइअनुसार ड्रेस म्याचिङ नै गरेर लगाउनुपर्छ भन्ने नै चाहिं छैन तर डिजाइन यस्तो हुनुपर्छ जसले आफ्नो लुक झल्काएको होस्।

समीरको धारणा तथा अनुभव आजको पुस्ताको प्रतिनिधिमूलक भनाइ हो, जसभित्र युवा पुरुषहरूको पहिरनप्रतिको चाहना प्रतिविम्बित भएको छ। स्प्रिङउड, स्वदेशमै निर्मित त्यस्तो परिधान हो जसमा यी चाहनाहरूलाई समेटिएको छ र हरेकलाई मौसमअनुसार आकर्षक लुक दिने गरी तयार पारिएको छ अर्थात स्प्रिङउडमा विविधता, विशेषता अनि विलक्षणता छ। यसमा रंगहरूको व्यापकता रहनुका साथै यो विभिन्न धर्के, वर्गाकार तथा सादा (एकै रंगका) डिजाइनमा उपलब्ध छ। यसका अतिरिक्त यो परिधान खास रूपमा उच्च कोटिको फेब्रिकबाट तयार पारिएको छ भने सुलभ मूल्य भएकै कारण हरेक वर्गका उपभोक्ताले यसलाई सजिलै आफ्नो बनाउन सक्छन्।

काठमाडौंको व्यस्त बजारमा स्प्रिङउडकै प्यान्ट र सर्ट खरिद गरिरहेकी श्वेताले आफ्नो जीवनसाथीलाई बर्थ डे गिफ्ट दिन ती पहिरन किनेको बताइन्। यो सर्टमा उहाँको व्यक्तित्व अझ निखारिने उनको विश्वास थियो। बर्थ डेका लागि होस् वा अन्य खुसीका अवसरहरूमा पुरुषहरूले यस्तै ब्रान्डेड सर्ट उपहारमा पाउन थालेका छन्। कार्यालय समयका लागि, पार्टीका लागि, घरका लागि वा अन्य अनौपचारिक वा औपचारिक कार्यका लागि उपयुक्त हुने प्यान्ट र सर्टहरू छनौट गर्न सकिने भएकाले नै बजारमा ब्रान्डेड पहिरनको माग दिन-प्रतिदिन बढ्दै गएको विक्रेताहरूको धारणा छ। हाल बजारमा कटन, पोलिस्टर कटन, कटन क्लिरा तथा कटन स्पान्डेक्सबाट निर्मित स्प्रिङउड ब्रान्डका प्यान्ट तथा सर्टहरू उपलब्ध छन् भने सर्ट ४ सय ५० रुपैयाँदेखि ७ सय ५० रुपैयाँसम्ममा र प्यान्ट ६ सय ५० रुपैयाँदेखि ७ सय ५० रुपैयाँसम्ममा खरिद गर्न सकिन्छ। २ सय ९५ तथा ४ सय ५० रुपैयाँ पर्ने स्प्रिङउड टि-सर्टहरू विभिन्न रंगमा उपलब्ध छन्। स्प्रिङउडका जिन्स पाइन्ट ७ सय ९५ रुपैयाँ तथा कार्गो पाइन्ट ८ सय ७५ देखि १ हजार ७५ रुपैयाँसम्ममा उपलब्ध छन्।

स्प्रिङउडलाई नेपालको एक अग्रणी औद्योगिक प्रतिष्ठान सूर्य नेपाल प्रा.लि.ले अत्याधुनिक कारखानामा आधुनिक डिजाइनर तथा दक्ष प्राविधिकहरूको रोहवरमा बजारको मागअनुसार डिजाइन एवं उत्पादन गरी नेपाली बजारमा बिक्री वितरण गर्दै आएको छ। विश्वका केही सर्वश्रेष्ठ कारखानाबाट आयात गरिएका उच्चस्तरीय धागोबाट तयार पारिएको, यसका डिजाइनहरू र सिलाइ सूर्य नेपालको कम्प्युटराइज्ड डिजाइन विकास सेलको विशेष रेखदेखमा नेपाली उपभोक्ताहरूको शारीरिक बनौट एवं आकारअनुरूप राम्रोसँग फिट हुने गरी बनाइएकाले यसको गुणस्तर उच्चकोटिको भएको यसका निर्माताहरूको दाबी छ। यसको सम्पूर्ण तयारी प्रक्रिया अत्यन्त दक्ष एवं प्रशिक्षित गार्मेन्ट इन्जिनियर तथा गुणस्तर सुपरिवेक्षकहरू संलग्न रहेको सूर्य नेपालको गुणस्तर निर्धारण समूहको प्रत्यक्ष निगरानीमा सम्पन्न हने हुँदा कारखानाबाट निम्न गुणस्तरको उत्पादन बजारसम्म आई नै नपुग्ने कम्पनीले बताएको छ।

आजका युवापुस्ता आफ्नो व्यक्तित्वप्रति खास ध्यान राख्छन् र त्यसका लागि आफ्नो पोसाकमा समेत विचार पुऱ्याउँछन्। यति मात्र नभै उनीहरूका प्रेमिका वा जीवनसाथीले समेत उनीहरूको पोसाकप्रति विशेष ध्यान पुऱ्याउन थालेका छन्। सम्भवतः नारी मात्र सुन्दर हुनुपर्छ भन्ने सोचमा आएको परिवर्तनकै परिणाम हो यो। स्प्रिङउड यही परिणामको उपज हो जसले आजका हरेक पुरुषको व्यक्तित्व एवं शारीरिक बनौट सुहाउँदो प्यान्ट, सर्ट तयार गरेर युवा पुस्ताको मन जित्ने प्रयास गरेको छ।

स्प्रिङउडको बजार प्रवर्द्धन प्रारम्भ भएदेखि नै यसको बिक्री गर्दै आएका थिम स्टोरका सचितका अनुसार यस पटकको गर्मीयाममा हल्का रंगका हाफ सर्टहरू अनि प्यान्टहरूको बिक्री अत्यधिक भयो। उनको अनुभवमा नेपाली पोसाकप्रति यति चासो देखिएको यो आफैंमा एउटा रेकर्ड हो। उनले आफ्नो पसलमा अन्य ब्रान्डको तुलनामा स्प्रिङउड ब्रान्डलाई नै प्राथमिकता दिएर सजाएका छन्।



# के गर्दैछन् उपेन्द्रमान ?

**रामप्रसाद धिताल**

२०६२ सालको उत्कृष्ट फुटबलरको उपाधिसहित कार उपहार पाएका फुटबल खेलाडी उपेन्द्रमान सिंह अहिले के गर्दै होलान् ? त्यसपछि सञ्चारमाध्यममा विरलै देखिएका सिंह कतै सुस्ताएका त होइनन् ? तर होइन, उनी हाल सानोठिमीस्थित गठ्ठाघर चौरमा किशोरहरूलाई फुटबल प्रशिक्षण दिन व्यस्त छन्, त्यो पनि स्वयंसेवीका रूपमा ।

उनको संयोजकत्वमा खोलिएको मध्यपुर युथ एसोसियसन नामको संस्थामा उपेन्द्रलगायत 'ए' डिभिजनका अन्य सातजना खेलाडीले सघाइरहेका छन् । फुटबल प्रशिक्षण लिने मध्यपुर नगरभरिका करिब ३ सय जना छन् । १० देखि १२ वर्षको समूहलाई १ दिन, १२ देखि १४ वर्षसम्मको समूहलाई १ दिन र १४ देखि २० वर्षसम्मका समूहलाई १ दिन गरी प्रशिक्षण दिइरहेको सिंह बताउँछन् । यो संस्थाले गत माघदेखि सञ्चालन गरेको आधारभूत फुटबल अभ्यास तालिम १ वर्षसम्म चल्नेछ । १ वर्षपछि उत्कृष्ट खेलाडी छनौट गरी २५/३० जनालाई खाना, आवास एवं शिक्षाको व्यवस्था गर्ने गरी एकेडेमी नै खोल्ने उद्देश्य छ । किशोरहरूलाई सानै उमेरदेखि फुटवल सिकाएर राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमै सक्षम खेलाडी उत्पादन गर्नु यो कार्यक्रमको प्रमुख उद्देश्य रहेको उपेन्द्रमान सिंह बताउँछन् । अर्कातिर राष्ट्रिय स्तरमै देखिएको लागूपदार्थको कुलतमा लाग्ने समस्या घटाउन पनि यो कार्यक्रम आयोजित गरिएको सिंह प्रस्ट पार्छन् ।

उपत्यकाभित्रकै नगर भएर पनि उचित निर्देशन गर्ने व्यक्तिहरू नभएर ए डिभिजनको क्लबको अभाव खड्किरहेको परिप्रेक्ष्यलाई आत्मसात् गरेर पूर्णतः स्वयंसेवकका रूपमा लागिरहेको सिंह बताउँछन् । खेलाडीहरूबाट मासिक शुल्क उठाइएको न्यून रकम र विज्ञापनबाट प्राप्त हुने भनेर सम्झौता गरिएका दस विद्यालयमध्ये प्रत्येकबाट प्राप्त हुने ३ हजार रुपैयाँबाहेक कुनै स्रोत छैन । स्थानीय तवरमा मध्यपुर नगरपालिका यो कार्यक्रमप्रति सकारात्मक भएको उपेन्द्र बताउँछन् ।

प्रथम भोटेकोसी गोल्डकपमा यो एसोसिएसनबाट छानिएका खेलाडीहरूले दोस्रो स्थान प्राप्त गरेका थिए । यही एसोसियनबाट छानिएका एसओएस हर्मन माइनर सानोठिमीमा अध्ययनरत विक्रम लामाले बंगलादेशमा सञ्चालित एएफसी अन्डर १३ मा भाग लिए । उपेन्द्र यति छोटो समयमै खेल प्रदर्शन गर्न बंगलादेशसम्म पुग्नु नै आफ्नो ठूलो उपलब्धि मान्छन् । यसैगरी हालै सञ्चालित एन्फा एकेडेमीको छनौटमा परेका सात जना खेलाडी फाइनलसम्म पुगे पनि उमेर आदि विभिन्न कारणले उत्कृष्ट प्रदर्शन गर्न नसकेको खेलाडीहरू बताउँछन् ।

हाम्रो समाजमा अझै पनि खेल र पढाइलाई सँगै लान सकिँदैन भन्ने धारणा पाइन्छ । फुटबलमा लागे पढाइ बिग्रन्छ भन्ने परम्परागत मान्यतालाई नकार्दै सिंह भन्छन्– शिक्षाबिना खेलकुदको विकास हुँदैन भन्ने मान्यतालाई हामीले आत्मसात् गरेका छौं । खेलाडी स्वस्थ हुनुपर्छ भन्ने मान्यतालाई आत्मसात गर्दै संस्थाले विभिन्न समयमा विशेषज्ञ ल्याएर खेलाडीहरूको स्वास्थ्य परीक्षणसमेत गर्दै आएको छ ।

प्रत्येक खेलाडीको चार महिनाको उपलब्धि हेरेर समूह छुट्याएर राख्ने गरिएको छ । एउटा समूहमा ३० जनासम्म छन् । खेल्न सुरु गर्नुभन्दा अघि लागुपदार्थ आदि विभिन्न कुलतमा लागेकाहरू सुध्रिएका छन् । कतिले स्वतःस्फूर्त रूपमा आइन्दा कुलतमा नलाग्ने प्रतिबद्धता व्यक्त गरेको देख्दा सिंह प्रसन्नता व्यक्त गर्छन । सिंह भन्छन्- एउटा सक्षम खेलाडी मात्र नभै अनुशासित, आत्मविश्वासी एवं बाटो बिराएकाहरूलाई सही मार्गमा ल्याउनु हाम्रो उद्देश्य हो ।

आफ्नो यो प्रयासलाई मध्यपुरभरिका खेलक्षेत्रका व्यक्तित्व, सर्वसाधारण एवं राजनीतिज्ञहरूले सहयोग गरिरहेको सिंह बताउँछन् । गठ्ठाघर सैनिक ब्यारेकले समेत सरसफाइलगायत आवश्यक पर्दा मेच, टेबुल, टेन्ट आदि उपलब्ध गराएर सहयोग गर्दै आएको उनले बताए । अहिलेसम्म अन्य प्रशिक्षकहरूले आफ्नो कार्यमा सहयोग गरे पनि सधैं स्वयंसेवी मात्र भएर काम गरिरहन नसक्ने सत्यतालाई सिंह नकार्दैनन् ।

सिंह दसैंअघि नै स्कुल स्तरीय प्रतियोगिता गर्ने गृहकार्यमा छन् । तयारीस्वरूप प्रशिक्षण दिइरहेको चौरको रंगरूप फेर्न पनि व्यस्त छन् उनी । अस्तव्यस्त चौरलाई माटो हालेर सम्म बनाइएको बताउँदै सिंह भन्छन्- चौरलाई पूर्ण रूपमा हरियो बनाउने प्रयासमा छौं ।

# ब्याडमिन्टनमा भीडभाड

विराटनगर- हिजोआज विराटनगरको कवर्ड हलमा मोटाघाटा मानिसहरूको जमघट हुन थालेको छ । वास्तविक खेलाडीको तुलनामा गैरखेलाडीले नै मोरङ जिल्ला खेलकुद विकास समितिको कवर्ड हल भरिएको हुन्छ । विभिन्न क्षेत्रका व्यक्तिहरू यसरी भेला भएर शरीर घटाउनकै लागि बिहानभरि ब्याडमिन्टन खेल्छन् । बिहान ५ देखि साढे ९ बजेसम्म हरेक क्षेत्रका व्यक्तिले हल भरिएको हुन्छ ।

कवर्ड हलमा दुई डवल र दुई सिंगल कोर्टका नेट लगाइएको छ, जहाँ एकै पटकमा १२ जनाले खेल्न सक्छन् । पालो गरेर खेल्ने भएकाले धेरै जनाले खेल्न पाउँछन् । ब्याडमिन्टन प्रशिक्षक उत्तम सिंखडा एकातिर खेलाडीलाई अभ्यास गराइरहेका हुन्छन भने अर्कातर्फ अधबैंसे खेलाडीहरू आफ्नै तालमा खेलिरहेका हुन्छन् । र्‍याकेट समात्नै नजान्ने देखि अन्तर्राष्ट्रिय प्रतियोगिता खेलिसकेका खेलाडीहरू यहाँ बिहानभरि अभ्यासरत हुन्छन् ।

वर्षाको मौसममा चौरमा पानी जमेकाले अन्य खेलका खेलाडीहरू पनि कवर्ड हलमा ब्याडमिन्टन खेल्न आउँछन् । कराँते, क्रिकेट, फुटबल, भलिबलजस्ता खेलका खेलाडी तथा प्रशिक्षकहरू मौसमकै कारण ब्याडमिन्टन खेल्छन् । यहाँबाट धेरै राम्रा खेलाडी उत्पादन भैसकेका छन् । प्रशिक्षक सिंखडाका अनुसार, विराटनगरका ब्याडमिन्टन



खेलाडीहरूले अन्तर्राष्ट्रिय प्रतिस्पर्धासमेत जितेर नाम कमाइसकेका छन् । खेलाडीबाहेक विभिन्न सरकारी कार्यालयका प्रमुखहरू, प्रहरी, प्रशासनका अधिकृत, उद्योगी, व्यापारी तथा सर्वसाधारणको भीडले कवर्ड हलमा पालो कुरिरहेको भेटिन्छ ।

एसियाली ब्याडमिन्टन महासंघद्वारा प्रमाणित एसियन स्तरका नेपालका एक मात्र निर्णायक लवभक्त श्रेष्ठले खेलको सुरुवात गरेकै विराटनगरको कवर्ड हलबाट हो । हालसम्म नियमित खेलिरहेका श्रेष्ठले ब्याडमिन्टनप्रति आकर्षण बढे पनि यो खेल व्यावसायिक हुन नसकेको बताए । श्रेष्ठ चितवनको भरतपुरमा सम्पन्न ब्याडमिन्टनको राष्ट्रिय प्रतियोगिताका लागि एम्पायर छानिएका थिए ।

ब्याडमिन्टन खेलले शरीरका हरेक अङ्गमा व्यायाम पुग्ने भएकाले बिहानको समय यही खेलमा खर्चने किरणसिंह बस्नेत आफूले तन्दुरुस्तीका लागि खेल्ने गरेको बताउँछन् । उमेर ढल्दै जाँदा विभिन्न रोगले च्याप्ने भएकाले शारीरिक व्यायाम आवश्यक छ । नियमित ब्याडमिन्टन खेल्न थालेकाले शरीरमा स्फूर्ति आउनुका साथै निरोगी रहन सकिएको अधबैंसे खेलाडीहरू बताउँछन् । नियमित खेल्न थालेपछि शरीरको मोटोपन घटेर फूर्ति आएको सुमन अधिकारीको अनुभव छ ।

हाल काठमाडौं उपत्यकाका डिआईजी रमेशकुमार श्रेष्ठ नेपाल ब्याडमिन्टन संघका केन्द्रीय उपाध्यक्ष हुन् । बिदामा विराटनगर घर आउनेबित्तिकै उनको बिहान कवर्ड हलमै बित्छ । ब्याडमिन्टन खेलको बिकासका लागि बिदेशी प्रशिक्षक बोलाएर तालिम दिने गरिएको श्रेष्ठले बताए । ब्याडमिन्टन खेल व्यावसायिक हुन नसकेको बताउँदै उनले यो खेलका खेलाडीले जबसम्म गैरसरकारी संस्थाको संरक्षण पाउँदैनन तबसम्म खेल व्यावसायिक हुन नसक्ने बताए । श्रेष्ठले भने– 'नेपालमा यो खेलबाट मात्रै बाँच्न सक्ने अवस्था छैन ।'

ब्याडमिन्टन संघले सहयोग संकलन गरेर राष्ट्रिय तथा अन्ताराष्ट्रिय खेल गराउँदै आएको छ । संघले नेपालमा बहुउद्देश्यीय तालिम हल निर्माण गर्न पहल गरिरहेको छ । ब्याडमिन्टन खेलको विकासका लागि सरकारी स्तरबाट सहयोग प्राप्त नभएको संघले जनाएको छ ।

**–कमल रिमाल**

## ब्याडमिन्टन प्रतियोगिता सम्पन्न

धनकुटा- धनकुटामा एक सातादेखि सञ्चालन भैरहेको खुला ब्याडमिन्टन प्रतियोगिता सम्पन्न भएको छ । प्रतिस्पर्धामा भेट्रान डबल्सतर्फको फाइनल खेलमा नरबहादुर केसी र तीर्थ धितालको जोडी प्रथम भएका छन । त्यसैगरी भेट्रान डबल्सतर्फको फाइनल खेलमा नरबहादुर केसी र तीर्थ धितालको जोडीले मिङ्मादोर्जी शेर्पा र बुद्धिमान लिम्बूको जोडीलाई बेस्टप थ्रीको खेलमा पराजित गरी प्रथम भएका छन् । त्यस्तै अर्को खुला डबल्स तर्फको फाइनलमा योगेश्वर श्रेष्ठ र शिखर श्रेष्ठको जोडीले गोविन्द खत्री र नवीन प्रधानको जोडीलाई सिधासेटमा पराजित गर्दै प्रथम भए ।

भेट्रान डबल्सतर्फको फाइनल खेलको प्रथम खेल र तेस्रो खेलमा नरबहादुर केसी र तीर्थ धितालको जोडीले १५, ३ र १५, ११ को अन्तरले पराजित गरेका थिए भने दोस्रो खेलमा मिङ्मा दोर्जी शेर्पा र बुद्धिमान लिम्बूले ६, १५ मा एक गेम गरेका थिए ।

यस्तै खुला डबल्सतर्फको खेलमा योगेश्वर श्रेष्ठ र शिखर श्रेष्ठको जोडी गोविन्द खत्री र नवीन प्रधानको जोडीलाई सिधा सेटमा १५, १० र १५, ११ ले पराजित गर्दै प्रथम भए । निजामती सेवा दिवसको अवसरमा अधिकृत संगम धनकुटाको आयोजना तथा ब्याडमिन्टन संघ धनकुटाको सहयोगमा सञ्चालित प्रतियोगिताका विजयी खेलाडी तथा टिमलाई क्षेत्रीय प्रशासक गणेशबहादुर खत्रीले पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

**–भिषा काफ्ले**

# प्रारम्भ भयो ट्वान्टी–२० विश्वकप



आयोजक दक्षिण अफ्रिका र वेस्टइन्डिजबीच भएको उद्घाटन खेलसँगै ट्वान्टी–२० विश्वकप क्रिकेट प्रतियोगिताको औपचारिक प्रारम्भ भएको छ। दक्षिणअफ्रिकाका ३ सहर केपटाउन, जोहान्सवर्ग तथा डर्बनमा आगामी असोज ७ गतेसम्म चल्ने यो विश्वकपको सफलताले क्रिकेटको नयाँ स्वरूपको भविष्य पनि निर्धारण गर्नेछ। जोहान्सवर्गमा खेलिएको ट्वान्टी–२० विश्वकपको उद्घाटन खेलमा वेस्टइन्डिज आयोजक दक्षिण अफ्रिकाबाट पराजित भए पनि वेस्टइन्डिजका प्रारम्भिक ब्याट्सम्यान क्रिस ग्याले ट्वान्टी–२० क्रिकेटको इतिहासमा एउटा नयाँ पाना थपेका छन्।

आयोजकहरूले अपेक्षा गरेभन्दा बढी दर्शक जुटेको जोहान्सवर्गको वान्डर्रस रंगशालामा क्रिस ग्यालेले ट्वान्टी–२० विश्वकपको उद्घाटन खेलमा ट्वान्टी–२० क्रिकेटकै पहिलो अन्तर्राष्ट्रिय सतक प्रहार गरेर आफूलाई ट्वान्टी–२० क्रिकेटको ऐतिहासिक व्यक्तित्वका रूपमा स्थापित गरे। वान्डर्रसमा क्रिस ग्यालेले ५७ बलमै १ सय १७ रन बनाएर आफ्नो टिमका लागि बलियो आधार तयार पारेका थिए। त्यस क्रममा ग्यालेले १० वटा छक्का र ७ वटा चौका प्रहार गरेका थिए। क्रिस ग्यालेले १ सय १७ रन बनाउनुअघि ट्वान्टी–२० क्रिकेटमा उच्चत्तम व्यक्तिगत रन अस्ट्रेलियाका रिकी पोन्टिङका नाममा थियो। रिकी पोन्टिङले यसअघि ट्वान्टी–२० क्रिकेटको उच्चतम ९८ रनका बनाएका थिए। त्यसबाहेक क्रिस ग्यालेले प्रहार गरेको १० वटा छक्का पनि ट्वान्टी–२० क्रिकेटको एउटै खेलमा प्रहार गरिएको सर्वाधिक छक्काका रूपमा कीर्तिमानका रूपमा रहनेछ।

वान्डर्रसमा खेलिएको पहिलो खेलमा वेस्ट इन्डिजले पहिले ब्याटिङ गर्दै २० ओभरमा प्रतिओभर १० दशमलव २५ रनका दरले २ सय ५ रन बनाएको थियो। सामान्यतः क्रिकेटमा असम्भवजस्तो लाग्ने यो स्कोरलाई पछ्याउँदै दक्षिण अफ्रिकाले हर्सेल गिब्सको अविजित ९० रनको सहयोगमा १७ दशमलव ४ ओभरमै ११ दशमलव ७७ रन प्रतिओभरको दरले २ सय ८ रन बनाएर खेल आफ्नो पक्षमा पारेको थियो। खेलमा वेस्टइन्डिज पराजित भए पनि वेस्टइन्डिजका क्रिस ग्याले म्यान अफ द म्याचका रूपमा सम्मानित भए।

## ट्वान्टी–२० क्रिकेटमा नेपाल पनि

काठमाडौं– नेपालले पनि ट्वान्टी– २० क्रिकेट प्रतियोगितामा पहिलो पटक सहभागिता गर्ने भएको छ। एसियाली क्रिकेट काउन्सिलले विश्वमा ट्वान्टी–२० क्रिकेट प्रतियोगिताको लहर बढ्दै गएपछि विगत ३ वर्षदेखि आयोजना हुँदै आएको एसीसी प्रिमियर लिग क्रिकेट प्रतियोगिताको स्वरूप परिवर्तन गरेर ट्वान्टी–२० क्रिकेटको अवधारणा ल्याएपछि नेपालले पनि ट्वान्टी–२० क्रिकेट खेल्ने भएको हो।

उक्त प्रतियोगिताका लागि हालै मलेसियामा भएको ड्रमा नेपाल समूह 'ए' मा परेको छ। यो समूहमा अफगानिस्तान, मलेसिया, ओमान र कतार छन्। यसैगरी समूह 'बी' मा साउदी अरेबिया, सिंगापुर, संयुक्त अरब इमिरेट्स, हङकङ र कुवेत छन्। कात्तिक १० गतेदेखि १६ गतेसम्म कुवेतमा आयोजना हुने उक्त प्रतियोगितामार्फत नेपाल ट्वान्टी–२० क्रिकेटको अन्तर्राष्ट्रिय प्रतियोगितामा प्रवेश गर्नेछ।

## गाविस कप फुटबल

गाईघाट– उदयपुर जिल्लामै पहिलो पटक भदौ १५ गतेदेखि जोगिदहको जनता माध्यमिक विद्यालयको मैदानमा गाविसस्तरीय नकआउट फुटबल प्रतियोगिता सुरु भएको छ। २० वटा गाविस तथा १५ वटा विभिन्न क्लबको सहभागिता रहेको यो प्रतियोगिताको फाइनल आगामी असोज २ गते हुने आयोजक ब्वाइज क्लबका सचिव सुनील अधिकारीले बताए। खेलप्रेमीहरूको उल्लेख्य उपस्थितिमा सञ्चालन भैरहेको प्रतियोगितामा विजयी गाविस र क्लबले नगद ५ हजारसहित शिल्ड तथा पदक पाउनेछन्।

–विमल खतिवडा

## शारीरिक सुसंगठन कमिटी

धनकुटा– धनकुटा जिल्ला खेलकुद विकास समितिले शारीरिक सुसंगठन जिल्ला कमिटी गठन गरेको छ। उक्त जिल्ला कमिटीमा कुमार दाहाल अध्यक्ष, उपाध्यक्षहरू रोशनराज श्रेष्ठ (कान्छा) र शेखर श्रेष्ठ रहेका छन् भने सचिव तथा कोषाध्यक्षमा क्रमशः विनय प्रधान र नेहा श्रेष्ठ रहेका छन्। त्यसैगरी सदस्यहरूमा अभिषेक कर्मचार्य, दोर्ण राई, कृष्णशंकर श्रेष्ठ, अञ्जु दाहाल, विजयशेखर श्रेष्ठ, विपिन श्रेष्ठ छन् भने सल्लाहकारमा मुकेश श्रेष्ठ, पीयूस श्रेष्ठ, पुष्कर जोशी र घनश्याम श्रेष्ठ रहेका छन्। अन्य दुई जना सल्लाहकार भने जिल्ला खेलकुद विकास समितिले मनोनयन गर्ने बताइछ।

## टेबुलटेनिस प्रतियोगिता

बुटवल– मणिमुकुन्द लायन्स क्लब बुटवलको आयोजनामा विद्यालय तथा कलेजस्तरीय टेबुलटेनिस प्रतियोगिता गत शनिबार बुटवलमा सम्पन्न भएको छ। विश्व हिन्दु महासंघको हलमा दुई दिन चलेको प्रतियोगिताको फाइनलमा विद्यालयतर्फ मुनाल बोर्डिङ स्कुल ४ स्वर्ण, १ रजत र २ कांस्यसहित प्रथम, न्यु होराइजन बोर्डिङ २ स्वर्ण र ३ कांस्यसहित द्वितीय तथा इलिट बोर्डिङ स्कुल ३ रजत र ३ कांस्यसहित तृतीय भए। यस्तै कलेजतर्फ न्यू होराइजन कलेज २ स्वर्ण, १ रजत, १ कांस्यसहित प्रथम, ग्लोरियस कलेज २ स्वर्ण, १ कांस्यसहित द्वितीय तथा सनसाइन कलेज १ रजत, ३ कांस्यसहित तृतीय भए।

प्रतियोगितामा विद्यालयतर्फ मुनाल बोर्डिङका रमेश न्यौपाने र न्यू होराइजनका प्रिज्मा घिमिरे तथा कलेजतर्फ मणिमुकुन्द कलेजका अर्जुन श्रेष्ठ र सनसाइन कलेजकी प्रतिभा अधिकारी उत्कृष्ट खेलाडी घोषित भए। प्रतियोगितामा बुटवल र भैरहवाका १३ विद्यालय तथा ६ वटा कलेजका १ सय ८० जना खेलाडी सहभागी थिए।

# मैदान बाहिर

## टुट्यो राजकुमारीको सपना



स्वीस टेनिस खेलाडी मार्टिना हिंगिसलाई कुनै समय टेनिस खेलकी राजकुमारीको उपनाम दिइएको थियो। स्विस सुन्दरी हिंगिस रूपमा जति राम्री थिइन् कोर्टमा अझ राम्री देखिन्थिन्, तर कतिपय व्यक्ति उनलाइ अलच्छिन पनि मान्थे। राम्री भएका कारण उनीसँग जसले मायापिरती राख्थे त्यो व्यक्ति बिमारी पर्थ्यो। यो एउटा संयोग होला तर यस्ता घटना दोहोरिए। यस्ता घटनासँग गाँसिए पनि उनले टेनिस खेलाडी रोडेक स्टेपानेकसँग गहिरो प्रेममा गरेकी थिइन्। उनीहरूले आफ्नो प्रेमलाई निरन्तरता दिन करिब ९ महिनाअघि एक–अर्कालाई स्वयंवरको औंठी लगाइदिएका थिए। चेक गणतन्त्रका रोडेक तथा स्वीजरल्यान्डकी मार्टिनाले वैवाहिक बन्धनमा बाँधिने निर्णय गरे पनि तत्काल विवाह भने नहुने कुरा महिला टेनिस संघले जनाएको थियो, तर २६ वर्षीय रोडेकले हालै कन्ट्याक म्युजिकलाई अन्तर्वार्ता दिँदै आफ्नो र हिंगिसबीचको सम्बन्ध अघि नबढ्ने बताएका छन्। आफूहरूबीच राम्रो मित्रता भने कायमै रहने रोडेकले बताए। टेनिसकी राजकुमारीको प्रेमको यो दुःखद अन्त्यले टेनिस प्रेमीहरूलाई समेत दुःखी तुल्याएको छ।

## सारापोभा मरेको भ्यागुता हुन्छिन्



यो समाचार तपाईंका लागि दुखद हुनसक्छ– यदि तपाईं रूसी टेनिस सुन्दरी मारिया सारापोभालाई आफ्नी प्रेमिका बनाउने कल्पना गर्नुहुन्छ भने। किनकि उनको गहिरो प्रेम मारोन फाइभ नामक सांगीतिक समूहका गायक एडम लेभिनसँग बसिसकेको छ र उनीहरू आफ्नो प्रेमलाई प्रगाढ बनाउन एउटै कोठामा रातसमेत बिताउँछन्। मारियासँग बिताएका रातका बारेमा 'द सन्' पत्रिकालाई बताउँदै लेभिनले उनलाई 'खतरनाक प्रेमिका' को संज्ञा दिएका छन्। सारापोभासँग यौनक्रीडा गर्दा उनको निर्देशनमा रहनुपर्ने खुलासा लेभिनले गरेका छन्। उनी यौनसम्पर्कका बेला आवाज निकाल्न चाहन्नन्। उनी मैले पनि त्यस्तो आवाज निकालेको सुन्न चाहँदिनन्। टेनिस कोर्टमा सबैभन्दा ठूलो आवाज निकाल्ने खेलाडी भएका कारण मलाई उनी ओछ्यानमा पनि त्यसै गर्छिन् भन्ने लाग्थ्यो, तर यो गलत रहेछ। लेभिन भन्छन्– उनी ओछ्यानमा आत्मीय प्रेम गर्दा मरेको भ्यागुतोतुल्य हुन्छिन् अर्थात् कुनै किसिमको क्रिया–प्रतिक्रिया देखाउँदिनन्। मारियाको १८ औं जन्मोत्सवमा पहिलो पटक भेट भएपछि सन् २००५ देखि उनीहरूको प्रेम सुरु भएको हो। यो अनुभव 'द सन्' मा प्रकाशित भएपछि मारोनका प्रवक्ताले उक्त अन्तर्वार्तालाई नै गलत बताएका छन्।

## प्रसंग कतिपय





विक्रम राई

हुनेहरूका लागि काठमाडौंको प्रत्येक साँझ रंगीन हुन्छ । त्यसमा पनि शुक्रबारको साँझ अझ बढी मादक हुन्छ । कतिपयले साताभरिको थकान ह्विस्की र बारबी क्युसित यही साँझ मिलान गर्छन् भने कोही भोलि आउने शनिबारको छुट्टीलाई सम्झेर रोमाञ्चित देखिन्छन् । चाहे त्यो जागिरे होस् वा साहुजी, मजदुर होस् वा मालिक अथवा नेता-अभिनेता सबैलाई यो शुक्रबारको साँझले हल्का अनि रिल्याक्स महसुस गराउँछ । राजनैतिक वृत्तमा यो बारको साँझले अझ बढी महत्त्व बोकेको छ । यो साँझ राजधानीका प्राय:जसो ठाउँ भोग्न योग्य हुन्छन् तथापि न्युरोड, दरबारमार्ग र ठमेलको विशेषता अलिक बेग्लै वा बढी भएकाले त्यहाँ भोगीहरूको भीड नै लाग्छ । सहरभरि फैलँदै गएको 'बैंकक नाइट' मा प्रहरीहरूले एक्कासि हस्तक्षेप गरेपछि रसिकहरूलाई गाऱ्हो परिरहेको अवस्थामा साताामा एक दिन आउने साँझले हल्का भए पनि राहत दिएको छ । हुनत खाने-पिउनेहरूका लागि सधैं नै गुड फ्राइडे हुन्छ । भन्नेहरू त काठमाडौंमा नाइट लाइफ नै छैन पनि भन्छन् तर छिमेकीहरूले 'सूर्य अस्त, नेपाल मस्त' यहाँ आएर देखेर वा भोगेर नै भनेका होलान् !

शुक्रबार साँझ रेस्टुराँको बारभित्र सामन्ती राज्य व्यवस्थालाई समूल नष्ट गर्नेहरूको पनि भीड बढेको छ । अब लोकतन्त्रवादी वा समाजवादीहरूले चिन्तन गर्ने यो ठाउँमा साम्यवादीहरूको कब्जा हुने सम्भावना देखिँदैछ । शुक्रबार जागरणले युवाहरूमा विशेष प्रकारको आन्दोलन पनि सिर्जना गरेको छ, जसले गर्दा साँझपखको भीड थप सुदृढ भएको छ । त्यसमाथि अहिले काठमाडौंको ट्राफिक पनि आफैं नियन्त्रित हुँदै गएको छ । सडकमा कुद्ने गाडीहरू सबै पेट्रोल पम्पमा लाइन लाग्न थालेपछि सडकको भीड घट्नु अस्वाभाविक होइन । यसले ट्राफिक प्रहरीलाई जति राहत दिएको छ जमघट भ्याउन दौडने युवाहरूलाई त्यति नै सजिलो बनाएको छ । युवाहरू यसै प्रकारले उत्साहित हुँदै जाने हो भने निर्वाचन आयोगले शुक्रबार साँझको अभियान नामक कार्यक्रम नै सुरु गर्न सक्छ, जसको कार्यतालिका निम्नानुसार बनाउन सकिन्छ ।


**अभियानको नाम :**
निर्वाचनका लागि साँझको अभियान

**समय अवधि :**
प्रत्येक शुक्रबार साँझदेखि राति १० बजे सम्म

**मुख्य उद्देश्य :**
निश्चित नभएको संविधानसभाको चुनाव

prasangakatipaya@hotmail.com

# नयाँ मिस टिन छानिइन्



**निर्णायकहरू**
काठमाडौं जेसिजका पूर्वअध्यक्ष- प्रदीपमान वैद्य, मुख्य निर्णायक
प्राध्यापक- कपिल श्रेष्ठ
नेपाल ब्रिटेन सोसाइटीको अध्यक्ष- प्रतिमा पाण्डे
कलाकार- रागिनी उपाध्याय
अधिवक्ता एवं सञ्चारकर्मी- इन्द्र लोहनी
पूर्व मिस नेपाल एवं सञ्चारकर्मी- उषा खड्गी

**कार्यक्रमका उपाधि विजेताहरू**
क्लिन एन्ड क्लियर मिस टिन नेपाल-२००७- आशुषा कार्की
फस्ट रनरअप- प्रेक्षा अधिकारी
सेकेन्ड रनरअप- अनिता सिलवाल
मिस कन्जिनियालिटी- आरती आचार्य
मिस इन्टेलिजेन्ट- कल्पना श्रेष्ठ, मिस कल्चरल ड्रेस- सोनिया श्रेष्ठ
मिस ट्यालेन्ट- अनिशा थापा
मिस पर्सनालिटी- सदिना श्रेष्ठ, मिस फोटोजेनिक- अनिशा थापा

पृष्ठ १ बाट जारी

गरे– डब्ल्यु डब्ल्यु मिस कल्चरल ड्रेस उपाधिका लागि । उक्त चरणको मुख्य आकर्षण थियो परम्परा र आधुनिकताको सम्मिश्रणमा डिजाइन गरिएका विभिन्न पहिरन शैलीहरू, जसअन्तर्गत प्रस्तुत गरिएका अधिकांश पहिरन शैलीमा हाकुपटासी र नेपाली ढाकाको बाहुल्यता थियो । मिस कल्चरल ड्रेसको उपाधि प्रतियोगी नम्बर ५ सेनिया श्रेष्ठले जितिन् । काठमाडौं जेसिजको आयोजनामा सम्पन्न क्लिन एन्ड क्लियर मिस टिन नेपाल प्रतियोगितामा कल्चर ड्रेस राउन्डपछि उत्कृष्ट १० जना



सुन्दरी छनौट भए, जसले उपस्थित निर्णायकहरूको प्रश्नको सामना गरे । त्यसपछि अन्तिम चरणमा पुगेका उत्कृष्ट ७ जना सुन्दरीमध्ये सर्वोत्कृष्ट प्रस्तुति दिएर विजेता बनिन् आयुशा कार्की । आयुशालाई गत वर्षकी मिस टिन नेपाल विजेता खुश्बु ओलीले ताज पहिऱ्याइदिएकी थिइन् ।

हेमराज ज्ञवालीद्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : विनोदराज ज्ञवाली, स्वस्तिका सिरोहिया, सम्पादक : सुवास ढकाल ।